# एकता नै दिव्यता हो

## अध्ययन निर्देशिका

सत्य साई अन्तर्राष्ट्रिय सङ्गठन

©2019 Sathya Sai International Organisation
All Rights Reserved

sathyasai.org



प्रेमावतार

# भगवान् श्री सत्य साई बाबा

का

दिव्य चरणकमलमा प्रेम तथा आदरसहित समर्पित

# विषयसूची

विषयसूची
प्रकाशक (नेपाली संस्करण)को टिप्पणी

**प्रथम खण्ड**

(क) परिचय
एकता के हो — १
एकता किन आवश्यक छ? — ४
(ख) व्यक्तिगत (व्यष्टि) तहमा एकता
विचार, वाणी र कर्ममा एकता — १३
(ग) सामाजिक (समष्टि) तहमा एकता
परिवारमा एकता — १७
श्री सत्य साई सङ्गठनमा एकता — २०
विश्वासमा एकता — २६
समाजमा एकता — ३४
(घ) सिर्जनाको तह (सृष्टि)मा एकता
प्रकृति– भगवान्को उपहार — ४३
(ङ) सर्वोच्च तह (परमेष्टी)मा एकता
एकता नै दिव्यता हो — ४७
एकता नै साई अवतारको उद्देश्य — ६०
(च) निष्कर्ष
हाम्रो लागि उहाँको पहिलो र अन्तिम सन्देश — ६३

**द्वितीय खण्ड**

एकता नै दिव्यता हो — ६६
समाजमा एकताका लागि सेवा कार्यहरू — ७०
व्यक्तिदेखि दिव्यतासम्म — ७८
एकता, पवित्रता र दिव्यताका लागि प्रयत्न गर — ८३
अनेकतामा एकता देख्नु नै वास्तविक आध्यात्मिकता हो — ९४
एकता, पवित्रता र दिव्यता — १०४
साई धर्म — ११३

# भूमिका

*"मैले सिकाएका कुरा अभ्यास गर, त्यही पर्याप्त हुन्छ। मैले भन्ने यति मात्र हो।"*
सत्य साई बाबा, २० अक्टोबर १९६३

प्रेम र सत्यका प्रतिमूर्ति सर्वव्यापी गुरु भगवान् श्री सत्य साई बाबाले हाम्रो आन्तरिक देवत्व अनि सृष्टिमा निहित देवत्व बुझाउनका लागि हामीलाई मानवजीवनको परम र सर्वोच्च लक्ष्यमा पुग्ने मार्गनिर्देश गर्नुभएको छ। आफ्नै कृपाले उहाँले हामीलाई दुई सरल उपायहरू दिनुभएको छ : 'एकता नै दिव्यता हो' र 'पवित्रता नै ज्ञानज्योति हो'। एकता र पवित्रता प्राप्त गर्नका लागि उहाँले चार वटा व्यावहारिक दिव्य आदेश प्रदान गर्नुभयो – सबैलाई प्रेम गर; सबैको सेवा गर; सधैँ मद्दत गर; कहिल्यै चोट नपुर्‍याऊ।

बाबाले आफ्नो पवित्र नाम सत्य साई सङ्गठनलाई दिनुभयो जसमा हामी दाजुभाइ, दिदीबहिनीहरू सँगै आएर सहज रूपमा यी उपाय र दिव्य आदेशहरूलाई अनुसरण गर्दै जीवनको लक्ष्य बुझ्न सक्छौँ। इमान्दारी र पूर्ण आस्थाका साथ उहाँका आदेशलाई तुरुन्त र निःसन्देह अनुसरण गर्ने हो भने अस्तित्वको शिखरमा पुग्न सकिन्छ भन्ने सन्देश उहाँको छ।

यसैगरी श्री सत्य साई अन्तर्राष्ट्रिय सङ्गठनको ११औँ विश्व सम्मेलन **'एकता नै दिव्यता हो'** र **'पवित्रता नै ज्ञानज्योति हो'** भन्ने भगवान्का दुई प्रमुख उपदेशमा केन्द्रित हुनेछ। सत्य साईका सर्वत्र रहेका भक्तहरूलाई आध्यात्मिक यात्रामा सघाउनका लागि बाबाका यी दुई अध्ययन निर्देशिका एकता र पवित्रतामा अत्यावश्यक सन्देश राखेर समेटिएको छ।

## एकता नै दिव्यता हो

पहिलो अध्ययन निर्देशिका 'एकता नै दिव्यता हो'सँग सम्बन्धित छ। स्वामी भन्नुहुन्छ, "ऐनाहरूले घेरिएको ठाउँमा हुँदा हामीले आफ्नै स्वरूपका विभिन्न प्रतिबिम्बहरू

देख्छौँ तर ती प्रतिबिम्बहरू एकै स्वरूपका अनेक छाया मात्र हुन्; व्यक्ति एक मात्र वास्तविक हो।" यस आधारभूत एकताको बोधले नै हाम्रो मनलाई शुद्ध पार्छ। यही पवित्रताका माध्यमबाट हामीले सबै थोक र सबै जना दिव्य हुन् भन्ने बोधका साथ आफ्नै आन्तरिक दिव्यतालाई पनि बुझ्न सक्छौँ।

हामी एकै आत्माका मुहारहरू अर्थात् एकै देवत्वका प्रतिबिम्बहरू हौँ अनि हाम्रो सार प्रेम हो जुन हाम्रो यथार्थ प्रकृति, आत्मा अर्थात् दिव्य आत्मा हो भनी बाबा भन्नुहुन्छ। यद्यपि एकता भनेको धेरै प्रकारले प्रकट भएको मौलिक रूपमै एक हो। आधारभूत रूपमा सबै ईश्वर हुन् – *ईशावास्यमिदं सर्वम्*। दोस्रो चरण प्रकृतिमा एकता हो – ईश्वर नै प्रकृति हो; प्रकृति नै ईश्वर हो। एकै दिव्यता प्रकृतिको सबै विविधतामा प्रकट हुन्छ अनि मानवता प्रकृतिको एक अभिन्न अङ्ग हो। एकता व्यक्ति, परिवार, सत्य साई सङ्गठन र समाजको तहमा पनि प्रकट गर्न सकिन्छ। भगवान् हामीलाई सम्झाउनुहुन्छ, व्यक्ति समाज (समष्टि)को भाग हो, जुन सृष्टिको भाग हो, जुन ईश्वर (परमेष्टि)को भाग हो। अध्ययन निर्देशिकाले यी सबै प्रकटनहरूको मिलन, सिद्धान्त र अभ्यासमा एकता देख्न सक्ने बनाउँछ।

## पवित्रता नै ज्ञानज्योति हो

दोस्रो अध्ययन निर्देशिका 'पवित्रता नै ज्ञानज्योति हो'सँग सम्बन्धित छ। स्वामी भन्नुहुन्छ – दिव्यता र जानज्योतिको अनुभव गर्न पवित्रता अत्यावश्यक छ। हामी पवित्र नभएसम्म हामीले दिव्यताको अनुभव गर्न सक्तैनौँ। वास्तवमा सबै आध्यात्मिक अभ्यासहरू – निःस्वार्थ सेवा, आध्यात्मिक क्रियाकलाप र शिक्षा मन पवित्र बनाउनका लागि मात्र हुन्।

पवित्रता कसरी विकास गर्ने त? विषयको चुरो कुरा यही हो अनि स्वामीले किशोरावस्थामा नै बाह्य र आन्तरिक पवित्रतालाई विकास गर्नुपर्ने कुरा विस्तारपूर्वक बताउनुभएको छ। बाहिरी शुद्धता भन्नाले शारीरिक तहको शुद्धता हो जसले भोजन, बोली र कर्मका साथै बस्ने वातावरणलाई जनाउँछ। तथापि शरीर सफा भएर मात्र यो पर्याप्त हुँदैन – हृदय र मनको शुद्धता अपरिहार्य हुन्छ अनि अन्तःकरण शुद्धिमा स्वामीका उपदेशहरू यस खण्डमा समाविष्ट छन्। भगवान्‌ले हामीमाथि गर्नुभएको असीम अनुकम्पाका कारण उहाँले हामीलाई हाम्रो दैनिक जीवनका लागि चाहिने दस प्रकारका निर्दिष्ट पवित्रताका विषय – नामस्मरण, निःस्वार्थ सेवा, ध्यान आदि कसरी सम्पन्न गर्ने भन्ने बारेमा निर्देशन दिनुभएको छ।

पवित्रता विकास गर्ने क्रममा आइपर्ने समस्याहरूका लागि यस अध्ययन

निर्देशिकाले स्वामीका सुझाउहरूलाई समेत समेटेको छ। भजन गाउने, सेवा कार्य गर्ने, अध्ययनचक्रजस्ता साधनाहरू गर्दा आइपर्ने अड्चनका बारेमा हामीलाई सजग बनाउँदै स्वामीले तीबाट पार पाउने समाधानका व्यावहारिक उपायहरू बताउनुभएको छ। उहाँले हाम्रो दैनिक जीवनमा हाम्रो विचार, वाणी र कर्ममा पवित्रता अभ्यास गर्न मार्गदर्शन गर्नुभएको छ।

पवित्रता विकासका लागि प्रेम नै आधार भएको कुरा अध्ययन निर्देशिकामा वर्णन गरिएको छ। हामी जति बढी प्रेम विकास गर्छौं, त्यति नै बढी पवित्र हुन्छौँ। अन्त्यमा विभिन्न आध्यात्मिक गुरु, साधु र सन्तहरूले हासिल गरेका पवित्रताबाट हामीले सिक्न सक्ने कुराका बारेमा थोरै छलफल पनि छ।

**निष्कर्ष**

भगवान्ले दिनुभएको व्यावहारिक ज्ञानको सरलता र सुन्दरता आध्यात्मिक प्रगतिमा संलग्न सबै भक्तहरूका लागि जहाँसुकै जहिले पनि स्थायी महत्त्वको हुन्छ। समग्रमा समाज र विश्वको दिगो शान्ति र समृद्धिका लागि यसको व्यावहारिक मूल्य पनि छ। हामी उहाँका अमृतमय शब्दहरूको अध्ययन गरौँ, इमान्दारीसाथ तिनलाई छलफल, अध्ययनचक्र, कार्यशाला गर्दै व्यवहारहरूबाट बुझौँ। हामी यसै जीवनमा एकताका साथ पवित्रता हासिल गरी दिव्यताको अनुभव गर्ने सङ्कल्प गरौँ। जय साई राम!

सप्रेम साई सेवामा
नरेन्द्रनाथ रेड्डी, एम.डी.
अध्यक्ष, प्रशान्ति परिषद्
सत्य साई अन्तर्राष्ट्रिय सङ्गठन।

# एकता के हो?

.........

## सिद्धान्तको बुझाइ

### एकताको आधार

सबै जीवहरू मोह वा आसक्तिको अधीनमा हुन्छन् तर मानिसहरू यसबाट मुक्त भएर मोक्ष प्राप्त गर्न समर्थ हुन्छन्। यसरी मोहबाट मोक्षसम्मको परिवर्तन गर्ने सामर्थ्य पनि मानिसभित्र भएको दैवी शक्तिको अभिव्यक्ति नै हो। दैवी क्षमता अन्य जीवमा भन्दा मानिसमा बढी अभिव्यक्त हुने भए तापनि दैविकता वास्तवमा ब्रह्माण्डका प्रत्येक वस्तुमा निहित हुन्छ। यही सर्वव्यापकताले अन्यथा प्रत्यक्ष र भ्रम सिर्जना गर्ने विविधतामा एकताको अन्तरप्रवाह प्रदान गर्छ। आँखाले जे देख्छ, त्यो सतही हो; सत्य त त्यसको मुनि लुकेको छ।

समर सावर्स इन वृन्दावन २०००, परिच्छेद ७

संसारलाई सत्यको दृष्टिकोणबाट हेर। सबै एक हुन्; सबै वास्तवमा दैवी हुन्। आत्मिक सिद्धान्त नै विविधतामा लुकेको एकता हो भनी वेदान्तले घोषणा गरेको छ। चिमहरू थुप्रै छन् तर सबैमा बहने विद्युत् उही हो। त्यसैगरी, आत्मिक सिद्धान्त पनि सबैमा निहित छ। मानिसले एकताको यो सिद्धान्तलाई बुझ्न नसक्नुको मुख्य कारण उसको अज्ञानता हो। अनेकतामा एकता बुझ्न सक्नु मै सच्चा मानवता रहेको छ। एकता विकास गर्नका लागि तिमीले *सम्यक दृष्टि* (सही दृष्टि)को विकास गर्नुपर्छ। बुद्धको पहिलो शिक्षा यही थियो।

सत्य साई स्पिक्स, भाग ३४, परिच्छेद ९
मे २००१

### एकता मेल होइन, यो त अनुभूति हो

एकताको अर्थ के हो? यो धेरैको मेल वा संयोजन होइन; यो एकात्मकताको अनुभूति हो। आफ्नो वरिपरि ऐना छ भने तिमीले आफ्ना विभिन्न रूप देख्छौ। ती सब तिम्रा विभिन्न रूपहरू हुन्। तर, त्यो सत्य भने होइन।

जसले प्रश्न सोध्छ र जसले जवाफ दिन्छ, ती दुवै एकै हुन्। सबै एकै हुन्। एउटै मानिस विभिन्न स्वरूपमा प्रस्तुत हुन्छ। यी

स्वरूपहरूलाई एकअर्काभन्दा भिन्न ठान्नु गल्ती हो।

सत्य साई स्पिक्स, भाग ४२, परिच्छेद २९
२९ अप्रिल २००९

यहाँ रहेका मानिसहरूको ठूलो भेलालाई आध्यात्मिक बुद्धिजीवीले भगवान्‌रूपी सिङ्गो धागोसँग जोडिएका बहुरङ्गी फूलहरूको मालाका रूपमा देख्तछ। यो दृष्टिकोणको विकास गर; अनेकका पछाडि रहेको एकलाई देख; ब्रह्मसूत्र – प्रत्येक फूलको वारपार जाने धागोलाई देख।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद ९
४ अप्रिल १९७५

मैले यो माइकको माध्यमबाट बोल्दै गर्दा तिमीहरूले मेरो आवाज सुनिरहेका छौ। वक्ता एक मात्र छ तर सोही वक्ताको आवाज हजारौँ कानहरूले सुनिरहेका छन्। *एकोऽहम् सर्व भूतानाम्* (सबै जीवमा अन्तर्निहित वास्तविकता म मात्र हुँ), *एकं सत् विप्रः बहुधा वदन्ति* (सत्य एउटै छ, तर ज्ञानीले यसलाई धेरै नामहरूद्वारा उल्लेख गर्छन्)।

सत्य साई स्पिक्स, भाग ४२, परिच्छेद २९
२९ अप्रिल २००९

वेदले घोषणा गरेको छ, *अहम् ब्रह्मास्मि* (म ब्रह्म हुँ) र तत्त्वमसि (त्यो तिमी हौ)। यी दुई वैदिक घोषणाले दुई कुराहरू निर्दिष्ट गर्छन् : म ब्रह्म हुँ र त्यो तिमी हौ। एकता देख्नुमा नै साँचो बौद्धिकता रहेको छ। *अद्वैत दर्शनम् ज्ञानम्* (अद्वैत दर्शन नै साँचो ज्ञान हो)। अन्तर्निहित एकतालाई बेवास्ता गरेर द्वैतता मात्र देख्नु अज्ञानताको चिह्न हो। द्वैतता सत्य होइन। यसरी बुद्धले गहिराइका साथ अध्ययन गर्नुभयो र अन्ततोगत्वा 'म म हुँ' भन्ने अनुभव प्राप्त गर्नुभयो। यो नै वास्तविक अनुभूति हो।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

.........

## सिद्धान्तको अभ्यास

आध्यात्मिक बुद्धिजीवीले सृष्टिको एकता चिन्छ। त्यसैले अरू व्यक्तिहरूले अनुभव गर्ने कुरा उसले पनि केही मात्रामा अनुभूति गर्छ।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद ९
४ अप्रिल १९७५

..........

## उदाहरण

सूर्य एक मात्र छ। तर, पानी भएका ठाउँ – नदी, ताल, भाँडा जहाँसुकै सूर्यको प्रतिछाया देख्न सकिन्छ। पानीलाई एउटा प्लेटमा राखे पनि सूर्यको छाया देख्न सकिन्छ। के यसको मतलब त्यो पानीमा सूर्य छ भन्ने हो? होइन, त्यो त केवल सूर्यको छाया मात्र हो।

त्यसैगरी, आत्मा पनि एक मात्र छ। मन, बुद्धि, अर्धचेतन मन र अहम् इन्द्रियहरू विभिन्न भाँडाहरूसरह हुन्। त्यसैले, दैविकता एक मात्र छ।

सत्य साई स्पिक्स, भाग ४२, परिच्छेद १९
२९ अप्रिल २००९

# एकता किन आवश्यक छ?

.........

## सिद्धान्तको बुझाइ

### विश्वबाट द्वन्द्व र असमानता हटाउन

आज संसारमा अव्यवस्था, हिंसा र द्वन्द्व देख्न सकिन्छ। संसार बिरामी मानिसजस्तो भएको छ जसलाई धेरै रोगहरूले सताइरहेको छ। यी बिमारीको उपचार के हो त? मानिसले आफ्नो स्वार्थ, लोभ र अन्य दुर्गुणहरूलाई बगाएर पशु स्वभावबाट माथि उठ्नुपर्छ। शुद्धता हासिल गर्न उसले आफूमा निःस्वार्थपन विकास गर्नुपर्छ। हृदयको शुद्धताबाट मानिसले एकता हासिल गर्नेछ जसले उसलाई दिव्यतामा लैजाने छ। मानवजीवनको महललाई यी चार आधारहरूमा निर्माण गरिनुपर्छ।

सत्य साई स्पिक्स, भाग १६, परिच्छेद २४
सेप्टेम्बर १९८३

मानवताको आधारभूत एकता बिर्सेदेखि नै मानिस–मानिसबीच मतभेद र झैझगडा सुरु भयो। यस्तो प्रवृत्ति विपरीत मानिसहरूबीच मूल एकता पुनः स्थापित गर्ने बेला हो यो। एकतासँग शुद्धता हुनैपर्छ। एकता र शुद्धता एकसाथ भएमा दिव्यता हुन्छ। एकता, शुद्धता र दिव्यताबाट आत्मतत्त्वको बोध हुन्छ। विशेषगरी तैत्तिरीयोपनिषद्‌मा यस आत्मतत्त्वबारे विस्तारमा चर्चा भएको छ। आत्मतत्त्वमा मात्र विश्वास गर्ने मानिस आफ्ना सबै प्रयासहरूमा सफल हुन्छ।

सत्य साई स्पिक्स, भाग ४२, परिच्छेद ४
फेब्रुअरी २००९

भगवान्‌को सारा सृष्टिमा एकता छ, तर मानिसहरूले त्यसमा विविधता सिर्जना गरेका छन्। आजको आवश्यकता भनेको सम्पूर्ण मानवजातिको एकता हो।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

### आफैँभित्रबाट दानव सोच हटाउन

आफ्नो वास्तविक प्रकृति दान हो भन्ने कुरा वलिदानको माध्यमबाटै थाहा पाउँछौ। दानको अर्थ तिमीले कुनै व्यक्ति वा संस्थालाई केही पैसा दियौ भन्ने होइन। तिमीमा भएका

दुर्गुणहरूलाई हटाउनु नै वास्तविक दान हो। दानले नै तिमीलाई सट्टामा पवित्रता ल्याउनेछ। तिमीमा पवित्रता आइसकेपछि त्यही एकता हुनेछ। तिमीमा एकता आएपछि तिमी दिव्यतामा पुग्नेछौ।

सत्य साई न्युजलेटर युएसए,
वर्ष १३, अङ्क ४, पृ. २०

## प्रेम विस्तार गर्न

तिमीहरू प्रत्येकमा प्रेम रहेको छ। प्रेमको स्वरूप के हो? प्रेमको स्वाभाव के हो? जब यस कुरालाई नियालिन्छ प्रेम मानवमा मात्र सीमित नभएर समस्त प्राणीमा विद्यमान रहेको बुझ्न सकिन्छ। प्रत्येक जीव सर्वोच्च दिव्य प्रेमको गुणले युक्त छ। उसले शत्रुतालाई त्यागेर एकता र पवित्रता विकसित गरी यस सत्यलाई बुझ्नुपर्छ। यस संसारमा प्रेमको सिद्धान्तबाहेक सबै थोक परिवर्तन हुने किसिमका छन्। एक मात्र साँचो र शाश्वत प्रेममार्गले नै तिमीलाई दिव्यतामा पुर्‍याउँछ। मानव शरीरका हरेक अङ्गमा दिव्यता व्याप्त छ। एकताको सिद्धान्तलाई बुझेपछि मात्र यो बुझ्न सकिन्छ।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद २०
२२ नोभेम्बर २००४

म सधैँ प्रेमको सिद्धान्तका बारेमा बोल्ने गर्छु। प्रेमका विषयमा बाहेक मलाई अरू थाहा पनि छैन। दिव्यता सबैमा समान रूपले व्याप्त छ, तब कसरी तिमी केहीलाई प्रेम बाँड्ने अनि अरूमा त्यही अस्वीकार गर्ने गर्न सक्छौ र?

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद २०
२२ नोभेम्बर २००४

## संस्कृति अवलम्बन गर्न

दिव्यता हासिल गर्न मानिसले सर्वप्रथम एकता विकसित गर्नुपर्छ। एकतामै साँचो संस्कृति निहित छ। मानिसले लागिपरेर हासिल गर्नु पर्ने भनेकै एकतारूपी आदर्श हो। कुनै पनि ठूला कार्य एकताद्वारा पूरा गर्न सकिन्छ।

सत्य साई स्पिक्स, भाग ३५, परिच्छेद २
१९ जनवरी २००२

## मानव भएर जीवन व्यतीत गर्न

मानिस पञ्चकोषले युक्त छ। ती हुन्: अन्नमय कोष, प्राणमय कोष, मनोमय कोष, विज्ञानमय कोष र आनन्दमय कोष। जबकि अन्य जीवहरू तीन कोषसम्म मात्र पुग्छन्, मानिस भने उसले प्रयत्न गर्ने हो भने सहजै चौँथो र माथिसम्म पुग्न सक्छ। यसले नै मानिसलाई सर्वोच्च बनाएको छ। मानिसमा भएको बुद्धिले नै आत्मा र परमात्माबीचको एकतामा निहित एकतालाई बोध गर्न सक्छ। यदि यो सक्षमता स्वयंभित्रस्थित दिव्यताको

व्यक्तरूप होइन भने अरू के हो त?

समर सावर्स इन वृन्दावन २०००, परिच्छेद ७

## कृपा प्राप्त गर्न

अहङ्कार र आडम्बर आज छाडा भएको छ। आकाङ्क्षाहरू बेलगाम भएका छन्। मानिसको हृदय स्वार्थी भएकाले करुणाको निमित्त कुनै स्थान छैन। त्यसैले ऊ आत्मालाई देख्न सकिरहेको छैन अनि आनन्द अनुभव गर्न सकिरहेको छैन।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद २०
२२ नोभेम्बर २००४

अनेकताको भावनालाई त्यागेर एकत्व विकसित गर्दैनौ भने तिमीले कहिल्यै आनन्द प्राप्त गर्न सक्तैनौ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

## चेतनालाई अन्तर्ज्ञानमा रूपान्तरण गर्न

मानिसको नाम र रूप हुन्छ तर चैतन्यको रूप हुँदैन। मानव शरीरमा विद्यमान चैतन्यलाई सद्विवेक वा अन्तरात्मा भनिन्छ। सर्वव्यापी चैतन्यलाई चेतना वा अन्तर्ज्ञान भनिन्छ। मानिसले अनेकतामा एकताको तत्त्व बुझेपछि सद्विवेक अन्तर्ज्ञानमा परिणत हुन्छ।

सत्य साई स्पिक्स, भाग ३६, परिच्छेद १
१ जनवरी २००३

## अद्वैत अनुभव गर्न

अद्वैत बुझ्नका लागि मनबाट सबै प्रकारको द्विविधा र अहङ्कारको रञ्चसमेतलाई हटाएर तीव्र इच्छाशक्तिले आध्यात्मिक प्रयत्न गर्नुपर्छ भन्ने कुरा शङ्कराचार्यले थाहा पाए। त्यसैले प्रारम्भिक अनुशासन जसरी ब्रह्मतत्त्वसँग व्यक्तिको एकाकार बोधका लागि नै उनले योग, भक्ति र कर्मका नियम सिकाए। उनका अनुसार जसले बुद्धिलाई चहकिलो पारी आवेगहरूलाई सफा गर्दै हृदयलाई पवित्र पार्छ। सर्वत्र, सवै थोकमा, पूर्णअनुपातमा दैवी भाव हुनु नै अद्वैत हो।

सत्य साई स्पिक्स, भाग ३, परिच्छेद १२
२८ अप्रिल १९६३

## आध्यात्मिक साधना दुरुस्त राख्नु

तिमीले एकताको सिद्धान्तलाई नबुझेसम्म जप र तपजस्ता आध्यात्मिक अभ्यासहरूले अपेक्षित नतिजा दिँदैनन्। धेरै मानिसहरू जपमाला हातमा फिराउँछन्। तर, मन यदि संसारमा घुमिरहन्छ भने हातमा जपमाला घुमाउनुको के अर्थ हुन्छ र? मन अधिक महत्त्वपूर्ण छ भन्ने बुझ। तिमीसँग स्थिर मन हुनु नै पर्छ। तब मात्र तिम्रो जीवनको उद्धार हुनेछ। फोहोरका साथै लड्डुमा समेत बस्ने झिँङ्गोजस्तो संसारका सबै थोकमा घुमिहिँड्ने तिम्रो मनको के काम? आफ्नो मनलाई असल र खराब, एकता र अनेकताबीच अल्झाउने नगर। असलहरूमा मात्र मनलाई केन्द्रित गरेर एकताको सिद्धान्तलाई बुझ। सत्यको अनुभव गराउने राजमार्ग त्यही हो। अर्कातर्फ यदि तिमी आफ्नो मनलाई धुर्त्याइँतर्फ उन्मुख गरायौ भने त्यसले तिमीलाई कहीँ पनि पुऱ्याउँदैन।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद ९
१३ मे २००६

तिमीहरू सबैले एकताको मनोभावना बढाउनुपर्छ। जोसुकै अगाडि आए पनि उसलाई "मेरा दाजुभाइ वा मेरा दिदीबहिनी" भनी सम्बोधन गर। यसरी सबैलाई आफ्ना दाजुभाइ दिदीबहिनी ठान र एकताले प्रेरित भएर व्यवहार गर। सबै जना उही भगवान्का सन्तान हुन्। त्यसैले, कुनै समयमा तिमीमा कसैप्रति द्वेषको भावना उत्पन्न भए आफूलाई के पुनः स्मरण गराऊ भने तिमी उनीहरूभन्दा पृथक् होइनौ। सबै जना एकै हुन् भन्ने चिन्तन गर, एकता हासिल गर र त्यसको आनन्द अनुभव गर। अनेकतामा एकता देख्नु नै दिव्यता हो र सच्चा आध्यात्मिकता पनि हो। धर्मग्रन्थको अध्ययन, कर्मकाण्ड गर्नु, पूजा आराधना गर्नु आदिले सच्चा आध्यात्मिकतालाई जनाउँदैन। आत्मिक सिद्धान्तको एकतालाई चिन्नु नै वास्तविक आध्यात्मिकता हो। यो एकता तिमीले जब बुझ्नेछौ, तब मात्र दैवी आशीर्वाद प्राप्त गर्नेछौ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

## आस्था सुदृढ पार्न

मानिसले आफूलाई शरीरसँग मात्र घनिष्ट सम्बन्ध राखेसम्म स्वार्थीपन जाँदैन अनि दिव्यतालाई बुझ्न सक्तैन। सृष्टिमा विविधता स्पष्ट सत्य हो। कुनै दुई मानिस वा जुम्ल्याहासमेत उस्तै

हुँदैनन्। तर, विविधतालाई मतभेद र झगडाहरूतर्फ उन्मुख गराउनु हुँदैन। त्यो अनेकताभित्र रहेको एकतालाई देख्न हामीले सिक्नुपर्छ। ब्रह्माण्डमा रहेका सबै थोकमा विद्यमान त्यही एकता नै दिव्यतामा आधारित छ। यो एकताको बुझाइसमेत ईश्वरमा पूर्णविश्वास भए मात्र आउँछ।

सत्य साई स्पिक्स, भाग १९, परिच्छेद १८
२७ अगस्ट १९८६

गर्दैनन् किनकि दाँत पनि उनीहरूकै हो। त्यसैगरी बिरामी, गरिब, कष्ट भोग्नेहरू, अशिक्षित, कमजोर मानिसहरू सबै नै उही शरीरका भागहरू हुन्। उही विद्युत्ले सबैलाई क्रियाशील बनाउँछ। मानव शरीररूपी यो जीवनमा यसलाई बुझेर एकतामा लय हुनु नै मानिसको उद्देश्य हो।

सत्य साई स्पिक्स, भाग ५, परिच्छेद ३८
२६ सेप्टेम्बर १९६५

## साँचो भावले सेवा

शरीरसँगको तादत्म्यताबाट मुक्त भएपछि मात्र तिमीले अरूलाई सेवा गर्ने वास्तविक उत्साह र प्रेरणा हासिल गर्न सक्छौ। असाध्यै पेट दुखेमा मानिसले आफ्ना आँखाबाट आँसु निकाल्छ। किन? किनभने आँखा, पेट इत्यादि अङ्गहरू उही शरीरकै हुन्। त्यसैगरी जब कुनै मानिस दुःखी हुन्छ; तिम्रो आँखाले पनि आँसु बगाएर त्यसलाई शमन गर्न प्रेरित गर्नुपर्छ। यो तब मात्र हुनेछ जब तिमी र ऊ एकै दिव्य शरीरका अङ्गहरू हौ भन्ने तिमीले जान्दछौ।

सत्यको अज्ञानमा मात्र भेदभाव उत्पन्न हुन्छ। जब मानिसहरू रिसाउँछन् उनीहरू आफ्ना दाह्रा किट्छन् तर जिब्रोलाई टोकिएला भन्दै ख्याल गर्छन् किनकि जिब्रो उनीहरूकै हो; यदि झुक्किएर जिब्रो टोकिए दाँतलाई नै उखेलिदिने त ती

तिमीले अरूको दुःखलाई पनि आफ्नै सरह ठान्नुपर्छ; अरू खुसी हुँदा तिमी पनि खुसी हुनुपर्छ। सबैको एकतालाई बुझ्ने तरिका त्यही हो। सबभन्दा माथि सजग होऊ; किनभने साधनाको फल लापरवाहीले नष्ट हुन सक्छ। वर्षात्पछि जमिन फेरि हरियो हुन्छ किनभने घाँसका बिउ जमिनमा लुक्छन् यद्यपि तिमीलाई लाग्छ जमिन त सुख्खा र बालीनाली नलगाएको थियो। सत्सङ्ग, सत्कर्म आदि त जीवनभर जारी राख्नुपर्छ।

सत्य साई स्पिक्स, भाग ११, परिच्छेद २१
१८ अप्रिल १९७१

## प्रेम विस्तार

तिम्रो दृष्टिलाई प्रेममा भिजाऊ। प्रेमले भिजेको दृष्टि नै साँचो व्यक्तिको चिनारी हो। सबै एकै छन्, सबै समान होऊ। पवित्र दृष्टिको विकास गरेपछि मात्र

तिमीले विविधतामा रहेको एकतालाई बुझ्न सक्छौ। सम्यक् दृष्टि (सही दृष्टि–वास्तविकतालाई देख्नु)ले नै तिमीलाई सबैमा रहेको दिव्यता बोध गराउँछ।

सत्य साई स्पिक्स, भाग ३४, परिच्छेद ९
७ मे २००१

सबै प्राणीहरूलाई माया गर – त्यही नै पर्याप्त छ। केही पाउने आशा नराखी प्रेम गर। प्रेमकै लागि प्रेम गर। तिम्रो प्राकृतिक स्वाभाव नै प्रेम भएकाले प्रेम गर। पूजाको त्यही नै रूप तिमीले थाहा पाएकाले अनि आफूलाई मन पर्ने भएकाले प्रेम गर। अरू खुसी हुँदा तिमी पनि उसैगरी खुसी होऊ। अरू दुःखमा पर्दा तिनको दुःख कम गर्न आफ्नो क्षमताले भ्याएसम्म लागि पर। सेवा (निःस्वार्थ सेवा)द्वारा प्रेम गर्न सिक। यसैको माध्यमबाट तिमीले एकतालाई बुझेर अहङ्कारको नोक्सानीबाट मुक्त हुन सक्छौ।

सत्य साई स्पिक्स, भाग १२, परिच्छेद ४
५ मार्च १९७३

तिमीहरू निरन्तर 'साईराम, साईराम, साईराम!' जप गरिरहन्छौ, तर यति मात्रले तिमीमा भक्तिभाव विकास गर्ने छैन। वास्तविक भक्ति विकास गर्नका लागि एकताको भावना विकास गरी दैवी नामस्मरण र जप गर्नुपर्छ। यदि तिमीमा सच्चा भक्तिको लेश मात्र पनि छ भने, सधैँ अरूको भलाइ गर र उनीहरूसँग सद्भावपूर्ण व्यवहार गर। कसैलाई पनि घृणा नगर। सबैलाई प्रेम गर। यदि तिमीमा प्रेम र विश्वास छ भने तिमीमा अहिंसाको विकास हुनेछ। तब मात्र तिमीले आनन्द अनुभव गर्न सक्नेछौ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

तिमी आफूलाई भक्त भनी दाबी गर्छौ, तर यदि तिमीमा घृणा, क्रोध, ईर्ष्या, कपट, कुभावना आदि छन् भने त्यसको के अर्थ भयो र? यस्ता दानवीय गुणले तिम्रो जीवन बर्बाद पार्छ। अरूसँग मुस्कानका साथ कुरा गर र एकताको मनोभावना विकास गर।

सदैव सबैलाई प्रेम गर। जब तिमी यसरी सबैलाई प्रेम गर्छौ, घृणा, रिस र ईर्ष्याजस्ता दानवीय गुणहरूले तिमीलाई छाडेर जानेछन्। यस्ता दानवीय गुणहरूबाट स्वतन्त्र भएमा तिमीले सहजै मोक्ष प्राप्त गर्नेछौ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

अरूलाई अवहेलना, दोषरोपण नगरिकन अनि अरूमा त्रुटि नखोजिकन जीवन बिताऊ। अठार पुराणका सङ्कलक व्यासले ती सबै पुराणहरूको एउटा सानो पङ्क्तिमा सारांश खिचे : "अरूको भलो गर्नु पुण्य काम

हो; अरूको खराबी गर्नु सबैभन्दा घृणित पाप हो।"

आफूले राम्रो गर्न सक्तिनँ भन्ने तिमीलाई लाग्छ भने कम्तीमा पनि खराब गर्नबाट बच। त्योसमेत पुण्य काम हो! मतभेद पत्ता लगाउन होइन कि एकता पत्ता लगाउन प्रयत्न गर। मत, जाति, मूलको देश फरक हुन सक्ला तर सबै मानिसको भित्री भोक उही हो। जीवनको उद्देश्य नै प्रेमको स्वरूपलाई जान्नु हो अनि तिम्रो प्रेमबाटै भगवान्लाई समेत चिनेका छौ भनी दर्साउनु हो।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद ९
४ अप्रिल १९७५

अर्को निर्देशन म के दिन्छु भनेः तिम्रो आफ्नै उन्नतिमा केन्द्रित होऊ, अरूको राम्रो र नराम्रो भन्दापनि आफूमा नै सुधार गर। तिमी आफू नै असल भइसकेपछि अरूको हितका लागि चिन्ता गर्न प्रशस्त समय हुनेछ। तर, सक्दो अरूलाई आनन्द प्रदान गर्न खोज; अरूको दुःखको कारण नबन।

सत्य साई स्पिक्स, भाग ११, परिच्छेद २१
१८ अप्रिल १९७१

## सर्वत्र दिव्यता देख्न

प्रेम भरिएको व्यक्तिको हृदयले मात्र सर्वत्र दिव्यताको प्रकटिकरणलाई देख्न सक्छ। ईश्वरभन्दा प्रकृति फरक छ भनी सोच्नु गलत हो। आफ्नो अनुभवका आधारमा मानिसहरू दिव्यताका लागि विभिन्न नाम दिन्छन्। गहना अनेक छन् तर सुन एउटै छ। उसैगरी नाम र स्वरूपहरू फरकफरक छन् तर दिव्यता एकै छ। सुन कहाँबाट आयो? यो पृथ्वीबाटै आयो। उसैगरी भगवान् पनि मानव शरीरमा प्रकट हुन्छन्। *दैवम् मनुष्य रूपेण* (भगवान् मानिसको स्वरूपमा प्रकट हुन्छन्)। यसैले सबैलाई दिव्य ठान।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद २०
२२ नोभेम्बर २००४

आज मानिस स्वार्थको हातको कठपुतली भएका छन्। स्वार्थविना मानिस एक कदम अगाडि पनि पाइला चाल्दैन। स्वार्थीपनबाट मुक्त भएपछि मात्र तिमीले दिव्यको आत्मिक सिद्धान्त बुझ्नेछौ अनि दिव्यताको मार्गमा अघि बढ्नेछौ।

सत्य साई स्पिक्स, भाग २६, परिच्छेद ४२
९ अप्रिल १९६३

भगवान् नै सोच, भगवान् नै देख, भगवान् नै सुन, भगवान् नै खाऊ, भगवान् नै पिऊ, भगवान्लाई नै प्रेम गर। तिम्रो लक्ष्यको राजमार्गमा भएको अज्ञानतालाई फुटाएर भगवान्मा एक हुने तिम्रो वास्तविक स्वाभाव बोध गराउने सहज मार्ग नै त्यही हो।

कन्भर्सेसन विथ सत्य साई बाबा, पृ. १५३

..........

# उदाहरण

## राम र लक्ष्मण

राम र लक्ष्मणका साथै भरत र शत्रुघ्नबीच यति बलियो प्रेम थियो, उनीहरूले कहिल्यै पनि एकअर्काको साथ छाडेनन्। यो एकतामा कति शक्ति छ, सबैले देख्न सक्छन्। एकता नै बल हो। जब तिमीहरू एकअर्कासँग बोल्दैनौ वा एकता विकास गर्दैनौ, तिमीहरूले केही पनि हासिल गर्न सक्तैनौ। मनमा अलिकति वैरभाव आए पनि मिलेर बस्ने प्रयास गर। भक्तहरूले उचित विवेक र समायोजनसहित मनोरम रूपमा व्यवहार गर्नुपर्छ। तिमीले पुज्ने भगवान्को आलोचना कसैले गरे तापनि तिमी त्यो आलोचनालाई प्रतिकार नगर। तिम्रा पूज्य भगवान्ले नै त्यो आलोचकको रूप धारण गर्नुभएको हो भन्ने सोच। भगवान्लाई प्रशंसा वा निन्दाले कुनै फरक पार्दैन।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

## धृतराष्ट्रको सोच

जब मानिसले देवत्व सर्वव्यापी छ भनी बुझ्छ तब स्वार्थीपन र विभाजनकारी सोचका लागि कुनै स्थान हुने छैन। जब धृतराष्ट्रले 'आफ्नो' छोराहरू अनि पाण्डवहरू भनी भेदभाव राखे उनले आध्यात्मिक अन्धोपन र एकताको अज्ञानता प्रकट गरे जसले संसारको अनेकतालाई समेट्छ।

सत्य साई स्पिक्स, भाग २१, परिच्छेद ३
९ जनवरी १९८८

## ऐनैऐनाको कोठामा कुकुर

ऐनैऐना जडित कोठामा एउटा कुकुर पस्यो र ऐनाहरूमा धेरै कुकुर देख्यो। कोठामा कुकुरहरू धेरै देखेपछि उसले आफ्नै जीवन खतरामा छ भनी ठान्दै डरायो। त्यो परिस्थितिबाट बच्न ऊ आफ्नै प्रतिबिम्बलाई अर्को कुकुर ठान्दै त्यही भएको कुनै ऐनामाथि उफ्र्यो। जसै उसले त्यसो गऱ्यो सँगैको ऐनाको कुकुरले पनि त्यस्तै गऱ्यो। त्यही क्रममा ऐना फुट्यो।

तब त्यसलाई त्यहाँ अर्को कुकुर छैन, कुकुर कोठाबाट भागिसक्यो भन्ने लाग्यो। अरू धेरै कुकुरबाट आफूलाई बचाउन सकेँ भन्ने ठान्दै राहत महसुस गऱ्यो। तर, त्यति धेरै कुकुरहरू कहाँ थिए त? उसले आफ्नै प्रतिबिम्ब पो ऐनाहरूमा धेरै देखेको थियो।

आजका मानिसको पनि यही हाल छ। उसले यदि बाँकी अन्य सबै रूपहरू संसारको ऐनामा आफ्नै

प्रतिबिम्बसरी देख्छ भने तब उसले एकताको सिद्धान्तलाई बुझ्ने छ।

त्यसैले बाबु, आमा, दाजुभाइ तथा दिदीबहिनीजस्ता कुनै त्यस्तो अस्तित्व छैन। तर, व्यक्ति आफैँले भ्रमबाट सांसारिक नातासम्बन्ध विकास गरेर भन्छ, "उनी मेरी पत्नी हुन्, ऊ मेरो भाइ हो, उहाँ मेरो बुबा हुनुहुन्छ, उहाँ मेरो आमा हुनुहुन्छ।" ती त केवल शारीरिक नाता हुन्; तिम्रो दैवी वास्तविकतामा आधारित सम्बन्ध होइनन्। सबैमा विद्यमान उही आत्मालाई बुझ्न प्रयत्न गर। तर, तिमीले त आत्माको सिद्धान्तलाई बिर्सँदै सांसारिक नातासम्बन्ध विकसित गऱ्यौ।

तिमी भन्छौ, "उनी मेरी पत्नी हुन्" तर विवाहपूर्व उनी अलग थिइन् अनि तिमी अलग। विवाहपश्चात् मात्रै तिमी भन्छौ, "मेरी पत्नी, मेरी पत्नी"। तिमीले यो पतिपत्नीको सम्बन्ध कसरी विकसित गऱ्यौ? तिम्रो भ्रमले गर्दा मात्र हो। भ्रमकै कारणले गर्दा व्यक्तिले कैयौँ गल्ती गर्दै जान्छ अनि अनेक अवान्छित क्रियाकलापहरूमा अल्झिन्छ।

तिमी जहाँ हेर्छौ भगवान् त्यहीँ हुनुहुन्छ अनि उहाँ एक मात्र हुनुहुन्छ। मानिसहरू भन्छन्, "उहाँ राम हो, उहाँ कृष्ण हो, उहाँ शिव हो, उहाँ विष्णु हो।" त्यसको तात्पर्य के हो? के त्यसको तात्पर्य विष्णु, शिव, राम र कृष्ण बेग्लाबेग्लै अस्तित्वका हुन्? ती त उही भगवान्का फरकफरक नाम मात्र हुन्। तिम्रै परिकल्पनाको आधारमा निश्चित स्वरूप लिएर भगवान् तिम्रासामु देखा पर्नुहुन्छ।

जब तिमीले रवि वर्माजस्ता कलाकारले चित्रण गरेको श्रीकृष्णको स्वरूपमा चिन्तन गर्छौ, भगवान् श्रीकृष्णकै रूपमा तिम्रो सामु प्रकट हुनुहुन्छ। उही रीतले भगवान् तिम्रासामु रामको रूपमा प्रकट हुनुहुन्छ। तर, भगवान् न त राम हो न त कृष्ण। राम र कृष्ण दुवै तिमी मात्रै हौ। श्रीराम र श्रीकृष्णको स्वरूप अरू केही नभई तिम्रो आफ्नै प्रतिबिम्ब मात्र हुन्। जब तिमी भन्छौ, "म राम चाहन्छु", भगवान् तिम्राअघि रामको रूपमा देखा पर्नुहुन्छ। उसैगरी जब तिमीले, "म कृष्ण चाहन्छु" भन्छौ, उहाँ तिम्रासामु कृष्णको रूपमा देखा पर्नुहुन्छ। यी सबै स्वरूप केही नभई तिम्रो आफ्नै प्रतिबिम्बहरू मात्र हुन्।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद १९
२९ अप्रिल २००९

# व्यक्तिगत (व्यष्टि) तहमा एकता

.........

## सिद्धान्तको बुझाइ

### विचार, वाणी र कर्ममा एकता

स्वर्ग र नर्क मानिसको व्यवहारमा निर्भर गर्छ। शरीर घर हो जसमा निवास गर्ने तीन तत्त्वहरू छन्, जसलाई मानस (मन), वाक् (वचन) र हातगोडाहरू (कर्मेन्द्रिय) भनिन्छ।

सत्य साई स्पिक्स, भाग २८, परिच्छेद २
१४ जनवरी १९९५

आध्यात्मिक उन्नतिमा पहिलो कदम भनेको विचार, वाणी र कर्ममा एकता हो। पिढीको लोकोपकारिता व्यक्त गर्ने र प्रस्फुटन हुने शैली विचार, वाणी र कर्मको उपयुक्त सम्मिलनमा निर्भर गर्छ। यो सबैभन्दा ठूलो गुण हो। विचार, वाणी र कर्ममा समन्वय नहुने हो भने त्यसले आत्म–धोका, पाखण्ड र आध्यात्मिक विचलनमा अग्रसर गराउँछ। अर्को शब्दमा मानसिक र शारीरिक क्रियाकलापबीचको घनिष्ट सम्बन्ध आध्यात्मिक खजानाका लागि अत्यावश्यक एक अंश हो।

समर सावर्स इन वृन्दावन १९७९, परिच्छेद ३

मानवीयताको प्रमाणचिह्न नै विचार, वाणी र कर्मको एकता हो।

सत्य साई स्पिक्स, भाग २६, परिच्छेद ४२
९ अप्रिल १९९३

वैदिक बोलीमा यस एकतालाई त्रिकरण शुद्धि भनी वर्णन गरिएको छ। *मनस्येकं वचस्येकं कर्मण्येकं महात्मनः* (मन, वचन र कर्ममा पूर्ण सामञ्जस्य राख्नेहरू पुण्यात्मा हुन्)। *मनस्यन्यात् वचस्यन्यात् कर्मण्यन्यात् दुरात्मनः* (मनले एक थोक, वाणीले अर्कै थोक र झन् कर्मले अझ अर्को थोक गर्ने चाहिँ दुरात्मा हुन्)।

सत्य साई स्पिक्स, भाग २८, परिच्छेद २
१४ जनवरी १९९५

व्यक्तिको बोली उसको विचार अनुरूपको हुँदा त्यो सत्य बन्छ। अनि बोलिएको बोली कर्ममा रूपान्तरित हुँदा त्यो धर्म बन्छ।

सत्य साई स्पिक्स, भाग २७, परिच्छेद ९
११ मार्च १९९४

भनिन्छ, 'मानिसको समुचित अध्ययन नै मानवीयता हो'। शिर (Head), हृदय (Heart) र हात (Hand) हरूले समन्वयताका साथ मिलेर कार्य गर्नुपर्छ। त्यही नै 3HV हो। योभन्दा ठूलो मानवीय मूल्य अरू छैन।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १७
२९ सेप्टेम्बर २०००

.........

## सिद्धान्तको अभ्यास

### विचार, वाणी र कर्ममा मिलाप

जे तिमी सोच्छौ त्यही तिमीले बोल्नुपर्छ; अनि जे तिमी बोल्छौ, त्यही तिमीले व्यवहारमा गर्नुपर्छ। त्यही नै साँचो मानवीयता हो। यसैलाई त्रिकरण शुद्धि भनिन्छ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद १४
६ अगस्ट २००८

कुनै अमूक विषयमा के धर्म हो र के होइन भनी तिमी कसरी निधो गर्ने गर्छौ? विचार, वाणी र कर्मको मिलापमा सहमत होऊ। आफूले बोलेअनुसार गर, आफूले सोचेअनुसार नै बोल।

सत्य साई स्पिक्स, भाग २, परिच्छेद ४४
५ अक्टोबर १९६२

चेतनामा उत्पन्न हुने विचार नै बोलीमा व्यक्त हुनुपर्छ। यदि आन्तरिक भावना बोलीभन्दा पृथक् भयो भने ती शब्दलाई सत्य असत्य के भनेर व्यवहार गर्ने? स्पष्ट रूपमै त्यो त असत्य हो। जब उसको कर्म नै उसका बोलीअनुरूप हुँदैनन् भने त्यो अधर्म हो। व्यक्तिको अन्तःस्करणको गहिराइबाट उत्पन्न विचारको व्यक्त रूप नै सत्य र असल कर्म हुन्।

सत्य साई स्पिक्स, भाग २७, परिच्छेद ९
११ मार्च १९९४

अन्तःस्करणलाई धोका नदेऊ। मिथ्याको खोलमा आफ्नो विचारलाई नछोप। आफ्नो चेतनालाई बलपूर्वक दास बनाउँदै त्यसले स्वीकृति नदिएको कार्य आरम्भ गरेर त्यसलाई नदबाऊ। त्यही नै जीवनको धार्मिक मार्ग हो।

सत्य साई स्पिक्स, भाग २, परिच्छेद ४४
५ अक्टोबर १९६२

निरन्तर ठीक मात्रै गरिरहनाले चेतनामा सरलभन्दा सरल बानीको विकास हुन्छ। सद्व्यवहारलाई तिमीले पच्छ्याइरहेपछि तिमी स्वतः ठीकलाई मात्र पच्छ्याउने हुन्छौ। तिमी जे गर्छौ तिमी जे हौ त्यसमा निर्भर हुन्छ; तिमी जे हौ तिमीले जे गर्छौ त्यसमा निर्भर हुन्छ। दुवै निकै नै अन्तर्सम्बन्धित छन्।

सत्य साई स्पिक्स, भाग २, परिच्छेद ४४
५ अक्टोबर १९६२

आफू नै कमजोर हुनेले कसरी आफू र अरूलाई नियन्त्रित गर्न सक्छ? बोली र कर्ममा एकता हुनै पर्छ। तब मात्र उसले महान् कुरा हासिल गर्न सक्छ।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद २३
२ जुन १९९०

प्रेम निकै महत्त्वपूर्ण छ। तिम्रो विचार, वाणी र कर्ममा प्रेम हुनुपर्छ। विचार, वाणी र कर्ममा एकता हुनु नै पर्छ।

सत्य साई स्पिक्स, भाग ४२, परिच्छेद २०
१९ डिसेम्बर २००९

.........

## उदाहरण

### आदि शङ्कराचार्य

शङ्कराचार्यका उपदेशहरू टाढाटाढासम्म फैलिरहेको थियो। बनारसका पण्डितहरूले पवित्र सहरका विद्वान्‌हरूका लागि ठूलो सभाको व्यवस्था मिलाए।

त्यहाँ धेरै विद्वान्‌हरू आआफ्नो पद्‌वीका साथ भेला भए। सभामा ठाँटबाँटको कुनै कमी थिएन। शङ्कराचार्य आफ्ना काँधमा एउटा काँधे रुमाल र घुँडालाई छोप्ने गरी धोती लगाएर साधारण किसिमबाट प्रवेश गरे। उनलाई त्यसरी देखेपछि पण्डितहरूलाई त्यो सबै ठट्टा हो कि भन्ने लाग्यो। केही पण्डितले त "यिनले रुद्राक्षको मालासमेत लगाएका छैनन्। पण्डितको त व्यक्तित्वमा नै प्रभावशाली छवि हुनुपर्छ। यस्तो ठिटोले हामीलाई के बताउन सक्लान् र?" सम्म भने। उनीहरूले शङ्कराचार्यलाई यसरी सम्बोधन गरेः "तपाईं सबै वेद र शास्त्रहरूमा निपुण हुनुहुन्छ, व्याकरण र तर्कमा पारङ्गत हुनुहुन्छ अनि अद्वैत दर्शनका प्रणेता हुनुहुन्छ भन्ने हामीले थाहा पाएका छौँ।" तब शङ्कराचार्यले भजगोविन्दम् भजन गाएर भौतिक सम्पत्तिको क्षणिक स्वभाव औँल्याउँदै सबैलाई सांसारिक आकाङ्क्षा त्याग्न प्रेरित गरे। उनले पण्डितहरूमा समान दृष्टि हुनुपर्छ अनि धनको आकाङ्क्षा त्याग्नुपर्छ, त्यही नै उसको कर्मको नतिजा हो भनी घोषणा गरे। "धनको तिर्खा त्याग्नुहोस् अनि ईश्वरको भोक जगाउनुहोस्" तीक्ष्ण शब्दमा शङ्कराचार्यले घोषणा गरे। त्यसपछि उनले अद्वैत तत्त्व – मिमांशामा एउटा अद्भूत व्याख्या प्रस्तुत गरे।

युवा शङ्कराचार्यको प्रस्तुतिमा

सबै पण्डित र तिनका शिष्यहरू छक्क परे। उनीहरूले के बुझे भने त्यहाँ भएका व्यक्ति महान् गुरु मात्र नभई आफूले सिकाएको विषय अभ्यास गर्ने व्यक्ति हुन्। विचार, वाणी र कर्मको यही एकता नै महानताको चिह्न हो। विचार, वाणी र कर्ममा एकता र पवित्रताका स्वरूप नै शङ्कराचार्य थिए। धेरै पण्डितहरूले उठेर प्रश्नहरू सोधिरहे। उनले सहजताका साथ ती प्रश्नहरूको ठीक ठीक उत्तर दिए। उनले अद्वैतको अर्थ आत्मामा एकाकार र यही एकाकारको चेतना नै साँचो ज्ञान हो भनी घोषणा गरे। आध्यात्मिक ज्ञान मात्रै साँचो ज्ञान हो। आजका पण्डितहरूलाई यसको बोध छैन भनी उनले घोषणा गरे।

नाम र रूप अनेक भए पनि आत्मा एक मात्रै छ भनी शङ्कराचार्यले औँल्याए। त्यही आत्मा सबैको हृदयमा निवास गर्छ। उनले पण्डितहरूलाई आफ्नो हृदय पवित्र बनाएर अन्तस्करणको आदेश पच्छ्याउन प्रोत्साहित गरे। मत पृथक् भए पनि ईश्वर एक छन् भनी शङ्कराचार्यले स्पष्ट पारे।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद ४३
७ सेप्टेबर १९९६

## अब्राहम लिङ्कन

यो उदाहरणका लागि लिङ्कन उपयुक्त उदाहरण हुन्। उनले आफूले बोल्ने कुरा सोच्थे, आफूले व्यक्त गरेकै कुराको परिपालना गर्थे अनि आफूले ठानेकै कुरा अन्त्यमा हासिल गर्थे। त्यसैले त्रिपत्रीय एकता अत्यावश्यक छ; अन्यथा मानवीयता गुम्नेछ।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १७
२९ सेप्टेम्बर २०००

# सामाजिक (समष्टि) तहमा एकता

.........

## सिद्धान्तको बुझाइ

### परिवार र विश्वसँग तादाम्यता

विश्वमा परिवार एक महत्त्वपूर्ण कार्यात्मक एकाइ हो। यदि परिवार सकुशल चल्ने हो भने संसार पनि सजिलैसँग चल्नेछ। यदि परिवार सदस्यहरूको एकताले सानै हदसम्मको कठिनाइ भोग्यो भने पनि विश्वले त्यसको अप्रत्यक्ष प्रभावको सामना गर्नुपर्नेछ। एकताले परिवारका सदस्यहरूको जीवनमा बल प्रदान गर्छ। तसर्थ प्रत्येक परिवारले आफ्ना सदस्यहरूबीच एकता र सुमधुर सम्बन्ध हासिल गर्न प्रयत्न गर्नुपर्छ।

सत्य साई स्पिक्स, भाग ३६, परिच्छेद ४
२ मार्च २००३

घरमा परिवारबाट नै शान्ति सुरु हुनुपर्छ। जब परिवारमा समझदारी र सद्भाव हुन्छ तब समुदाय पछि राष्ट्र हुँदै संसारमा नै शान्ति छरिन्छ। त्यसकारण एकता आजको प्राथमिक आवश्यकता हो। एकताले आनन्द र शान्ति प्रदान गर्छ।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद ३१
२० नोभेम्बर १९९०

.........

## सिद्धान्तको अभ्यास

### सझमदारी र समन्वय

कुनै पनि परिवार सहज रूपमा चल्नका लागि सदस्यहरूबीच एकअर्कामा समझदारी र समन्वय धेरै आवश्यक हुन्छ। उदाहरणका लागि पतिपत्नीबीच उपयुक्त समझदारी छ भने अफिसबाट पति ढिलो घर आइपुग्दासमेत पत्नीले आपत्ति जनाउँदिनन्। वास्तवमा, पति अफिसमा व्यस्त भएकाले वा ट्रफिक जाममा परेर वेर भयो होला भनी ठान्दै उत्सुकताका साथ बसिरहेकी हुन्छिन्। तर यदि दुवैबीच समझदारी छैन भने पाँच मिनेट मात्रै ढिलो हुँदा पनि झगडा सुरु हुन्छ। समझदारी हुँदा

मात्र समन्वय सहज हुनेछ। चाहे ती विद्यार्थी, शिक्षक वा परिवारका सदस्यहरू नै किन नहुन् समझदारी अत्यावश्यक छ।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १७
२९ सेप्टेम्बर २०००

परिवारमा आफूलाई दाजुभाइ ठानेर व्यवहार गर। तर त्यत्तिमै सीमित नहोऊ। स्वार्थीपन र स्वार्थलाई पूर्णतः पन्छाएर सेवाकार्यहरू नै जीवनको सर्वोच्च उद्देश्य हो भनी ठान्दै नातागोताभन्दा बाहिर आत्मिक एकतामा जाऊ। सेवा तिम्रो प्राणवायु हुनैपर्छ। तिमी आदर्श सेवक बनेर संसारमा एक उदाहरण होऊ।

सत्य साई स्पिक्स, भाग २०, परिच्छेद २६
१९ नोभेम्बर १९८७

..........

## उदाहरण

### पाँच औँला

एकताबाट जे पनि हासिल गर्न सकिन्छ। उदाहरणका लागि हातको पाँच औँलाहरूलाई नै लिऊ। पाँच औँलाहरू मिले मात्र हामीले कुनै काम पूरा गर्न सक्छौँ। कौरवहरू सङ्ख्यामा एक सय थिए तर असल कार्यका लागि एकजुट हुँदैनथे। आखिरमा उनीहरूको भाग्य कस्तो रह्यो त? उसैगरी रामायणमा वाली र सुग्रीवको भयो। वास्तवमा उनीहरू दाजुभाइ थिए। केही मतभिन्नताका कारणले उनीहरू एकअर्का विरुद्ध घृणा विकसित गर्न थाले। आखिरीमा वालीको अन्त्य रामको हातबाट भयो।

सत्य साई स्पिक्स, भाग ३६, परिच्छेद ४
२ मार्च २००३

### शिव भगवान्को परिवार

भगवान् शिव प्रशान्तिको सर्वोच्च आदर्श हुनुहुन्छ। शास्त्रानुसार भगवान् शिवको पारिवारिक सदस्यहरूमा अनौठो सङ्ग्रह छ। यद्यपि, प्रत्येक सदस्य विनातनाव अति शान्त छ त्यसैले दैवी परिवार शान्ति र मेलमिलापमा रहेको छ।

भगवान् शिवको पाखुरा, घाँटी, शिर र कम्मरमा सर्प बेरिएको छ! उहाँका छोरा सुब्रह्मन्यम मयूरमा सवार हुन्छन्, मयूरले सर्पलाई झम्टिन्छ; अर्का छोरा गणेश मुसोमा सवार हुन्छन् जसलाई सर्पले खाइदिन्छ! गणेशको शिर हात्तीको छ जो सिंहको शिकार हो, फेरि सिंह दुर्गामाताले प्रयोग गर्ने वाहन हो। माता दुर्गा भगवान् शिवकी

पत्नी स्वयं उहाँकै देब्रे तर्फको आधा शरीर हुनुहुन्छ। न त भगवान् शिवको वाहन साँढे नै स्वभावले सिंहको साथी हो ! भगवान् शिवको भ्रूमध्यमा आगो छ अनि शिरमा जल, गङ्गा (नदी) छिन्, दुवै परस्पर मिलेर नबस्ने छन्! परिकल्पना गर, कैलाशको जीवनलाई सहज र आनन्दित बनाउन विभिन्न पात्रहरू कस्तो स्नेहका साथ, कति मिलनसार भएर रहेका छन्।

सत्य साई स्पिक्स, भाग ११, परिच्छेद २५
१५ मे १९७१

## मानव अङ्गहरू

शरीरको प्रत्येक अङ्गले निर्दिष्ट भूमिका सम्पन्न गर्छन्। ठूलो काम गर्नुपर्दा सबै अङ्गहरूले समन्वय गर्दै मिलेर काम गर्छन्। जब रूखको टुप्पामा कुनै फल आँखाले देख्छ, गोडा रूखतिर लम्किन्छ, हातले एउटा ढुङ्गो टिप्छ अनि फलतर्फ ताक्दै हिर्काउँछ। जब फल तल झर्छ औँलाहरूले त्यसलाई उठाउँछन् अनि त्यसलाई मुखमा हाल्छन् जहाँ दाँतले त्यसलाई चपाएर पेटमा पुऱ्याउँछ। यसरी शरीरका सबै अङ्गहरूले सानो कार्यलाई समेत समन्वयात्मक ढङ्गले गरेको देख्न सकिन्छ। त्यस्तै एकता घरमा व्याप्त भए जेपनि हासिल गर्न सकिन्छ।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १७
२९ सेप्टेम्बर २०००

## पाण्डव

परिवारका दाजुभाइहरू कहिल्यै झगडा गर्नुहुँदैन; उनीहरू पाण्डवहरू जस्तै एकजुट हुनुपर्छ। केवल उनीहरूको एकताको कारणले पाण्डवहरूले भगवान् श्रीकृष्णको दिव्य अनुग्रह प्राप्त गर्न सके। एकताले जेपनि हासिल गर्न सकिन्छ।

सत्य साई स्पिक्स, भाग ३६, परिच्छेद ४
२ मार्च २००३

# श्री सत्य साई सङ्गठनमा एकता

.........

## सिद्धान्तको बुझाइ

### साई सङ्गठनको प्रमुख कर्तव्य

सबै एकै परिवार दिव्यका झिल्काहरू हुन् भन्ने एकताको आधारलाई प्रवर्धन गर्नु नै सत्य साई सङ्गठनको प्रमुख कर्तव्य हो। यस आधारभूत सत्यलाई नबुझिकन कुनै पनि प्रकारको सेवा गर्नुको केही औचित्य नै छैन। यदि असल विचार र असल भावनाहरू नहुने हो भने सेवामा पावनता हुनै सक्तैन। जोसँग पवित्र हृदय, निःस्वार्थ भाव र सबैप्रति समदृष्टि छ उसले मात्र धर्मकार्य जसरी सेवा अर्पण गर्न सक्छ।

सत्य साई स्पिक्स, भाग २०, परिच्छेद २६
१९ नोभेम्बर १९८७

यो सबै देखिएको विविधता पछाडिको एकतालाई बुझ्न सङ्गठनले मानिसहरूलाई सहयोग गर्नुपर्छ जुन मानव मस्तिष्कद्वारा यो सबै उहाँमा लादिएको मात्र हो।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद २०
२९ मार्च १९७६

सत्य साई सङ्गठनमा प्रथम अपरिहार्यता भनेको एकता र आपसी विश्वास हो। एकताबाट मात्रै तिमीले विश्वकल्याणलाई प्रवर्धन गर्न सक्छौ। सङ्गठनभित्रै मतभेद भए कसरी अरूको सेवा गर्न सक्छौ र? सहनशीलतालाई आफ्नो गहना बनाऊ। प्रेममार्फत आफ्नो खराब स्वभावहरूलाई हटाऊ।

सत्य साई स्पिक्स, भाग २६, परिच्छेद ३१
७ अक्टोबर १९९३

सत्य साई सेवा समितिहरू (सत्य साई केन्द्रहरू) सबैको एक मात्र ध्येय, उनीहरूले फेर्ने श्वास भन्नु नै एक हौँ भन्ने एकताको चेतना हो। तर, प्रसारको राजनीतिले समितिहरूलाई पनि आक्रमण गर्छ अनि दस मानिसबीच एघार संस्था खडा हुन्छन्। राजनीतिमा जस्तै यहाँ पनि गुट, प्रतिस्पर्धा, शक्ति अनि अधिकारका लागि तनाव र कार्यालयका लागि लालचले टाउको उठाउँछ। मानिसहरू चुनाव र पार्टीहरूको वातावरणीय सङ्क्रमणको बिरोध गर्न सक्षम छैनन्। आध्यात्मिक एकताको लक्ष्य

भएका आकाङ्क्षीहरूको संस्थासँग त्यस प्रकारको चलखेल र प्रवृत्तिहरू सुहाउँदैन।

सत्य साई स्पिक्स, भाग ८, परिच्छेद ४०
१ अक्टोबर १९६८

साई सङ्गठनका एकाइहरूले सनातन धर्मले सिकाएको विविधतामा एकताको उदाहरणीय बन्दै प्रवर्धन गर्नुपर्छ। यही एकतामा जोड दिने उद्देश्यका लागि नै यो सङ्गठन स्थापना भएको हो।

यस भेलामा विभिन्न मुलुकका मानिसहरू, विभिन्न भाषा बोल्नेहरू, धेरै जातिसँग सम्बद्ध हुनेहरू उपस्थित भएका छन्। यी सबैको राष्ट्रियता, जाति, मत, रङ र भेषभूषामा विविधता हुँदाहुँदै पनि आआफ्नो मनले साईका लागि प्रेम तथा साईको प्रेम हासिल गर्न एकजुट भएका छन्। यही नै मेरो वास्तविक कार्य हो। यो नै यस भूमिको प्राचीन भविष्य द्रष्टा र साधुहरूको पुकारको पूर्णता हो। यही एकत्व विकसित गर, प्रेममा यही एकतालाई आदर्श जसरी आफ्नोसामु सदा राखिराख।

सत्य साई स्पिक्स, भाग १४, परिच्छेद ५५
१९ नोभेम्बर १९८०

हातका पाँचै औँला सँगै आए मात्र कुनै पनि कार्य पूरा गर्न सकिन्छ। कोही सङ्गठनको अध्यक्ष होला। यसको अर्थ त्यो होइन कि उसले आफूले चाहेअनुसार आफ्नै सनक र लहडमा काम गर्न सक्छ।

सबै जना विश्वव्यापी परिवारका सदस्य हुन्। यसको अध्यक्ष, सचिव, संयोजक वा एक सदस्य नै किन नहुन् सबै महान् छन्। तर, कामलाई सफल बनाउन सबै जना एकजुट हुनुपर्छ। समिति (साई केन्द्र), सेवादल (सेवा फाँट), बालविकास (शिक्षा फाँट) इत्यादि, सबै सङ्गठनका भाग हुन्, सबै मिलेर काम गर्नुपर्छ। विभिन्न फाँटहरूलाई एकै हातका विभिन्न औँलासरी ठान अनि एकजुट भई काम गर। त्यसैले एकता अति आवश्यक छ। एक्लै हिँड्दा र काम गर्दा तिमीले धपेडी र कडा परिश्रम गर्नुपर्छ; समूहमा भने त्यस्तो पर्दैन।

सबै सँगै बढौँ रमाइलो गरौँ
सँगसँगै काम गरी वीर कार्यहरू गरौँ
झैझगडाविना हामी बाँच्न
सकौँ।(तेलुगु कविता)

सत्य साई स्पिक्स, भाग ३१, परिच्छेद ४१
२० नोभेम्बर १९९८

## निःस्वार्थ सेवा

मानिसको आध्यात्मिक उन्नयनका लागि स्वार्थको सोचविना गरिने सेवा नै पहिलो कदम हो। किनभने यसले तिमीलाई इतिहास र भूगोलले कृत्रिम ढङ्गले थपिएको सबै भिन्नताहरू पार

गरी मानव समुदाय अविभाज्य एक हो भनी बुझाउन सुझाउँछ। यस सत्यलाई जान; यसलाई व्यवहारमा अनुभव गर। यही नै सेवादल (सेवा फाँट) सङ्गठनको कर्तव्य हो।

सत्य साई स्पिक्स, भाग १२, परिच्छेद ४९
१६ अक्टोबर १९७४

सबैमा रमण गरिरहेको आत्मा नै एकै आत्मा हो भन्ने आधारमा साई सङ्गठनले कार्य गर्नुपर्छ।

सत्य साई स्पिक्स, भाग २०, परिच्छेद ३०
२४ नोभेम्बर १९८७

अध्यात्म व्यापार कार्य होइन। अध्यात्म एउटा दिव्य भवन हो। यो एकतासँग आबद्ध छ। यो एकतामा अनेकताले मात्र तिमीहरूलाई आनन्द प्रदान गर्छ। तिमीहरूमा त्यस्तो एकतातत्त्वको विकासको कामना गर्छु। तब मात्र तिमीहरूले गरेका सेवा कार्यको मूल्य र पवित्रता हुन्छ। सबै प्रकारका मतभिन्नताले पवित्र सेवा कार्य प्रदूषित तुल्याउनु व्यर्थ छ।

सत्य साई स्पिक्स, भाग ३६, परिच्छेद १
१ जनवरी २००३

सबैमा निवासी भगवान्लाई अर्पण गरी गरिने कार्य सर्वोच्च सेवा (निःस्वार्थ सेवा) जस्तै पवित्र हुन्छ। यही सेवामा आफूलाई समर्पण गर। भगवान्का अवतारहरू सेवामा संलग्न हुन्छन्; त्यसैले अवतारहरू हुन्छन्। यसैले जब तिमी मानवलाई सेवा अर्पण गर्छौ, अवतार स्वभाविक रूपमा प्रसन्न हुनेछन् अनि तिमीले कृपा प्राप्त गर्न सक्छौ। सत्य साई सेवादलको सदस्य हुनु तिम्रो लागि ठूलो अवसर हो। आशा छ तिमीले यस अवसरको सर्वोत्तम उपयोग गर्ने छौ। सेवा गर्न सक भनी म अशीर्वाद दिन्छु।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद २९
६ मार्च १९७७

केवल आफूजस्तै मानिसहरूप्रति करुणा बर्साउने व्यक्तिले मात्र भगवान्को अनुकम्पामा दावी गर्न सक्छ। यो पनि सर्वोच्च आध्यात्मिक अनुशासन हो; यसले तिमीलाई मानव समुदायको एकता र ईश्वरको अन्तरतम महिमामा प्रभाव पार्छ। सेवादलले लिएको यी अनुशासनबाट मुलुकभरी साँचो आनन्द फैलिन सकोस् अनि मुलुक सुखमय र समृद्ध बनोस्। विश्वमा शान्ति, खुसी र स्नेही भरोसा कायम होस्। यही नै आशीर्वाद हो। तिमीहरू सबैले समस्त मानवताका हित र समृद्धिको कामना गर।

सत्य साई स्पिक्स, भाग १०, परिच्छेद ३९
२५ डिसेम्बर १९७०

## पैसा नभएर नैतिकता महत्त्वपूर्ण

आफ्ना आकाङ्क्षाहरू सीमित गर्ने

मुख्य विषयलाई छलेर मानिसहरू सत्य साई सङ्गठनहरूले सञ्चालन गरेका क्रियाकलापहरूमा केही रकम दान गर्छन्। सत्य साई सङ्गठनहरूले पैसाको चाहना कहिल्यै गरेन। यस सङ्गठनको मुख्य एजेन्डा भनेको मानिसहरू श्रेष्ठताको होडमा अनुकरणीय आदर्शका लागि उभिउन् भन्ने हो। सबैले यसलाई प्राप्त गर्न सक्षम हुन बिस्तारै आफ्नो मानसिकता परिवर्तन गर्नुपर्छ। सत्य साई सङ्गठनहरूले जात, मत र राष्ट्रियताको कुनै भेदभाव नगरी एकताका साथ यसका लागि काम गर्नुपर्छ।

सत्य साई स्पिक्स, भाग २१, परिच्छेद ३१
२१ नोभेम्बर १९८८

.........

## सिद्धान्तको अभ्यास

### साईको उदाहरण अनुसरण गर

एकताको अभावले मुलुक, समुदाय र समाजलाई छिन्नभिन्नतर्फ उन्मुख गराउँछ। त्यसैले सर्वप्रथम एकता हासिल गर्नुपर्छ। साई सङ्गठनहरूका सदस्यहरूले एकतालाई नै आफ्नो प्राणवायु ठान्नुपर्छ। उनीहरूले मानिसहरूलाई जाति, मत र राष्ट्रियताका आधारमा मतभेद गर्नु हुँदैन। साई आदर्शको अनुसरण गर! जब साई स्वयंले सबैलाई समान व्यवहार गर्छु भने तिमी किन गर्दैनौ? मतभेदका लागि कहिल्यै कुनै स्थान नै नदेऊ।

साँचो स्वतन्त्रता एकता पोषणमा छ। त्यसैले पवित्र दैवी मानव मूल्य विकसित गर्न तिमीमा सर्वप्रथम एकता हुनुपर्छ।

सत्य साई सङ्गठनहरूको प्रतिष्ठा र सम्मानलाई दृष्टिमा राख। राम्रो नराम्रो जे तिमी गर्छौ त्यो सत्य साईमा प्रतिबिम्बित हुन्छ। सत्य साईको गौरवलाई जोगाउन सत्यपूर्ण ढङ्गले कार्य गर। सङ्गठनका सदस्यहरूबीच कुनै मतभेद र झैझगडा हुनुहुँदैन। सबै मनमुटावलाई प्रेम र समझदारीबाट समाधान गर। प्रेम ईश्वर हो; प्रेममा बाँच।

सत्य साई स्पिक्स, भाग ३१, परिच्छेद ४१
२० नोभेम्बर १९९८

### तीन गौण गुणहरू

साई सङ्गठनका सदस्यहरूको गुण कस्तो हुनुपर्छ? उनीहरूको हृदय चन्द्रमासरह शीतल हुनुपर्छ। उनीहरूको मन नौनीझैँ पवित्र हुनुपर्छ। उनीहरूको

बोली महसरह मीठो हुनुपर्छ। चन्द्रमाझैँ शीतल हृदय, नौनीझैँ पवित्र मन र महझैँ मीठो बोली भएपछि मात्र तिमी सङ्गठनको योग्य सदस्य बन्नेछौ। जहाँ यी तीन गुण उपस्थित हुन्छन्, त्यहाँ दिव्यता हुन्छ।

सत्य साई स्पिक्स, भाग २८, परिच्छेद ३३
२० नोभेम्बर १९९५

## राजनीति होइन

मेरो कृपाका लागि भेला भएका यी अभिलाषीहरूलाई प्रतिद्वन्द्वी र गुटको विषाणुले दुषित नबनाऊ।

सत्य साई स्पिक्स, भाग ९, परिच्छेद ३२
२० नोभेम्बर १९६९

तिमीहरूका गतिविधिहरू राजनैतिक क्रियाकलापसरह हुनुहुँदैन। विभिन्न थरी मानिसहरूसँग सम्बन्ध बढाउँदा यो एउटा राजनैतिक क्रियाकलापमा परिणत हुन्छ। म यसप्रकारको कार्यबाट प्रसन्न छुइनँ। तिमीहरू जस्तै भए पनि साथसाथै आऊ। तर, भेदभाव नराख। सबै एक हुनुपर्छ।

सत्य साई स्पिक्स, भाग ३६, परिच्छेद १
१ जनवरी २००३

सत्य साई सङ्गठनमा राजनीतिक गुट–व्यापार गर्ने, समूह निर्माण गर्ने, लोकनिन्दा फैलाउने र अख्तियारी पद जित्नका लागि मत समात्ने वा उनीहरूबाट अरूलाई निकाल्ने शैली नभित्र्याऊ। अरूमाथि आफू भारी हुनका लागि भक्तहरूबीच फाटो ल्याउने तथा पार्टी सिर्जना गर्ने नगर। झुट्टो निन्दा तथा लोकनिन्दालाई सहु। विश्वामित्रले साधनामा प्रमुख सत्रु क्रोध हो भनी पत्ता लगाए। क्रोधको एक आक्रमणले तीन महिनाको स्वास्थ्य र कार्यकुशलतालाई समाप्त पार्छ।

सत्य साई स्पिक्स, भाग ११, परिच्छेद २४
१४ मे १९७१

## प्रेमद्वारा प्रेम हासिल

प्रेमबाट प्रेम हासिल गर। प्रेमबाट मात्र विविधतामा एकता अनुभव गर्न सकिन्छ। यस्तो प्रेमको एकता अन्त कतै नभई केवल प्रशान्ति निलयम्मा मात्र देख्न सकिन्छ।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद ३५
२४ नोभेम्बर १९९०

नीरस मरुभूमि सरहका हृदयहरूमा प्रेमको बिउ छर; तब, प्रेमको अङ्कुरणले बञ्जर पनि हरियो भई हर्षित हुनेछ, प्रेमको कोपिलाले हावालाई पनि सुवासित बनाउँछ, उपत्यकामा प्रेम नदीको मन्द आवाजले प्रत्येक चरा, पशु र केटाकेटीहरू समेत प्रेमकै गीत गाउन थाल्नेछन्। अहिले हामीसँग केही गाउँमा मात्र सीमित यी सेवादल छन्। सबै गाउँ र सबै सहरहरूमा

उनीहरूलाई पुऱ्याएर त्यहाँका मानिसबाट मानिसहरूलाई नै सेवा गराई भगवान्का मानिस खोज्न अगुवाई गराउनु सेवादलको वास्तविकता हो।

सत्य साई स्पिक्स, भाग १०, परिच्छेद २३
४ अक्टोबर १९७०

मतभेदले हामीलाई विभाजन गर्नु हुँदैन। सत्य साई सङ्गठनका सदस्यहरूमा त्यस्तो एकता हुनुपर्छ। त्यहाँ कुनै द्वन्द्व हुन नदिऊँ। एकै परिवारका सन्तान जसरी बाँच। असल नाम कमाऊ ताकि संसारमा साई सङ्गठनसँग दाँजिने अन्य सङ्गठन नहोस्। प्रेम विकसित गर्दै एकजुट भई काम गर।

सत्य साई स्पिक्स, भाग ३१, परिच्छेद ४१
२० नोभेम्बर १९९८

.........

## उदाहरण

### युधिष्ठिर

पाण्डव दाजुभाइका जेठा दाजु धर्मराजले आफ्ना सामु राखेको कथनमा सबैले मनन गर्नु आज निकै आवश्यक भएको छ।

जब एक दिन श्रीकृष्णले उनलाई तपाईंका भाइहरू कहाँ छन् भनी सोध्नु हुँदा उनले उत्तरमा, "उनीहरूमध्ये केही हस्तिनापुर सहरमा र केही जङ्गलमा छन्" भने। श्रीकृष्ण छक्क परे झैं गर्नुभयो। उहाँले भन्नुभयो, "धर्मराज ! तपाईंको दिमागलाई के भयो? तपाईंहरू पाँचै भाइ त यहीँ जङ्गलमा हुनुहुन्छ, त्यो तपाईंलाई पनि थाहा छ। कोही पनि हस्तिनापुर सहरमा छैनन्!"

धर्मराजले भने, "माफ गर्नुहोला भगवान् ! जम्मा दाजुभाइहरू हामी १०५ छौं"। श्रीकृष्णले तर्क गलत भएको स्वाङ पार्नुभयो। उहाँले पाँच जनाकै नाम भन्नुभयो अनि सय अरू किन थपे भनी कारण खोज्नुभयो।" मेरा पिताका पाँच भाइ छोरा छन्; उहाँका दाजु अन्धा धृतराष्ट्रका सय भाइ छोरा छन्। जब हामी उनीहरूसँग झगडा गर्छौं हामी पाँच र उनीहरू सय हुन्छौं। झगडा नगर्दा भने हामी एक सय पाँच नै छौं।"

जब त्यसरी घृणा र लोभको अन्त्य झैझगडाबाट, युद्धबाट हुन्छ, बन्धुत्व टुक्रिन्छ अनि हृदय अलग्गिएर बग्छ। आजको यो खण्डीकरण हरेक क्षेत्रमा, हाम्रा समितिहरूमा समेत प्रत्यक्ष देखिन्छ ! क्रोध, ईर्ष्या, गुट र फोटोहरू स्वाभावले नै तीव्र रूपमा बढ्ने किसिमका हुन्छन्।

सत्य साई स्पिक्स, भाग १४, परिच्छेद ४२
२२ नोभेम्बर १९७९

# विश्वासमा एकता

..........

## सिद्धान्तको बुझाइ

### विश्वासमा विविधता छ तर सत्य एउटै छ

विविध विश्वासहरू अस्तित्वमा रहून्, उनीहरू फस्टाऊन्। प्रत्येक भाषामा र विविध धुनमा भगवान्को गरिमा गान होस्। हाम्रो आदर्श यस्तो हुनुपर्छ। विश्वासमा रहेको विविधताको सम्मान गर र यिनीहरूको वैधता स्वीकार, तर यसले एकताको ज्वाला निभ्न नदेओस् भन्ने कुरा पनि विचार गर।

सत्य साई बाबा, लाइट अफ लभ, पृ. ६४
४ जुलाई १९६८

सबै मानवजाति एउटै धर्म, मानवीय धर्ममा आबद्ध छन्। सबै मानिसका पिता ईश्वर नै हुनुहुन्छ। ईश्वरका सन्तान भएकाले सबै मानिसहरू दाजुभाइ दिदीबहिनी नै हुन्। तसर्थ, यो सम्मेलन एउटा पारिवारिक जमघट हो। यो कुनै राष्ट्रियता र धर्मको भेला होइन। यो त मनहरूको भेला हो। यसले कुनै एक संस्कृति वा दर्शनसँग सरोकार राख्दैन। यो त सबै धर्मको शिक्षामा निहित दैवी जीवनपद्धतिसँग सम्बन्धित छ। यसको उद्देश्य नै दिव्यतामा एकतालाई देख्नु हो।

सत्य साई स्पिक्स, भाग १६, परिच्छेद २९
३० अक्टोबर १९८३

भगवान् एक मात्र हुनुहुन्छ र उहाँ सर्वव्यापक हुनुहुन्छ। धर्म एउटै मात्र छ, त्यो हो प्रेमको धर्म; जाति एउटै मात्र छ, त्यो हो मानव जाति; भाषा एउटै मात्र छ, त्यो हो हृदयको भाषा।

सत्य साई स्पिक्स, भाग ११, परिच्छेद ५४
२४ डिसेम्बर १९७२

भगवान्ले हामीलाई प्रदान गर्नुभएको आशीर्वादका लागि मानिसले भगवान्को पूजा आराधना गर्नुपर्छ भनेर वेदले सिकाउँछ। मानिसले शान्तिका लागि प्रार्थना गर्नुपर्छ र दानको अभ्यास गर्नुपर्छ भनेर बाइबलले सिकाउँछ। दुःखीहरूप्रति दयाभाव राख्नु र आफूलाई सर्वोच्चप्रति पूर्ण समर्पित गर्नु भनेर कुरानमा भनिएको छ। बुद्ध धर्मग्रन्थले अनासक्ति र इन्द्रिय निग्रह सिकाउँछ। जेन्द अभेष्ताले मानिसलाई पापतर्फको लगाव परित्याग गर्ने र आफ्नो स्वाभाविक कीर्तिसहित चम्किने

उपदेश दिन्छ। एउटा गुरुले यस्ता सारा गुण अपनाउनुपर्छ र आफू नै उदाहरण बनी आफ्ना चेलाहरूलाई ज्ञान दिनुपर्छ।

श्री सत्य साई एडुकेयर – ह्युमन भ्यालुज
६ जुन १९७८, पृ.१२,२०–२१

*जसलाई मुस्लिमले अल्लाह, इसाईले यहोवा,*
*वैष्णवले फुल्लब्जाक्ष र शैवीले शम्भु भन्दै पुज्छन्,*
*जहाँकहीं हुने सबै प्रार्थनाको उत्तर सबैलाई दिँदै*
*स्वास्थ्य, समृद्धि र सुख प्रदान गर्ने*
*एकै ईश्वर हुन् उनी मानवताको।*

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद २३
१ अक्टोबर १९७६

म कुनै आस्थामा विघ्न पार्न वा कुनै विश्वासको नाश गर्न आएको होइन, बरु प्रत्येक मानिसलाई उसको आफ्नै आस्थामा अझ बढी स्थिर बनाउन आएको हुँ – तिमी क्रिश्चियन हौ भने असल क्रिश्चियन बन, तिमी मुस्लिम हौ भने असल मुसलमान बन र हिन्दु हौ भने असल हिन्दु बन।

सत्य साई बाबा, लाइट अफ लभ, पृ. ६४
४ जुलाई १९६८

धर्महरू धेरै छन्, तर मार्ग एउटै हो। फूलहरू विभिन्न छन्, तर पूजा एउटै हो। पेशा थुप्रै हुन सक्छ, तर जीविकोपार्जन एउटै हो।

सत्य साई स्पिक्स, भाग २, परिच्छेद ८
३० अप्रिल १९६१

## सिर्जनाका संयोजक पक्ष

धर्महरू धेरै हुन सक्छन्, तर ती सबैले मानिसलाई समान उद्देश्यतर्फ अग्रसर बनाउँछ – भगवद् प्राप्ति। वस्त्रहरू भिन्न भिन्न हुन सक्छन्, तर त्यसमा रहेको कपडा एउटै हुन्छ। गहना विभिन्न हुन सक्छन्, तर सुन त एउटै हो। गाई विभिन्न जातका हुन सक्छन्, तर दूध एउटै हो। बत्तीका चिमहरू फरक फरक एकाइ, रङ र आकारका हुन सक्छन्, तर ती चिम बाल्ने विद्युत भने एउटै हो।

त्यसैगरी, जीव र जनावरहरू अनगिन्ती छन्, तर ती सबैमा रहेको प्राणशक्ति भने मुख्यतया समान नै हुन्छ। सिर्जनाको यो संयोजन पक्षको अनुभूति नै ज्ञान समत्व (आत्म ज्ञानको समभाव) हो।

समर सावर्स इन वृन्दावन १९७९, परिच्छेद २९

*धर्महरू धेरै छन्, तर उद्देश्य एउटै हो।*
*कपडाहरू धेरै छन्, तर धागो एउटै हुन्छ।*
*गहनाहरू धेरैथरी हुन्छन्, तर सुन एउटै हुन्छ।*

*गाईहरू धेरै हुन्छन्, तर दूध एउटै हुन्छ।*
*... म भन्छु, "धर्म धेरै छन् तर लक्ष्य एउटै छ।"*

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

## सबै धर्मका आधारभूत सत्य

राष्ट्र र जातिलाई बेवास्ता गर्दै सबै धर्मको आधारभूत सत्य एक र उही छ। दर्शन र अभ्यासका तरिकाहरू फरक होलान् तर निचोड र लक्ष्य भने एकै छ। सबै धर्मले दिव्यताको एकतालाई नै घोषणा गर्छन् अनि जाति, सम्प्रदाय, राष्ट्र र वर्णलाई वास्ता नगरिकन सर्वव्यापक प्रेमकै जगेर्ना गर्न उपदेश दिन्छन्। यस आधारभूत सत्यमा अनभिज्ञ हुनेले मात्र उनीहरूको आफ्नै धर्म, घमण्ड र अहम्लाई महत्त्व दिन्छन्। त्यस्ता मानिसले दिव्यतालाई छुट्टै भएजसरी ठूलो भ्रम फैलाउँछन् र गन्जागोलजस्तै बनाउँछन्। अनन्त दिव्यतालाई त्यसरी साँघुरो डब्बामा थुनेर भाग लगाउनु भनेको भगवान्सँग विश्वासघात गर्नु हो। आध्यात्मिक तथा ईश्वरीय जीवनको आधार भनेकै आत्मामा रम्नु हो।

यही आध्यात्मिक आधारलाई सामाजिक जीवनमा सुनिश्चित गर्नुपर्छ। तथापि, मानवले शरीर मात्रै यथार्थ हो भन्ने मान्यतालाई आफ्नो जीवनको आधार बनाएको छ। आत्म सम्बन्धमा उसले सिक्नुपर्ने यो त्रुटिबाट मानिस मुक्त हुनुपर्छ। मानिस र समाज ईश्वरकै इच्छाले सिर्जना गरिएका हुन् अनि उहाँ नै ब्रह्माण्डमा व्याप्त हुनुहुन्छ भन्ने कुरा मानवले बुझ्नुपर्छ। यही सत्यलाई बुझेपछि मात्र मानिसले आफ्नो अहम्लाई त्यागेर कर्तव्यका लागि समर्पणको जीवन जिउन सक्छ। समाज स्वार्थी व्यक्तिहरूको अखडा नबनिकन दिव्य निर्देशित व्यक्तिहरूको एक समुदाय बन्नुपर्छ।

विज्ञानको प्रगतिका कारण मानिसले आफूलाई नै ब्रह्माण्डको अधिपति ठानेर देवलाई बिर्सन खोज्दै छ। यद्यपि, आज मानिस चन्द्रमामा समेत पुगेर बाह्य खगोलको अन्वेषण गर्दै छ, यस सृष्टिमा अझ असङ्ख्य रहस्यात्मक तथा विचित्रका चीजहरू छन् भनी ठानेको भए दिमाग र बुद्धिमत्ताको क्षमताभन्दा यी पर छन् भनी उसले बुझ्नेछ। ब्रह्माण्डको रहस्यलाई मानिसले जति बढी पत्ता लगाउँछ उति नै बढी सृष्टिका रचयिता अनि प्रेरक भगवान् नै हुनुहुन्छ भन्ने कुरा बुझ्नेछ। सबै धर्मले यही सत्यलाई स्विकार्छन्। मानिसले गर्न सक्ने भनेको आफ्नो सीमित ज्ञान र बुद्धिले अदृश्य र अनन्त परमात्मालाई बुझेर उहाँलाई पूजा गर्दै उहाँलाई नै मान्नु हो।

सत्य साई स्पिक्स, भाग १६, परिच्छेद २९
३० अक्टोबर १९८३

सबै धर्मले एउटै आधारभूत अनुशासन सिकाउँछ; आफ्नो मनबाट अहंको दाग हटाउने, र झिना खुसीहरूको पछि नलाग्ने। सबै धर्मले मानिसलाई आफ्नो आत्मा भगवान्को गौरव गाथाले भर्न र त्यसबाट दम्भको तुच्छता हटाउन सिकाउँछ। मानिसले उच्च उद्देश्य राखून् र मोक्ष प्राप्त गरून् भन्ने हेतुका साथ सबै धर्मले उसलाई अनासक्तिका तरिका र विवेकमा तालिम दिने गर्छन्। प्रत्येक हृदय एक मात्र भगवान्द्वारा प्रेरित हुन्छन्; प्रत्येक आस्थाले एक मात्र भगवान्को गौरव गाथा गाउँछन्; मानिसले जुनसुकै भाषामा जुनसुकै नाम वा रूपले पुकारे पनि उसले एक मात्र भगवान्लाई पुकारिरहेको छ; भगवान्को पूजा प्रेमको माध्यमबाट सर्वोत्कृष्ट रूपमा गर्न सकिन्छ भन्ने कुरामा पूर्ण विश्वास राख। प्रत्येक धर्म, प्रत्येक देश र प्रत्येक महादेशका मानिसहरूबीच एकभाव (एकताको भाव) विकास गर। मैले तिमीहरूलाई दिने प्रेमको सन्देश यही हो। यो सन्देश तिमीहरूले हृदयमा ग्रहण गर्नुपर्छ भन्ने मेरो चाहना हो।

सत्य साई स्पिक्स, भाग ८, परिच्छेद २२
४ जुलाई १९६८

भारतवर्षले सधैँ मानवजातिको आधारभूत एकतामा जोड दिइरहेको छ; समर्पित सेवाद्वारा यो सत्यलाई अनुभवमा मजबुत बनाउन सकिन्छ। भारतवर्ष उग्र रङ्को बगैँचा हो; यहाँ आस्था र मतमा विविधता छ, जो सबै यो सत्य बुझ्नका लागि यही एकता र सेवाको मार्गमा जोड दिने गर्दछन्। यहाँका प्रत्येक मतले प्रत्येक मानिसबीच भातृत्वको घोषणा गरेका छन् – यो भूमिका प्रत्येक साधुसन्तको सन्देश पनि यही हो।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ३९
२५ डिसेम्बर १९७०

सबै धर्मले मानिसलाई आफ्नो हृदयबाट कुभावना, लालसा, घृणा र क्रोध हटाउन प्रेरित गर्छन्। शुद्धताको यो प्रक्रियामा भगवान्को कृपारूपी उपहारलाई सफलताको माध्यम भनी प्रत्येक धर्मले अगाडि सारेका छन्। केवल अहम्बाट भ्रष्ट भएको हृदयमा नीचता र श्रेष्ठताको भावना उत्पन्न हुन्छ। यदि कसैले ऊ अरू कोहीभन्दा श्रेष्ठ छ वा उसको धर्म श्रेष्ठ हो भनी विवाद गर्छ भने यसबाट के प्रस्ट हुन्छ भने उसले आफ्नो आस्थाको चुरो नै बुझ्न सकेको छैन। पात, फूल र फल प्रजातिअनुसार फरक हुन सक्छन् तर तिनीहरूको डालीमा ध्यान दिएर हेर्‍यौ भने तिमीहरूले समानता प्रकट भइरहेको देख्न सक्छौ। त्यसैगरी, साधनाद्वारा सबै धर्मको आधारभूत शिक्षामा भएको समानता प्रकट गर्न

सकिन्छ। अवश्य पनि यो पथ निकै कठिन छ, तर आज नभए भोलि प्रत्येक व्यक्तिले यो पथ अपनाउनै पर्छ।

सत्य साई स्पिक्स, भाग ९, परिच्छेद १
१३ जनवरी १९६९

धर्मले पवित्र विचारहरूलाई मानिसको हृदयमा प्रतिस्थापित गर्न खोज्छ तर मानिसले त्यसलाई अङ्कुरित भएर हुर्कन दिँदैन। शक्ति र प्रतिस्पर्धी सफलताका लागि उसको अहङ्कारी सनकले अधिकांश परिवेशहरूमा धर्मलाई यातना र अत्याचारको साधन झैँ मनाउन प्रयोग गर्छन्। साझा प्रयत्नका लागि मानिसहरूलाई एकताबद्ध गर्नुको सट्टा यो त घृणा र कट्टरपनले रक्षित वरिपरिबाट पर्खालले घेरिएको एउटा पद्धति पो भएको छ। त्यसैले प्रत्येक धर्म कुनै एक सैन्य अड्डाजस्तो आत्मोन्नतिमा डुबेको, आफैँलाई अरूबाट छुटाउन कोसिस गरिरहेको अनि आफैँबाट अस्थिरतालाई रोक्न खोजेजस्तो भएको छ। त्यसैले धर्म नै अस्तव्यस्त र द्वन्द्वको मुख्य कारक भन्दै निन्दा भइरहेको छ। संसारका विभिन्न भागमा र जीवनका अन्य क्षेत्रमा अनेकौँ ठूला प्रगति भइरहेका भए पनि धार्मिक वैरभाव भने दन्किरहेको छ।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद २३
१ अक्टोबर १९७६

यस अवस्थाको मुख्य कारक धर्म होइन भन्ने कुरामा जोड दिनु जरुरी छ। गुटबन्दी झैझगडा र कट्टर घृणा स्वतन्त्र रूपमा विचरण गर्न पाउनुको मुख्य कारण अराजक अहंले गर्दा हो। धर्मले यही जटिल प्रवृत्तिलाई नाश गर्न खोज्छ। त्यसैले यसको समर्थन गर्नुपर्‍यो निन्दा गर्ने होइन। असललाई घृणा गर्ने वृत्ति, वा ब्रह्माण्डलाई जीवन्त राख्ने रहस्यमय शक्तिका विषयमा अनर्गल धारणा राख्ने वा सङ्कुचितहरूलाई निन्दा गर्नुपर्‍यो। अज्ञानता र लालचको हिलोमा धार्मिक युद्ध र झैझगडा जन्मियो। जब मानिस सत्यमा अन्धो हुन्छ तब मानव परिवार अविभाज्य एकाइ हुँदाहुँदै पनि अन्धकारमा छामछुम गर्छ र अनौठो स्पर्शबाट डराउँछ। प्रेमको विकासले मात्र मानिस संसारमा एउटै मात्र जाति छ र त्यो नै मानवताको जाति अनि एउटै मात्र धर्म छ त्यो प्रेमको धर्म भन्ने सत्यमा विश्वस्त हुन सक्छ। कुनै पनि धर्मले हिंसालाई समर्थन गर्दैन, प्रेमलाई घृणा गर्दैन। त्यसैले धर्मलाई लथालिङ्ग पार्न खोज्नु गलत हो।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद २३
१ अक्टोबर १९७६

सबै जीव आफूले धारण गरेको नाम र रूपमा वास्तवमा ब्रह्माण्डीय आत्माका प्रतिरूप हुन्। भारतवर्षको ग्रन्थहरू,

जुन भारतीय संस्कृतिका आधार हुन्, त्यसमा सामेल गरिएको, व्याख्या गरिएको र प्रदर्शन गरिएको सत्य यही हो। तसर्थ सबै धर्म र आस्थाको सार हो : यो एकतामा समाहित हुनु। सबै आध्यात्मिक प्रयासहरूको उद्देश्य हो : यो एकतामा समाहित हुनु। सबै खोजको उद्देश्य हो : यो एकतालाई बुझ्नु। तर यो प्रत्यक्ष तथ्यलाई मानिसहरू बेवास्ता गर्छन्, र आफैँलाई विवाद, व्याकुलता र अशान्तिको पात्र बनाउँछन् र सहायताको खोजीमा भयभीत हुने त्रुटि गर्छन्, उनीहरूको विभाजित मनलाई अनेकता कति प्रिय छ।

सत्य साई स्पिक्स, भाग ११, परिच्छेद ५४
२४ डिसेम्बर १९७२

चाहे तिमीहरू विश्वास गर या नगर, अबको २५ देखि ३० वर्षमा सारा मानवजाति एक हुनेछ। हिन्दु, मुस्लिम, क्रिश्चियन आदि प्रत्येक धर्मका मानिसहरू एकताबद्ध हुनेछन्। संसारमा पूर्ण एकता हुनेछ। भारतवर्षको पुण्यभूमिबाट नै भगवान्प्रति भक्तिभाव संसारभर विस्तार हुनेछ। यो सत्यलाई हृदयाङ्गम गर।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ४१
३१ मे २००८

..........

# सिद्धान्तको अभ्यास

## आपसमा सद्भाव बढाऊ

आफ्नो धर्म जे भए पनि सबैको आस्थाका लागि आदर विकास गर्नुपर्छ। अरूहरूको धर्मका लागि सहनशीलता र आदरको त्यस्तो वृत्ति कसैमा छैन भने ऊ आफ्नै धर्मको समेत सच्चा अनुयायी होइन। आफ्नै धर्मलाई मात्र कठोरताका साथ पालना गरेर मात्र हुँदैन। सबै धर्महरूको आवश्यक एकतालाई बुझ्ने प्रयास पनि गर्नुपर्छ। तब मात्र मानिसले दिव्यताको एकतालाई अनुभव गर्न सक्नेछ। धर्मका क्षेत्रमा कुनै पनि प्रकारको जबरजस्ती वा बाध्यता हुनुहुँदैन। धार्मिक मामिलामा तिमीले उत्तेजित नभई शान्तिपूर्वक छलफल गर्नुपर्छ। आफ्नो धर्म उपल्लो र अर्काको तल्लो भन्ने भावमा नअल्झ। धर्मका लागि द्वन्द्व पूर्णतः अन्त्य हुनैपर्छ। धर्मका परिप्रेक्ष्यमा मानिसहरूलाई विभाजन गर्नु मानवताविरुद्धको अपराध हो।

सत्य साई स्पिक्स, भाग १६, परिच्छेद २९
३० अक्टोबर १९८३

## निःस्वार्थ सेवा

मानिसले कुनै प्रतिफलको आश नगरी निःस्वार्थ भावमा प्रदान गर्ने सेवामा नै मानवजीवनको पूर्णता लुकेको छ। यस्तो भावमा गरिएको सेवाले मानिसको अन्धकारमय अन्तर्मनमा ज्योति बालिदिन्छ, मानिसको हृदयलाई फराकिलो बनाउँछ, उसका आवेगहरूलाई शुद्ध बनाउँछ र दीर्घकालीन आनन्द प्रदान गर्छ।

सत्य साई स्पिक्स, भाग १०, परिच्छेद ३९
२५ डिसेम्बर १९७०

धर्म धर्मबीच विविधता कसरी सिर्जना भयो? प्रत्येक धर्मका प्रवर्तकहरूको मृत्युपश्चात् उनीहरूका अनुयायीहरूले आफ्नो स्वार्थ साँध्नका लागि प्रवर्तकहरूका शिक्षा उल्लङ्घन गरी एकापसमा झगडा गर्न थाले। समयक्रमसँगै, प्रत्येक धर्ममा फुट सिर्जना भयो र सम्प्रदायको विकास भयो। यो सबको कारण ती धर्मका प्रवर्तक होइनन्, धर्ममा लागेका व्यक्तिहरूको व्यक्तिगत, स्वार्थी मनसाय हो।

मानिसहरूले सर्वप्रथम स्वार्थ र आत्मकेन्द्रित हुन छाड्नुपर्छ। उनीहरूले प्रेम, धैर्य र दयाको विकास गर्नैपर्छ। उनीहरूले सामञ्जस्यपूर्ण जीवन बिताउने प्रयास गर्नुपर्छ। तब मात्र तिमीहरूले आफूलाई मुलुकमा शान्ति र विश्वभर खुसीका प्रेमी भनी

कहलाउन सक्नेछौ। सेवा नै मार्गदर्शी सिद्धान्त बन्नुपर्छ। सेवा प्रदान गर्नमा कुनै प्रकारको भेदभावलाई प्रश्रय दिनु हुँदैन। समाजको सेवा गर्ने इच्छा गर्दै गर्दा तिमीहरू आफ्नो व्यक्तिगत तथा साम्प्रदायिक हित परित्याग गर्न तयार हुनुपर्छ। यस्तो त्यागले मात्र मानिसको जीवन परिशोधन गर्न सक्छ।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद ३६
२५ डिसेम्बर १९९०

## सामूहिक साधन गर

समाजका सबै सदस्यसँग
प्रेम र सामञ्जस्यमा बाँच्न सिक।
क्रिश्चियनिटी र इस्लामको आधारभूत शिक्षा यही हो। गुरु नानकले एक्लै बसेर व्यक्तिगत प्रार्थना गर्नुभन्दा सामूहिक प्रार्थनालाई बढी प्राथमिकता दिनुभएको थियो। जब सबै मानिस एकजुट भएर भगवान्‌को प्रार्थना गर्छन्, उनीहरूको प्रार्थनाले भगवान्‌को हृदय पगालिदिन्छ। एउटा ठूलो भेलामा कम्तीमा एक जना त त्यस्तो व्यक्ति हुन्छ जसले शुद्ध हृदयका साथ भगवान्‌लाई प्रार्थना गरेको हुन्छ। त्यो प्रार्थना भगवान्‌सम्म पुग्दछ। तसर्थ, भक्तहरू सामुदायिक भजनमा सहभागी हुनुपर्छ। उनीहरू सामुदायिक सेवामा सहभागी हुनुपर्छ र आफूलाई सामुदायिक जीवनमा समावेश गराउनुपर्छ। सबैभन्दा महान् पथ यही हो।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद ३६
२५ डिसेम्बर १९८६

केही समयअघि तामिलनाडूमा लिखित जपम् (आराधनाको एउटा स्वरूपका रूपमा भगवान्‌को नाम कुनै पुस्तिकामा बारम्बार लेख्नु) नामक अभ्यास प्रारम्भ गरिएको थियो। यो एउटा सामूहिक (समष्टि) साधना थियो। आध्यात्मिक अभ्यासका रूपमा थुप्रा मानिसहरू एक ठाउँमा भेला भएर भगवान्‌को नाम लेखेका थिए। यस्तो सामूहिक प्रयत्नबाट प्राप्त हुने आनन्द अवर्णनीय छ।

समूहमा भगवान्‌को नाम गाउनका लागि गरिने सामुदायिक भजन पनि उत्तिकै आनन्ददायी अनुभव हो। सामुदायिक भजन गुरु नानकले प्रारम्भ गरेका थिए। सामुदायिक भजनबाट दैवी तरङ्गहरू उत्पन्न हुन्छन् जसले सम्पूर्ण वातावरण पवित्र बनाइदिन्छ। आफूले एक्लै भजन गाउँदा त्यस्तो प्रतिफल आशा गर्न सकिँदैन। सामुदायिक भजनले एकता वृद्धि गर्छ जसले शुद्धता र दिव्यतातर्फ डोऱ्याउँछ। आज एकता, शुद्धता र दिव्यता पाउन निकै कठिन छ। मानवहरूका लागि आजको आवश्यकता भनेकै मानवताको आध्यात्मिक एकत्वमा आधारित एकता हो।

सत्य साई स्पिक्स, भाग २७, परिच्छेद ३२
१८ डिसेम्बर १९९४

# समाजमा एकता

..........

## सिद्धान्तको बुझाइ

### मानवजीवन र अध्यात्मको आधार

मानवजीवन समता, ऐक्यता, सहभ्रातृत्व र सौजन्यमा आधारित हुन्छ। मानवजीवनका मुख्य आधार यिनै हुन्। यीमध्ये एउटै मात्र भएन भने पनि जीवन निरर्थक हुनेछ।

सत्य साई स्पिक्स, भाग ३५, परिच्छेद १०
२१ जुलाई २००२

सनातन धर्मको सबैभन्दा उल्लेखनीय विशेषता भनेको समग्र मानवताको हितका निमित्त यसको चिन्ता हो। सबै एकै आमाका सन्तान हुन् भन्ने चेतनाबाट यो चिन्ता उब्जिन्छ। दिमाग र पराक्रममा मानिसबीच फरकपन होला वा उनीहरूका सिद्धान्तहरूमा अनि उनीहरूसँग भएको ज्ञान र सीपमा दाबी गर्लान्। गुणहरूमा समेत भिन्नता होलान्। तर एक चीजको सन्दर्भमा भने कुनै भिन्नता छैन। यो त सबैमा साझा रहेको सृष्टिको प्रक्रियासँग सम्बन्धित छ। यसले नै हामीलाई सबै जीवको समानता स्विकार्ने बनाउँछ। यही विचारको आधारमा नै नयाँ समाज स्थापना हुनुपर्छ।

सत्य साई स्पिक्स, भाग १७, परिच्छेद १४
१३ जुलाई १९८४

मानिस *व्यष्टि जीवी* (व्यक्ति) मात्र नभएर *समष्टि जीवी* (समाजको अभिन्न अङ्ग) पनि हो। *'व्यष्टि' जीवदु* (व्यक्ति) र *'समष्टि' देवदु* (ईश्वर) सँग सम्बन्धित छ। मानिसले व्यक्तिगत तहबाट सामाजिक तहतर्फ यात्रा गर्नुपर्छ। यो तहमा लाग्ने बाटो कस्तो हुन्छ त? सर्वप्रथम, मानिसले आफैँमा विद्यमान जीवनज्योतिको समान सिद्धान्तलाई चिन्नुपर्छ। मानिसले एकत्वको सिद्धान्त बुझेपछि मात्र समत्वको सिद्धान्तलाई अनुभव र अभ्यास गर्न सक्छ।

सत्य साई स्पिक्स, भाग ३५, परिच्छेद १०
२१ जुलाई २००२

समाज धेरै महत्त्वपूर्ण छ। तिमी समाजमा जन्मिन्छौ, समाजमै हुर्किन्छौ अनि समाजमै तिम्रो मृत्यु पनि हुन्छ। समाजबाट तिमी पलभरका लागि समेत अलग्गिन सक्तैनौ। समाजमा सुनाम कमाऊ। तिमी समाजमा एक भएपछि त्यही नै वास्तविक एकता हो। त्यही एकताले तिमीलाई पवित्रतामा लैजान्छ। अनि त्यही पवित्रताले तिमीलाई दिव्यतामा लैजान्छ। एकता,

पवित्रता र दिव्यता। जहाँ एकता हुँदैन त्यहीँ वैमनश्यता प्रवेश गर्छ। समाजमा आज एकता, पवित्रता र दिव्यता कहीँ पनि छैन। त्यहाँ अहिले वैमनश्यता मात्र छ। त्यसैले त्यहाँ एकताको आवश्यकता छ।

सत्य साई स्पिक्स, भाग २६, परिच्छेद ४२
९ अप्रिल १९९३

प्रेमका स्वरूपहरू ! धेरै मानिसहरूले एकताको सिद्धान्तलाई नबुझिकनै जप र ध्यानजस्ता अनेक प्रकारका आध्यात्मिक अभ्यास गर्छन्। जिब्रोले श्रीरामको नाम उच्चारण गरिरहन्छ तर हृदयमा शून्य हुन्छ। त्यो केवल समयको बर्वादी हो। आफ्नो समयलाई खेर फाल्नुको सट्टा सामाजिक सेवा गरेर, सबैमा भगवान्लाई देख। त्यही नै वास्तविक आध्यात्मिक अभ्यास हो। सबै जीवको स्वाभाविक दिव्यतालाई चिन।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

अध्यात्म एकान्तमा एक्लै बस्तैन। अध्यात्मले सबैका लागि समान दृष्टि राखेर सबैका बीचमा रहँदै एकात्मभावले सबैको सेवा गर्ने गर्छ।

सत्य साई स्पिक्स, भाग ३०, परिच्छेद ३४
२६ अप्रिल १९९७

सबै एकै हुन् सबै जस्तो होऊ,
एउटै मात्र जाति छ, मानवजाति।
एउटै मात्र धर्म छ, प्रेमको धर्म।
एउटै मात्र भाषा छ, हृदयको भाषा।
यही साँचो भावना विकसित गर। सबै मतभेद त्याग। प्रेम बढाऊ। सहनशील होऊ। सँगै हिँड। आफ्नो जीवनलाई एकतामा डोऱ्याऊ।

सत्य साई स्पिक्स, भाग २६, परिच्छेद ४२
९ अप्रिल १९९३

## कलह र कष्ट हटाउन जरुरी

आज विश्वको दयनीय दुर्दशाको कारण के हो? कलह र भेदभाव बढेकाले नै मानवीयता खस्किएको हो। एकताको अभिप्रायलाई बेवास्ता गरिएकाले नै मानिस गहिराइको पिँधमा पुगेको हो। संसारमा शान्तिको चाहना मानिसको स्वार्थमा झल्किन्छ।

समर सावर्स इन वृन्दावन १९९३, परिच्छेद १०
मे १९९३

आजको आवश्यकता भनेको सम्पूर्ण मानवजातिको एकता हो। जब तिमीहरूले एकताको विकास गर्छौ, तिमीहरूको हृदयमा शुद्धता उत्पन्न हुन्छ। जहाँ पवित्रता हुन्छ, त्यहाँ दिव्यता हुन्छ। एकता, पवित्रता र दिव्यता एकअर्कासँग जोडिनुका साथै एकअर्काप्रति निर्भर पनि छन्। तर, अचेलका मानिसहरू एकताबाट पर पर मोडिइरहेका छन्।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८
३१ मे २००८

मानिसले आफ्नो प्रेमलाई आफू र आफ्नै परिवारमा सीमित गरिरहेकाले नै उसले

दुःखकष्ट भोगिरहेको छ। उसले सबै आफ्नै दाजुभाइ दिदीबहिनी हुन् भन्ने फराकिलो सोचको विकास गर्नुपर्छ। प्रेमको विस्तार जीवन हो; प्रेममा सङ्कुचन नै मृत्यु हो। सबै भगवान्का सन्तान हुन्। सबै दैवी झिल्काहरू हुन्। भगवान् श्रीकृष्णले भगवद्गीतामा भन्नुभएको छ : *ममैवांशो जीवलोके जीवभूतः सनातन* (सबैको देहमा स्थित शाश्वत आत्मा मेरै अंश हुन्)। त्यसैले मानिसले सबैसित परिचय गर्न आफू उदार मनको हुनुपर्छ। उदार मनविना मानवताले कहिल्यै उन्नति गर्न सक्तैन।

सत्य साई स्पिक्स, भाग ३२, भाग १, परिच्छेद ८
२५ मार्च १९९९

सबै मानवको आत्म–एकतालाई वास्ता नगरी मानिस झगडा र द्वन्द्वमा रमाइरहेको छ। उसले केही आफ्ना समकालीनहरूलाई मित्र र अरूलाई शत्रुजस्तो गरी छुट्याउँछ। आधारभूत रूपमा एकता हुँदा पनि ऊ द्वैधता उब्जाउँछ। उसका मनपर्ने र नपर्ने, पूर्वाग्रह र प्रतिशोध पनि प्रतिबिम्बित हुँदै फर्किएका उसकै प्रेम र घृणाको प्रतिक्रियाका उपज हुन् ती सबै वास्तविकता र घर्षणको प्रतिध्वनि कै गुञ्जन हो। मित्रता र वैरभावसमेत तिम्रै हृदयबाट उत्पन्न हुन्छ; तिनको नामकरण गर्ने तिमी नै हौ, तिमीले औँल्याएका चिह्न लिई अरू मानिस जन्मिएका होइनन्। एकै व्यक्ति कसैका लागि घनिष्ट मित्र र अर्को व्यक्तिका लागि मृत्युतुल्य शत्रु बन्छ – त्यो पनि उसकै शब्द वा कार्यको कारणबाट।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद १३
११ मे १९७५

वैशेषिक दर्शनले निर्विवाद शब्दमा संसारमा तिमीले भोग्ने सुखदुःखका लेखक तिमी स्वयं हौ भन्दै जोड दियो। संसारलाई नसोध यसले तिम्रो खुसीमा कति योगदान पुऱ्यायो बरु आफैँलाई सोध लोककल्याणका लागि तिमी आफैँले कति योगदान गऱ्यौ। वैशेषिक दर्शनले समाजमा हामीले गर्नुपर्ने कर्तव्यमा जोड दिन्छ। यसैले मानिसले आफ्ना कार्यले मानवताको हकहितका लागि के कस्तो गरिरहेको छ भनी थाहा पाउनु उसकै लागि अत्यावश्यक छ।

समर सावर्स इन वृन्दावन १९९३, परिच्छेद १०
मे १९९३

## सामाजिक उन्नतिको राज

आफ्नै जन्मजात दिव्यतालाई बुझ्न छाडेर मानिस उसको आफ्नै भौतिक उपलब्धिको जेलघरमा समातिएको छ। उसका सबै वैज्ञानिक र प्राविधिक प्रगतिभन्दा पनि मानिस स्वयं महान् दिव्य चेतनाले युक्त छ। भौतिक संसारलाई मात्र वास्तविक ठानी चयन गरेकाले वैज्ञानिक, प्राविधिक

भौतिकवादीहरूले एक पटकका लागि समाजमा समृद्धि पाउन सम्भव होला।

तर, त्यही क्रममा यदि मानिसमा स्वार्थ, लोभ र घृणा सामान्य मानिसले गर्नेजस्तो गरी उब्जियो भने समाज आफैँ नामेट हुन्छ। तर, यसको विपरीत मानवलाई अत्यावश्यक दिव्यताको अनुभूति भयो भने मानवजातिबाट एकताको आधार र प्रेमको दिव्य सिद्धान्तको परिपालनाले उत्कृष्ट समाजको निर्माण गर्न सक्छ। यो गहन परिवर्तन व्यक्तिको मनबाट सुरु हुनुपर्छ।

सामाजिक जीवनको मुख्य उद्देश्य भौतिक सुखसुविधा मात्र होइन भन्ने कुरा बुझ्नुपर्छ। भौतिक सुखसुविधाको मात्र चासो राख्ने मानिसहरूले समाजमा सद्भाव र शान्ति हासिल गर्न सक्तैनन्। यदि प्राप्त भयो रे भने पनि त्यो देखावटी मिलाप हुनेछ किनभने त्यस्ता समाजमा बलियाले कमजोरलाई दमन गरिरहेका हुन्छन्। प्रकृतिको उपजहरूको समान वितरणले समेत नाम मात्रको समानताबाहेक अरू केही सुनिश्चित गर्न सक्तैन। इच्छा र क्षमताका सन्दर्भमा भौतिक वस्तुहरूको समान वितरणबाट कसरी समानता प्राप्त हुन्छ र? त्यसैले आध्यात्मिक दृष्टिकोण विकास गर्दै भौतिक वस्तुबाट मनलाई प्रत्येकको हृदयमा आसिन भगवान्मा फर्काएर इच्छाहरूलाई नियन्त्रण गर्न सकिन्छ। अन्तर्वासी आत्माको सत्यलाई पहिचान गरिसेकपछि संसार सिङ्गो परिवार रहेछ भन्ने जानकारीको उदय हुन्छ। त्यसपछि व्यक्तिमा दैवी प्रेम भरिन्छ जुन उसका सबै कार्यहरूमा चलायमान शक्ति बन्छ। मानिस अन्तहीन आकाङ्क्षाहरू खोजीबाट मोडिएर शान्ति र समभाव खोज्न थाल्छ। भौतिकवस्तुको प्रेमलाई ईशप्रेममा रूपान्तरण गर्दा व्यक्तिले दिव्यको अनुभव गर्छ। वास्तवमा यही नै मानिसको अन्तर्निहित स्वाभावको एक भाग हो। यो नै उसको मानवीयता अनि उसको दिव्यताको रहस्य हो।

सत्य साई स्पिक्स, भाग १६, परिच्छेद २९
३० अक्टोबर १९८३

व्यक्ति परिवर्तन भएपछि समाज परिवर्तन हुन्छ। अनि जब समाज परिवर्तन हुन्छ समस्त संसार परिवर्तन हुनेछ। सामाजिक उन्नतिको रहस्य नै एकता हो अनि समाजको सेवा नै यसलाई प्रवर्धन गर्ने साधन हो। त्यसैले सबैले त्यस्तो सेवामा आफूलाई समर्पित भावले अर्पित गर्नुपर्छ।

सत्य साई स्पिक्स, भाग १६, परिच्छेद २९
३० अक्टोबर १९८३

## सिद्धान्तको अभ्यास

### सहनशीलता र आपसी सद्भाव बढाऊ

"मुलुक अनेक छन्, पृथ्वी छ एक। जीव अनेक छन् तर श्वास छ एक।" यो सत्यसँग परिचित हुनुपर्छ। राष्ट्रियता, मत वा जाति जस्तोसुकै भए पनि हावालगायतका प्रकृतिको संसाधन सबैका लागि उपलब्ध छन्। विविधतामा भएको एकता बुझ्नको लागि यो पर्याप्त छ। एकताबाट नै पवित्रता आउँछ। सबै जना दाजुभाइ दिदीबहिनी जसरी बाँच्न खोज्नुपर्छ। कसैले पनि कुनै पनि राष्ट्र, आस्था र संस्कृतिको विरोध गर्नु हुँदैन। जब तिमीले यस्तो बृहत् दृष्टिकोण विकास गर्छौ तिम्रो संस्कारलाई सबैले आदर गर्छन्। आज विश्वलाई आवश्यक भएको एकताको भावना यही हो।

सत्य साई स्पिक्स, भाग २८, परिच्छेद १९
११ जुलाई १९९५

यही साँचो भावना विकास गर। सबै मतभेद त्याग। प्रेम बढाऊ। सहनशील (सहन) होऊ। सबै सँगै हिँड। एकतापूर्ण जीवन बिताऊ। जब व्यक्तिले आफ्नो कर्तव्यमा नचुकिकन पूरा गर्छ उनीहरूको परिवारले उन्नति गर्नेछ। 'समाज' शब्दमा 'सम'को अर्थ तिमीले प्राप्त गरेको र 'अज' को अर्थ पवित्र भन्ने हो। तसर्थ समाजको अर्थ पवित्रता प्राप्त गर्नु। जब समाजले उन्नति गर्छ हामीले पनि उन्नति गर्छौं। सबै कार्य र आध्यात्मिक अभ्यासहरू समाजको हितलाई ध्यानमा राखेर सम्पन्न गर।

सत्य साई स्पिक्स, भाग २६, परिच्छेद ४२
९ अप्रिल १९९३

जेसुकै आवश्यक भए पनि अधिक कुरा नगर। सत्य मात्र बोल। असत्य विषयको तर्कमा नअल्झ। आफूलाई ज्ञान नै नभएको विषयमा वहस गर्नु ठाडै अज्ञानता हो किनभने त्यस्तो व्यर्थ वहसले घृणा उत्पन्न गराउँछ। यसले एकता प्रवर्धन गर्दैन। व्यर्थको तर्कले वैरभाव उब्जाउँछ।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद २१
२१ जुन १९९६

गाउँ गाउँलेहरूका लागि हो भने शरीर व्यक्तिका लागि हो। शरीरका प्रत्येक अङ्गले अरू अङ्गसँग समन्वय गर्दै कार्य गर्छ। यदि गोडाले काँडा कुल्च्यो भने आँखाले दुःखमनाउ गर्दै आँसु झार्छ। यदि आँखाले नै काँडा वा ढुङ्गा बाटोमा देखेको भए उसले त्यसबाट बच्न

गोडालाई सचेत गराउँथ्यो। गाउँलेहरूले पनि त्यही भाव विकास गर्नुपर्छ अनि आफ्ना खुसी र समस्याहरूलाई शरीरले जस्तै गरी बाँड्नुपर्छ। एकताको तिम्रो ताकतले प्राप्त नगर्ने केही छैन।

सत्य साई स्पिक्स, भाग १९, परिच्छेद ९
२२ मे १९८६

मेरो चाहना के हो भने कुनै पनि समयमा तिमीहरूबीच रञ्चमात्र पनि असमझदारी उत्पन्न हुनेबित्तिकै प्रेम र सहनशीलताको माध्यमले आफूहरूबीचमै त्यसलाई ठीक गरिहाल। तब तिमीहरू जोसिनु हुँदैन अनि त्यो विषयलाई लिएर झगडा र गुटबन्दीमा विभाजित हुन दिनुहुँदैन। त्यतिखेर तिमीले आफ्नो हृदयलाई व्यापक बनाउँदै प्रेमपूर्ण हुँदै प्रभुको चरणमा पुग्न व्यस्त छु भनी ठान्नुपर्छ। आफूमा प्रेम, सहनशीलता, विनम्रता, आस्था र श्रद्धा विकसित नगरेसम्म कसरी तिमीले भगवान्‌लाई बुझ्न सकौला ?

सत्य साई स्पिक्स, भाग १०, परिच्छेद ३२
२० नोभेम्बर १९७०

जब मानिसले सत्यका विरुद्ध क्रोध र घृणा विकसित गर्दासम्म मात्र उनीहरूले आफूलाई सत्यबाट अलग राख्छन्। तिनको प्रेम वा घृणाको वास्ता नगरीकन हामीले उनीहरूलाई माया गर्नुपर्छ। मानिसहरूले विचार फरक पर्नासाथ दूरी कायम राख्छन्। वास्तवमा तिमी अरूबाट अलग छैनौ। आज ती भिन्दै देखिएका होलान् तर भोलि ती तिम्रा नजिक आउन सक्छन्। सबै दाजुभाइ दिदीबहिनी हुन्! त्यसैले, प्रेम र एकताका साथ सबै दाजुभाइ दिदीबहिनीजस्तो हुनुपर्छ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद १६
९ अक्टोबर २००८

समाजको तिमी ऐना हौ। सदा समाजको हितका लागि सोच। जब अरू खुसी हुन्छन् तिमीले पनि खुसी मान्नुपर्छ। जब अरू खुसी हुँदैनन् उनीहरूलाई खुसी बनाउन लागिपर।

सत्य साई स्पिक्स, भाग ३०, परिच्छेद ३४
२६ अप्रिल १९९७

## एकताको खोजी

निःस्वार्थ सेवाबाट मात्र मानिसले एकता हासिल गर्न सक्छ। एकताबाट मात्रै मानिसले दिव्यता प्राप्त गर्न सक्छ। यसैले मानवमा एकतालाई बुझ्न सेवा अत्यावश्यक छ। गरीब, कमजोर र असहायहरूलाई सहयोग गर्नु मात्र सेवा हो भन्ने मानिसहरूलाई लागेको छ। अरूलाई सेवा पुऱ्याउँदै छु भनी तिमीले सोच्नुसमेत ठूलो त्रुटि हो। वास्तवमा तिमीले त आफूले आफूलाई नै सेवा गरिरहेका छौ किनभने उही

सिद्धान्तको आत्मा, उही सिद्धान्तको प्रेम सबैमा विद्यमान छ। यथार्थमा सबै मानव एक हुन्। भिन्नता तिनको भावनामा रहेको छ। त्यसैले व्यक्तिले उही दिव्यता सबैमा व्याप्त छ भन्ने सत्यलाई बुझेर आफ्नो भावना परिवर्तन गर्न प्रयत्न गर्नुपर्छ। तब मात्र मानवमा रूपान्तरण हुनसक्छ।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १९
२० नोभेम्बर २०००

आफ्नो दिमाग र हृदयमा ईश्वरलाई स्मरण गर्दै समभावका साथ समाजमा हिँड। सबै एकै हुन् भन्ने बोध र दृष्टिकोणमा बाँच। अरूभन्दा आफू फरक छु भन्ने नसोच। तब मात्र तिमीले दिव्यताको अनुभूति गर्न सक्छौ। भगवान्मा प्रेम विकसित गरी एकत्व हासिल गर।

सत्य साई स्पिक्स, भाग ३०, परिच्छेद ३४
२६ अप्रिल १९९७

वैदिक प्रार्थनाले दिव्यको सेवामा पवित्र कार्य गर्दै जाँदा त्यो कसरी गरिनुपर्ने भन्ने औँल्याउँछ। "हामी मिलीजुली बाँचौँ। हामी सँगसँगै हिँडौँ। मेलमिलाप र समझदारीका साथ सँगै बाँचौँ। एकता र मित्रताको प्रवर्धन गरौँ।" हामीमा एकता भए हामी कति खुसी हौँला? एकता नै शक्ति हो। एकता विकसित गर्न तिमीमा आध्यात्मिक एकताको चेतना हुनै पर्छ।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद ३५
२४ नोभेम्बर १९९०

## निरन्तर सेवा

मानिसले समाजमा केहीपनि नगरिकन त्यहाँबाट धेरै आशा राख्छन्। तिमीले समाजका लागि केही राम्रो नगरिकन कसरी त्यहाँबाट आफ्नो लागि राम्रोको अपेक्षा गर्नसक्छौ ? यदि तिमी समाजको शान्ति र उन्नतिका लागि प्रयासरत भयौ भने समाजले पनि तिम्रो शान्ति र उन्नतिका लागि प्रयास गर्नेछ।

समर सावर्स इन वृन्दावन १९९३, परिच्छेद १०
मे १९९३

समाजमा सेवा गर्दै एकता प्राप्त गर। एकतामा तिमीले दैवी आनन्द पाउनेछौ। तिमी एक्लै यात्रा गर्दा डराएर निकै समस्याहरूको सामना गर्नुपर्ला। दस मानिसहरूसँग सँगै तिमी हिँड्दा ती सबैको सामर्थ्य तिम्रो हुनेछ। एकताको शक्तिलाई अनुभव गर्नु नै आनन्द हो।

सत्य साई स्पिक्स, भाग ३०, परिच्छेद ३४
२६ अप्रिल १९९७

जीवनभर सबै मानिसमा आफूसँगैको मानिसलाई सेवा गर्ने अठोट, एउटा दृढ सङ्कल्प हुनैपर्छ। त्यसबाट उसले समस्त मानवजातिमा आफ्नो एकता बुझ्नेछ। एकताको त्यस्तो भावले नै उसलाई ईश्वर अनुभूति तर्फ उन्मुख

गराउँछ। स्वार्थ र आफैँमा मात्र केन्द्रित हुनबाट मुक्त हुने एक मात्र मार्ग सेवा हो। त्यस्तो सेवामा प्रतिवद्ध भक्त नै भगवान्लाई प्रिय हुन्छन्।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद ३१
२० नोभेम्बर १९९०

अहङ्कारको खराबीलाई हटाउन सेवा निकै कुशल उपकरण हो। सेवा गर्ने व्यक्तिमा समेत सेवाको प्रभाव –सबै मानवजातिको एकता भन्ने पर्दछ। सेवामा आफ्नो समय, सीप र सामर्थ्य समर्पित गर्नेहरूले कहिल्यै हार, दुःख वा निराशाको सामना गर्नुपर्दैन किनकि सेवा स्वयं एक पुरस्कार हो। उसका शब्द सदा मधुर र नरम हुन्छन् उसको स्वभाव सदा मिजासिलो र विनम्र हुन्छ। उसका कुनै शत्रु हुँदैनन्, उसमा थकान र भय हुँदैन।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद २२
२८ अगस्ट १९७६

प्रत्येक मानिसमा भएको प्रेम नै भगवान्को उपहार हो। यसलाई समाजको सेवामा उपयोग गरिनुपर्छ। समाजको उन्नतिका लागि एकता अत्यावश्यक छ। व्यक्तिले आफ्नो प्रेम अरूलाई बाड्नु पर्छ। तबमात्र व्यक्ति समाजको अंशियार हुनेछ।

सत्य साई स्पिक्स, भाग ३६, परिच्छेद १९
२२ नोभेम्बर २००३

प्रेम नै ईश्वर हो, सत्य नै ईश्वर हो भन्नेमा विश्वास राख। प्रेम नै सत्य हो सत्य नै प्रेम हो। तिमीले प्रेम गरेपछि मात्र तिमीमा भय हुँदैन किनभने भय नै मिथ्यापनकी जननी हुन्। तिमीमा भय रहेन भने तिमीले सत्यको पालना गर्नेछौ। प्रेमको ऐनामा आत्मा प्रतिविम्बित हुन्छ अनि सबैमा व्याप्त भएको सर्वव्यापि आत्मा तिमीमा प्रकट हुन्छ।

सत्य साई स्पिक्स, भाग १, परिच्छेद ११
२७ जुलाई १९५३

## उदाहरण

### पाँच औँलाको कथा

हाम्रा हातमा औँलाहरू छन्, र प्रत्येक औँलालाई तोकिएको आफ्नै छुट्टै कार्यहरू छन्। ती सबै औँलाहरू एकापसमा मिलेर एकताबद्ध रूपमा कार्य सम्पन्न गर्छन्। एक पटक हातका ती पाँचै औँलाबीच हामी पाँचमध्ये को ठूलो भन्ने विषयमा विवाद चलेछ। बूढी औँलाले भनेछ, “मविना कुनै कार्य सम्पन्न गर्न सकिँदैन, तसर्थ म

सबैभन्दा ठूलो हुँ।" त्यसपछि चोर औँला मुस्कुराएछ र भनेछ, "यता हेर त बूढी औँला! तिमीले मेरो सहाराविना कसरी कुनै कार्य सम्पादन गर्न सक्छौ? त्यो भन्दा पनि, म मानिसहरू पहिचान गर्न सूचकका रूपमा प्रयोग हुने गर्छु, तसर्थ म तिमीभन्दा ठूलो छु।" त्यत्तिकैमा माझी औँलाले बीचमा कुरा काट्तै भनेछ, "तिमीले जे भने पनि त्यसको केही अर्थ छैन। औँलाहरूमा सबैभन्दा अग्लो म छु। एक छेऊबाट तिमीहरू दुई र अर्को छेऊबाट यी दुई मिलेर तिमीहरूले ए.डी.सी. (ऐडे डे क्याम्प्स, सहयोगी) का रूपमा मलाई सेवा गरिरहेका छौ, तसर्थ म ठूलो हुँ।" यो सुनेर साहिँली औँलाले भनेछ, "तिमीहरूको मुर्ख्याइँमा मलाई हाँस्न मन लाग्यो। तिमीहरूलाई थाहा छैन मानिसले मलाई हीरा, पन्ना, पुष्पराजजस्ता बहुमूल्य रत्नादिले जडित सुनले श्रृङ्गार गर्छन्। यसर्थ म तिमीहरूको राजा हुँ।" अन्त्यमा कान्छी औँलाले भन्यो, "कसैलाई पाठ सिकाउनदेखि लिएर दोषीलाई सजाय दिनेसम्म म जहिले पनि अगाडिबाट नेतृत्व गरिरहेको हुन्छु तसर्थ म तिमीहरूको नेता हुँ र तिमीहरूले मलाई पछ्याउनुपर्छ।" यसप्रकार औँलाहरू एकापसमा लडिरहँदा हृदयले बीचमै सबैलाई रोक्यो र भन्यो, "ए मूर्खहरू! तिमीहरू सबै उत्तिकै महत्त्वपूर्ण छौ। यदि तिमीहरूबीचमै एकता र सहमति छैन भने कोही एक मात्रले कुनै पनि कार्य सम्पन्न गर्न सक्तैनौ। साँचो अर्थमा भन्नुपर्दा तिमीहरू पाँच मानवीय मूल्यको प्रतिनिधित्व गर्छौ, जो मानवका पाँच प्राण बराबर छन्।" यस्तो बौद्धिक कुरा सुनेर ती पाँच औँलाहरूलाई आफ्नो अज्ञान महसुस भयो र लाजले नतमस्तक भए। गहिरो अनुसन्धानबाट के पत्ता लाग्छ भने वास्तवमा हृदय नै सर्वश्रेष्ठ छ। शरीर, मस्तिष्क र बुद्धि त केवल औजार मात्र हुन्। तसर्थ, व्यक्तिले हृदय (स्वविवेक) को सल्लाहलाई उसका हरेक कार्यमा मनन गर्नुपर्छ। सबै एकै हुन् र हरेकको उत्तिकै महत्त्व छ भन्ने बुझ। तिमी एक मात्र छौ र एकदमै महत्त्वपूर्ण छौ भन्ने सोचेर अहङ्कारी नबन। आफ्नो अमूल्य समयलाई व्यर्थका विवादमा खर्च नगर। सबै जनासँग मित्रता कायम गर अनि एकता र मिलापका साथ जीवनका कठिनाइहरूको सामना गर।

सत्य साई स्पिक्स, भाग ३८, परिच्छेद १५

१७ अगस्ट २००५

# सिर्जनाको तह (सृष्टि)मा एकता

.........

## सिद्धान्तको बुझाइ

### प्रकृति – भगवान्‌को उपहार

प्रकृति भगवान्‌को उपहार हो। ब्रह्माण्ड नै मानिसका लागि विश्वविद्यालय हो। मानिसले प्रकृतिलाई श्रद्धा गर्नुपर्छ। प्रकृतिमाथि जित हासिल गर्ने वा प्राकृतिक शक्तिको शोषण गर्ने अधिकार मानिसलाई छैन। मानिसले प्रकृतिमा आफ्नो भगवान्‌लाई देख्न सक्नुपर्छ।

सत्यम् शिवम् सुन्दरम्, भाग ४, पृ. ५५

भगवान्‌का लागि यो ब्रह्माण्डका हरेक वस्तु समान छन् किनभने ती सब देवत्वका प्रत्यक्षीकरण हुन्। यो दैवी प्रत्यक्षीकरणका बारेमा ग्रन्थहरूले घोषणा गरेका छन् – *सर्वं खल्विदं ब्रह्म* (सबै कुरो ब्रह्म नै हो)। तसर्थ, सर्वश्रेष्ठ भगवान्‌को पूजाअर्चना गर्ने जोकोहीले प्रकृतिको पनि आराधना गर्नुपर्छ। उसले प्रकृतिलाई प्रेम र श्रद्धा गर्नुपर्छ किनभने प्रकृति सर्वश्रेष्ठ भगवान्‌भन्दा पृथक् छैन। प्रकृति असर हो भने भगवान् कारण हो।

सत्य साई स्पिक्स, भाग २८, परिच्छेद ८
९ अप्रिल १९९५

यो सारा सृष्टि भगवान्‌को इच्छाशक्तिको अभिव्यक्ति हो। प्रकृति सर्वोच्च देवत्वको प्रत्यक्षीकरण हो। मानिसको जन्म देवत्व अभिव्यक्त र प्रतिबिम्बित गर्न भएको हो।

सत्य साई स्पिक्स, भाग ३०, परिच्छेद ७
१९ जुलाई १९९७

यो सम्पूर्ण ब्रह्माण्ड अरू केही नभएर केवल ब्रह्म (भगवान्) हो भन्ने कुरा बुझ, यो नै एक मात्र वास्तविकता हो। जब यो अद्वितीय ब्रह्मलाई चिनिन्छ, तब मनको पनि अस्तित्व समाप्त भएर जान्छ। मनको परिचालनको फलस्वरूप ब्रह्माण्डमा विविधता अनुभूति हुने हो। जब एकत्वको अनुभव हुन्छ, मनको अस्तित्व नै बाँकी रहँदैन। चेतनाको उक्त स्तरमा सबै ब्रह्म हुन्छन्। सो स्तरमा केवल प्रेमका लागि मात्र ठाउँ बाँकी रहन्छ। त्यो प्रेम नै सत्य हो।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद ३१
३१ जुलाई १९९६

प्रकृति भगवान्‌को प्रत्यक्षीकरण हो भन्ने कुरा तिमीहरूले बुझ्नुपर्छ। तसर्थ, प्रकृतिलाई बेवास्ता गर्नु हुँदैन। प्रकृति असर हो भने भगवान् कारण हो। तिमीहरूले सम्पूर्ण ब्रह्माण्डमा देवत्वको स्थिर उपस्थिति महसुस गर्न सक्नुपर्छ।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद २२
२० जुन १९९६

## आफैँभित्र संवाद

आज मानिसले प्रकृति र ब्रह्माण्डका विषयमा सबै थोक जानेजस्तो परिकल्पना गरिरहेको छ। यदि मानिसले आफ्नै बारेमा जान्दैन भने ती सबै ज्ञानको के उपयोग? उसले आफूलाई बुझेपछि मात्र बाह्य जगत्‌को सत्यलाई जान्न सक्नेछ। बाहिरी जगत्‌को सत्यलाई जानेर मात्र मानिसले आफ्नो भित्री वास्तविकतालाई बुझ्न सक्तैन। जब उसले आफ्नो दृष्टिलाई भित्र पारेर आफ्नो वास्तविक दिव्यतालाई चिन्दछ तब उसले सबै जीवप्रति समभावको स्थिति प्राप्त गर्दछ। एकताको त्यही भावनाबाट उसले आनन्दको अनुभवमा डुबुल्की मार्न पाउँछ।

सत्य साई स्पिक्स, भाग १६, परिच्छेद २९
३० अक्टोबर १९८३

तिमीहरूले यो संसारमा जे देख्छौ, त्यो सबै सत्यको अभिव्यक्ति हो। जब देवत्व सर्वव्यापक छ भने कतै असत्य कसरी उपस्थित हुन सक्छ? तर तिमीहरू देवत्वको सर्वव्यापकता पहिचान गर्न असमर्थ छौ। आफ्नो दृष्टि अन्तरस्थ फर्काऊ र पूर्ण मौनता अपनाऊ। तब मात्र तिमीले देवत्वको सर्वव्यापकता बुझ्न सक्छौ। केवल बौद्धिक अभ्यासले तिमीलाई यो कार्यमा मद्दत गर्न सक्तैन। तिमीले जे देख्छौ, सुन्छौ र अनुभव गर्छौ, त्यो सब देवत्वको प्रत्यक्षीकरण हो। केवल भगवान्‌को सर्वव्यापक उपस्थिति छ।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद २०
२२ नोभेम्बर २००४

सूक्ष्मदेखि बृहत्‌सम्म बाह्य संसारमा जे–जति तिमी देख्छौ ती सबै तिमीभित्रै छन्। तिम्रा हृदयमा पहाड, महासागर, सहर र गाउँजस्ता सबै कुरा छन्। सबै जीवात्माहरू तिमीभित्र छन्। तिमी नै प्रत्येक चिजका आधार हौ। यस्तो हुँदाहुँदै पनि बाहिरी संसारमा तिमी के हेर्न चाहन्छौ? आफैँभित्रको वास्तविकतालाई बेवास्ता गरी बाहिरको प्रतिबिम्बबाट प्रभावित भएर हिँड्नु कस्तो मूर्खतापूर्ण कार्य हो!

सत्य साई स्पिक्स, भाग ३५, परिच्छेद १०
२१ जुलाई २००२

## प्रकृति–पूजाको माध्यमबाट ईश्वर–पूजा

म तिमीहरूलाई पूजाको एउटा माध्यमका बारेमा बताउन गइरहेको छु जसले तिमीहरूलाई दैवी शक्ति प्रदान गर्नेछ। देवत्वले सर्वप्रथम आफूलाई पञ्चतत्त्वका रूपमा अभिव्यक्त गर्छ – आकाश, वायु, अग्नि, जल र पृथ्वी। सारा सृष्टि अरू केही नभएर यी पञ्चतत्त्वमध्ये दुई वा सोभन्दा बढी तत्त्वहरूको सम्मिलन हो। अब, जबकि यी तत्त्व दैविकताले संतृप्त भएको हुन्छ, मानिसले यिनीहरूलाई श्रद्धापूर्वक र नम्रता तथा आभारपूर्वक प्रयोग गर्नुपर्छ।

त्यसैले पञ्चतत्त्वको प्रभावकारी प्रयोग आफैँमा पूजाको एक रूप हो। मानिसको शरीर एक सन्तुलित तापक्रम सुनिश्चित गर्ने कार्यव्यवस्थाद्वारा सज्जित छ, जुन तापक्रमभन्दा कम वा बढी भएमा मानिस स्वस्थ र तन्दुरुस्त रहन सक्तैन। प्रकृति वास्तवमा आफैँमा दैविकता हो, *ईशावास्यमिदं सर्वम्* : यो सबै दैवी हो। *वासुदेवस्सर्वमिदम्* : यो सब वासुदेव (भगवान्) हो। त्यसैले हलुका कदम चलाऊ, श्रद्धापूर्वक क्रियाकलाप गर र आभारपूर्वक उपयोग गर।

सत्य साई स्पिक्स, भाग ६, परिच्छेद २८
१५ अक्टोबर १९६६

## प्रकृतिबाट सिकाइ

प्रकृति तिम्रो विद्यालय हो, तिम्रो प्रयोगशाला हो, मोक्ष प्राप्तिको ढोका हो र भगवान्‌को बहुआयामिक प्रतापको दृश्यपटल हो। प्रकृति जुन ज्ञान हामीलाई प्रदान गर्न तत्पर छ, त्यो पाठ सिक्ने उत्कण्ठा राख, र त्यो हो : प्रकृतिमा रहेका सम्पूर्ण जीव तथा निर्जीव वस्तु तिमीसमान ब्रह्म हुन्। तसर्थ, जुनसुकै कार्य पनि दैवी कार्य हो र जुनसुकै कार्य पनि दैवी पूजा हो; सबै ब्रह्म हुन् भन्ने विश्वासको बलियो जगमा आफ्नो जीवनको महल खडा गर।

सत्य साई स्पिक्स, भाग १०, परिच्छेद २३
४ अक्टोबर १९७०

एकत्वको सिद्धान्त बुझ र भगवान्‌लाई आफ्नो हृदयमा संस्थापन गर। एकताको सिद्धान्तविना बहुलता हुन सक्तैन। जबसम्म तिमीले एकता बुझ्दैनौ, तिमीले प्रकृतिको बहुलता पहिचान गर्न सक्तैनौ। प्रकृति सर्वोत्कृष्ट उपदेशक हो। यो उपदेशकले देखाएका सिद्धान्तहरूको प्रीतिसहित पालना गर।

आफूभित्र जति धेरै प्रेमको विकास गर्छौ, त्यति नै छिटो तिमीलाई भगवान्को दर्शन प्राप्त हुनेछ। शारीरिक आसक्ति नै सम्पूर्ण विविधताको कारण हो। शारीरिक आसक्ति त्याग गरेपछि मात्र तिमीले अनेकतामा एकता देख्न र अनुभव गर्न सक्नेछौ। शारीरिक आसक्तिबाट मुक्त भएपछि तिमीले क्षणभरमै भगवान्को दर्शन पाउनेछौ। तिमीले जे देखिरहेका छौ, त्यो भगवान्कै प्रत्यक्षीकरण हो। अनेकतामा एकताको सिद्धान्त नै दैविकता हो। तर, तिमीहरू यो सत्य बुझ्न र यसको सह्राहना गर्न असमर्थ छौ। यो सत्य बुझ्नका लागि तिमीहरूको भावमा पूर्ण रूपान्तरण हुनु जरुरी छ। सिसाको रङ जस्तो हुन्छ, त्यसबाट हेरिएको परि दृश्यको रङ पनि उही हुन्छ। शारीरिक आसक्तिरूपी रङ्गिन सिसा हटाऊ र वास्तविकता देख।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद २०
२२ नोभेम्बर २००४

कुनै पनि राष्ट्रियता, मत वा जातिमा भेदभावविना प्रकृतिका सम्पूर्ण स्रोतहरू सबैलाई उपलब्ध छ। हामीले बुझ्नुपर्ने अनेकतामा एकता यही हो। एकताबाट शुद्धता विकास हुन्छ। सबैले एकापसमा भातृत्वसहित बाँच्ने चेष्टा राख्नुपर्छ। कसैले पनि कुनै राष्ट्र, विश्वास वा संस्कृतिको आलोचना गर्नु हुँदैन। जब तिमी यस्तो फराकिलो दृष्टिकोणको विकास गर्छौ, तिम्रो संस्कारको सबैले सम्मान गर्नेछन्। संसारका लागि आजको आवश्यकता भनेकै यस्तै एकताको भावना हो।

सत्य साई स्पिक्स, भाग २८, परिच्छेद १९
११ जुलाई १९९५

# सर्वोच्चको तह (परमेष्टी)मा एकता

.........

## सिद्धान्तको बुझाइ

### मानिस ईश्वर हो

सर्वोच्च आत्मा पनि व्यक्तिगत आत्मासरह नै हो, व्यक्तिगत आत्मा पनि दिव्य छ। यस एकतालाई बुझ्ने व्यक्ति साँच्चै आत्मज्ञानी हो।

समर सावर्स इन वृन्दावन २०००, परिच्छेद ७

तिमीहरू सबै जना दिव्यस्वरूप हौ। तिम्रो स्वरूप दिव्य छ। तिमी र ईश्वर एकै हुन्। तिमी ईश्वरभन्दा फरक छैनौ। यस एकतालाई अनुभव गर। *एकम् सत्* (सत्य एउटै छ)। एकता नै सत्य हो। एकता नै दिव्य हो।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद १९
२५ अक्टोबर २००४

तिमीले *सोऽहम्* (म उही हुँ)को अर्थमा घोत्लिनुपर्छ। तिमी के हौ? तिमी उही हौ; तिमी दिव्यको झिल्का हौ। तिमीले आफूलाई अहिले परिचित गराइरहेको तिमी शरीर, इन्द्रिय, मन, बुद्धि इत्यादि होइनौ। तिमी ईश्वर हौ, आफूलाई भ्रममा पार्दै तिमी यस शरीरमा बाँधिएका छौ।

यस प्रकारको साधना (आध्यात्मिक अभ्यास) सबै साईभक्तहरूका लागि आवश्यक छ किनभने त्यसले मात्र उनीहरूलाई शान्ति र अर्को अति मूल्यवान उपहार प्रेम प्रदान गर्न सक्छ। यसले उनीहरूको दृष्टिकोण परिवर्तन गर्छ अनि उनीहरू पहिले भाषा, धर्म, राष्ट्रियता, मत, रङ र जातको विविधतामा निकै रुमलिएकाहरूलाई एकताको साक्षी बनाउँछ।

श्री सत्य साई एडुकेयर – ह्युमन भ्यालुज
६ जुन १९७८, पृ. १२, २०–२१

ब्रह्म र अहम् (I) एकै र उही हुन्। यी दुईको एकत्व बुझ्न साधना गरिहाल। त्यही नै 'भगवद् मार्ग' हो। यदि तिमीले ईश्वरको ध्यान गर्न चाह्यौ भने सांसारिक वस्तुमा आफ्नो विचार जान नदेऊ। तिमी आफ्नै वास्तविक स्वभावमा चिन्तन गर जुन दिव्य छ। त्यही दिव्यतामा नै अरू सबै थोक पनि रहेको छ। यसरी तिमीले आफ्नै आन्तरिक दिव्यतामा ध्यान गऱ्यौ भने तिमीले

दिव्यतासँगको आफ्नो एकतालाई बुझ्ने छौ।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद १९
२५ अक्टोबर २००४

ईश्वरको कुनै अमूक नाम छैन। मानिसमा आत्माको रूपमा उहाँ नै विद्यमान हुनुहुन्छ। आत्मा भनेको के हो? यो प्रेम मात्र हो, सबैलाई एकताबद्ध गर्ने प्रेम हो। यदि तिमीले एकताको यस सिद्धान्तलाई आत्मसात् गऱ्यौ भने तिमीमा आत्मतत्व प्रकट हुनेछ। त्यसकारण तिमीले दिव्यता हासिल गर्न तिमीमा एकता हुनैपर्छ। म र तिमी एकै हौँ। ईश्वर र तिमी एकै हुन्। ईश्वर तिमीबाट अलग हुनुहुन्न। तिमी आफैँ ईश्वर हौ भन्ने भावना तिमीले आफूमा विकसित गर्नुपर्छ। जब तिमीले 'म' भन्छौ यसले एकतालाई प्रतिनिधित्व गर्छ। एकताबाट हासिल हुने आनन्दलाई तिमीले अनुमान गर्न सक्तैनौ। सबै एकै हुन्।

सत्य साई स्पिक्स, भाग ४०, परिच्छेद २१
१५ डिसेम्बर २००७

जब नाम र स्वरूपलाई अलग्याएर तिनमा निहित स्रोतको पहिचान गरिन्छ तब सत्यलाई बुझ्न सम्भव हुन्छ। जब तिमी यस सत्यलाई बुझ्न सक्षम हुन्छौ तब तिमीले ब्रह्माण्डमा निहित 'म' एकताको सिद्धान्त सबैमा बुझ्छौ। तिमीले बुझ्नु नै पर्ने एउटा पक्ष 'म ब्रह्म हुँ' भन्ने हो।

सत्य साई स्पिक्स, भाग ३७, परिच्छेद २५
२० अक्टोबर २००४

भगवद्गीता धृतराष्ट्रको *धर्मक्षेत्रे कुरुक्षेत्रे* सन्दर्भबाट आरम्भ हुन्छ। 'धर्मक्षेत्र' आत्माको आसन हो। 'कुरुक्षेत्र' शरीर हो जुन सबै कर्महरूको स्रोत हो। क्षेत्र–क्षेत्रज्ञ सम्बन्ध आत्मा र शरीरको मेल हो जसले मानवको स्थितिलाई वर्णन गर्छ। आत्मालाई बिर्सेर 'देहधर्म'मा मात्र संलग्न गराउँदा मानिसले आफूलाई अन्तहीन दुःखकष्टमा उन्मुख गराइरहेको छ। उसले विलाप गर्नु नपर्ने विषयको चिन्ता लिइरहेको छ अनि चिन्ता लिनुपर्ने विषयमा भने लिइरहेको छैन। यो भ्रमको स्थिति आइपर्नुको मुख्य कारण अन्तर्निहित दिव्यतालाई बिर्सेर आफूलाई शरीरसँग परिचित गराउनाले हो। यदि उसले आफू परमात्मामै एकाकार छु भनी बुझ्यो भने उसमा दुःखको कुनै कारण हुँदैनथ्यो। उसले सत्य र परमानन्द आफ्नो आध्यात्मिक वास्तविकतामा निहित छ भनी जान्नेछ।

सत्य साई स्पिक्स, भाग २१, परिच्छेद ३
९ जनवरी १९८८

परमात्माको त्यस दिव्य स्वाभावलाई यस भौतिक शरीरमा यसरी भरिएको

छ। त्यसैले बाहिरी कुनै कुराले पनि यो सन्तुष्ट हुनै सक्तैन। दिव्यता तिमीमा व्याप्त छ। तसर्थ तिमी पनि ईश्वर हौ! ईश्वर सर्वव्यापि हुनुहुन्छ। त्यसैले तिमी पनि सर्वव्यापि हौ। देवत्व सबै प्राणीका साथसाथै तिमीमा पनि छ। यदि तिमीले उहाँको दर्शनको चाहना राख्छौ भने तिमीले शुद्ध, अविचलित र निःस्वार्थ जीवन जिउनुपर्छ। यस भौतिक संसारमा तिमीले देख्ने सबै विविधता बेकारका छन्! त्यसैले यस विविधतालाई हटाएर एकताको विकास गर। जहाँ एकता हुन्छ त्यही पवित्रता हुन्छ। जहाँ पवित्रता हुन्छ त्यही दिव्यता प्रकट हुन्छ। वास्तवमा तिमी एक व्यक्ति होइनौ। तिमीमा तीन व्यक्तित्व छन् (अ) तिमीले आफूलाई सोच्ने तिमी, (आ) अरूले तिमीलाई सोच्ने तिमी र (इ) वास्तविक तिमी। तिमी वास्तवमै दिव्यात्मास्वरूप हौ। यस सत्यलाई नबुझेर तिमीले शरीर, मन र बुद्धिलाई महत्त्व दिँदै जीवनयापन गरिरहेका छौ। यी सबै कुनै न कुनै दिन नाश हुने निश्चित छ।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद २७
१६ अगस्ट २००६

## अद्वैत अनुभव

वेदान्तिक भाषामा ज्ञानलाई "अद्वैत दर्शन"(दोस्रो विनाको एक) भनी वर्णन गरिएको छ। अनेकतामा एकलाई देख्नु नै विविधतामा एकता हो। यस भेलामा हजारौँका सङ्ख्यामा मानिसहरू उपस्थित भएका छन्। यी सबैको नाम र स्वरूप धेरै प्रकारको छ। तर, तिमीले बुझ्नै पर्ने यी सबैमा आत्मा सिद्धान्त एकै र उही छ। यसलाई शब्दमा वर्णन गरिरहनु पर्याप्त छैन। यसलाई तिमीले जीवन्त अनुभव बनाउनुपर्छ। तब मात्र व्यक्तिले शाश्वत आनन्द अनुभव गर्न सक्नेछ। त्यस्तो व्यक्तिलाई मात्र ज्ञानी व्यक्ति भन्न सकिन्छ।

सत्य साई स्पिक्स, भाग २२, परिच्छेद ३०
४ अक्टोबर १९८९

अद्वैतको अवस्था प्रेमको सिद्धान्तमा मात्र रहन्छ। तर, मानवीयता शारीरिक मोह र भौतिक सम्बन्धमा बहकिएको छ, ऊ वा उनीको प्रेममा विभिन्न तरिकाले खण्डित भएको छ। यो शब्दलाई सही अर्थमा प्रेम भन्न सकिँदैन। जसरी स्वामी बारम्बार प्रेम विकास गर्न जोड दिन्छु केही मानिस प्रेमको स्वरूप के हो भनी छक्क पर्छन्? उत्तर के हो भने : प्रेम ईश्वर हो, ईश्वर प्रेम हो। सबै थोकको आधारभूत आधार नै प्रेम हो। आत्मा, ब्रह्म, हृदय, अस्तित्व सबै नै प्रेमका पर्याय हुन्। प्रेम आत्मा हो। प्रेम ब्रह्म हो। सबै थोक प्रेमले व्याप्त छ। तब कसरी प्रेमलाई वर्णन गर्न सकिन्छ? हर एकमा प्रेमको सिद्धान्त उही रहेको छ। एक पटक

तिमीले एकताको यस सिद्धान्तलाई बुझिसकेपछि घृणाका लागि कुनै स्थान रहने छैन।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १०
१६ जुलाई २०००

मानिसको आफूमाथिको विजय, सबै सृष्टिमा निहित आफ्नो एकताको खोज र सत्यसँग एक हुने उसको उर्लदो सम्पर्कका लागि वेद नै पहिलो वासियतनामा हो। ती घोषणा गर्छन्, *ईश्वरः सर्वभूतान्तरात्मा* (ईश्वर सबै जीवको आन्तरिक अस्तित्व हुनुहुन्छ), *ईशावास्यमिदं सर्वम्* (सबै ईश्वरद्वारा रक्षित छन्), *वसुदेव सर्वमिदम्* (सब थोक ईश्वर, वसुदेव हुन्)।

मेरा अगाडि भएका यी विभिन्न रङ अनि विभिन्न वाटका चिमहरूलाई प्रकाशित गर्ने विद्युत् प्रवाहजस्तै दैवी सिद्धान्त सबैको भित्र छ। मत, रङ, जाति वा क्षेत्र जे भए पनि उही ईश्वर सबैमा चम्किन्छ। विद्युत् प्रवाहले सबै चिममा शक्तिपात गर्दै क्रियाशील पार्छ, ईश्वरले नै सबैलाई शक्तिपात गर्दै क्रियाशील पार्नुहुन्छ। भेद देख्नेहरू भ्रमित भएका हुन्; ती पूर्वाग्रह, अहम्, घृणा वा चाप्लुसीले ग्रसित छन्। प्रेमले सबैलाई एकै दैवी परिवार देख्छ।

सत्य साई स्पिक्स, भाग ८, परिच्छेद २२
४ जुलाई १९६८

शरणागतिको अर्थ तिमी पराजित भयौ अनि अरू कोही विजयी भए भन्ने होइन। आध्यात्मिकतामा यसको अर्थ दुई एकमा विलय भए भन्ने हो – दिने र लिने भन्ने केही हुँदैन। सर्वत्र व्याप्त ब्रह्माण्डीय एकतालाई चिन। त्यो एकताको अधार अरू केही नभएर ईश्वर हो। तब तिमीले स्वतः भगवान्को अनुभूति गर्नेछौ।

समर सावर्स इन वृन्दावन २०००, परिच्छेद ११
२४ मे २०००

तिमीमा प्रेमको एउटै सिद्धान्त मात्र छ। तर, तिमीले यसलाई भिन्नभिन्नै तरिकाले तितरवितर पारिरहेका छौ। प्रेमको धेरै स्वरूप छ भन्ने तिमीलाई लागिरहेको छ। यो तिम्रो परिकल्पना मात्र हो। आध्यात्मिकताको सिद्धान्तलाई बुझ्ने प्रयत्न गर। तिमी आत्मस्वरूप हौ भन्नेमा सुदृढ होऊ साथै योबाहेक यस संसारमा अर्को अस्तित्व छैन। आमा, पत्नी र सन्तानजस्ता सांसारिक नातागोता तिमी आफैँले बनाएका हौ। यो क्षणिक सम्बन्ध हो, स्थायी होइन। यस्ता सम्बन्धमा भ्रमित नहोऊ। तिम्रो 'वास्तविक मुलुक' (त्यसलाई भन्नुपर्दा... आत्मा)मा दृढ विश्वास विकास गर। संसारमा विश्वास नगर। आफ्नो आत्मामा विश्वास गर। ईश्वर सर्वत्र हुनुहुन्छ भन्नेमा दृढ निश्चयी होऊ। सबै थोकमा हात, गोडा, आँखा, शिर, मुख र कानहरूसहित उहाँ समस्त

ब्रह्माण्डमा व्याप्त हुनुहुन्छ।

ब्रह्माण्ड भगवान्को सृष्टि हो अनि उहाँ दिव्यताका साथ व्याप्त हुनुहुन्छ भन्नेमा भक्त सदा सचेत रहन्छ। भक्तको जीवन – सब थोकमा भगवान्को वास हुन्छ भन्ने पहिचानमा आधारित हुन्छ। मनको यो स्थितिलाई *प्रेम अद्वैतम्* (प्रेममा एकता) भनिन्छ।

यही प्रेमद्वारा भक्तले भगवान्मा एकत्वको अनुभव गर्छ... उसका लागि परमात्मासँगको अविरल प्रेम नै सब थोक हो। यस्तो भक्तिलाई 'अनन्य भक्ति' (ईश्वर र ईश्वरमा मात्र पूर्ण भक्ति) भनिन्छ।

सत्य साई स्पिक्स, भाग १९, परिच्छेद १
१९ जनवरी १९८६

.........

## सिद्धान्तको अभ्यास

### वैचारिक मतभिन्नता हटाऊ

तिमीले आफू ईश्वरबाट अलग्गै छु भन्ने सोच्नु हुँदैन। एकताको यस सिद्धान्तलाई बुझ्ने व्यक्ति नै सच्चा मानव हो। चाडका दिनमा मात्र ईश्वरको पूजा गर्ने नगर। प्रत्येक क्षण ईशचिन्तनमा खर्चिनुपर्छ।

तिमीलाई लाग्ला, 'प्रत्येक क्षण ईशचिन्तन गर्ने हो भने आफ्नो काम गर्न कसरी सम्भव छ?' आफ्नो काम र ईश्वरको काम भनेर अलग्याउने नगर। तिमी र ईश्वर एकै भएकाले तिम्रो काम पनि ईश्वरकै काम हो। प्रार्थना कक्षमा तिमीले गरेको काम ईश्वरको काम अनि बाहिर गरेको काम तिम्रो काम भनी सोच्नु गलत हो। तिमीले आफूमा त्यस्तो भिन्नताको भावना आउन दिनु हुँदैन। आफ्नो हृदयलाई भगवान्को वेदी ठान अनि आफ्नो दृष्टिलाई भित्र मोड। यस सत्यलाई बुझेर त्यहीअनुरूप कार्य गर्ने नै साँचो मानव हो।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १३
१ सेप्टेम्बर २०००

जब कसैमा प्रेम बलियोसँग स्थापित हुन्छ ऊ वा उनी ईश्वरमा विलय हुन योग्य हुन्छ, ईश्वरमा एक हुन्छ।

सत्य साई स्पिक्स, भाग २४, परिच्छेद २५
१८ अक्टोबर १९९१

प्रेम ईश्वर हो। ईश्वर प्रेम हो। प्रेममा बाँच। तब मात्र तिमीले एकताको सिद्धान्तलाई बुझेर जीवनमा परिपूर्णता हासिल गर्न सक्छौ। म र तिमी एकै हौँ भन्ने एकत्वको भावना विकास गर। म र तिमी अलग हौँ भन्ने कहिल्यै नसोच।

साँचो भक्तिको चिह्न त्यही हो। अक्षर 'म' एकत्वका लागि हो। जब तिमीले आफूमा पवित्रता विकसित गर्छौ, ईश्वरसँग एकाकार अनुभव गर्छौ अनि 'तिमी' (व्यक्तिगत पहिचान) रहने छैन। त्यसैले द्वैतभावलाई त्याग। एकत्वको सिद्धान्तलाई प्रेमद्वारा अनुभव गरिनुपर्छ। यसलाई शब्दमा व्यक्त गर्न सकिँदैन। तर, तिमीले त प्रेमको साँचो अर्थसमेत बुझेका छैनौ। तिमीले यसलाई शारीरिक र सांसारिक भावले मात्र अर्थ लगाउँदै छौ। फलस्वरूप तिम्रो प्रेम कहिल्यै स्थिर हुँदैन। हरपल यो परिवर्तित भइरहन्छ। प्रेम देहमोहमा दूषित हुनुहुँदैन। *एकात्मभाव* (आफू नै अरूमा पनि छु भन्ने भाव) विकसित गर। सबै एकै हुन्, सबै समान होऊ।

सत्य साई स्पिक्स, भाग ३८, परिच्छेद ९

१३ अप्रिल २००५

## अहम् हटाऊ

म र मेरोको भावनालाई पन्छाउन सक्यो भने मात्र व्यक्तिले आत्मिक सिद्धान्त (आत्मतत्त्व)लाई बुझ्न सक्छ। आज धेरै मानिसले आत्मिक सिद्धान्तलाई जान्न प्रयत्न गर्छन् तर तिनको प्रयत्न सफल हुँदैन किनभने उनीहरूले 'म' र 'मेरो' को भावनाबाट मुक्त हुन सकेका छैनन्। वास्तवमा आत्म–ज्ञानको बाधक नै त्यही हो। सर्वप्रथम व्यक्तिले 'म'को भावनालाई हटाउन सक्नुपर्छ तब तिमीमा बोधको उदय हुनेछ। इसाईहरूको धार्मिक चिन्ह क्रुस(+)ले पनि अहम्लाई काट्नुपर्ने भन्ने जनाउँछ। सबै दुःख, बेचैनी र कठिनाइहरूको मूल कारण नै 'म' को अहङ्कारी दावी हो। व्यक्तिले यस सत्यलाई बुझ्नुपर्छ। 'मेरो' भन्ने भावनासमेत बगाउनुपर्छ। जब शिक्षकले 'यी सबै मेरा शिष्यहरू हुन्' भन्ने भावना विकसित गर्छ, अहङ्कारको शिर ठाडो भइहाल्छ। त्यसैले 'म' र 'मेरो'को भावनालाई हटाइनुपर्छ। तब मात्र आत्मिक सिद्धान्त बुझ्न सकिन्छ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद १०

१८ जुलाई २००८

## समदृष्टिको विकास गर

मानिसका मित्र र वैरीहरू, मन पर्ने र मन नपर्नेहरू हुन्छन्; जबकि वेदान्तले मानिसलाई समदृष्टि विकास गर्न सिकाउँछ । जसरी मानिसले गल्तीवश दाँतले जिब्रोलाई टोक्दा सजाय दिँदैन किनभने दुवै अङ्ग आफ्नै शरीरको भाग भन्ने ठानिन्छ । त्यसैगरी शाश्वत र सार्वव्यापी आत्मा सर्वत्र हरेकमा निवास गर्नुहुन्छ भन्ने कुरा मनमा स्थापित गर्नुपर्छ। मानिसले मतभेद बढाउनु हुँदैन तर एकतामा ध्यान केन्द्रित गर्नुपर्छ। यदि शारीरिक सम्बन्धलाई महत्त्व दिइयो भने व्यक्तिगत मतभेद अगाडि आइपर्छ। अर्कोतर्फ सम्झनुपर्ने कुरा के हो भने शिक्षक, साथी, अभिनेता, गुरु र शिष्य त केवल नाम र रूपमा फरक

छन्। सबैमा साक्षी रहेको चेतन आत्मा उही छ। ती सबैको नाम र रूपको पछाडि समुपस्थित रहेको आत्माले नै उनीहरूको एकतालाई स्थापित गर्छ।

समर सावर्स इन वृन्दावन १९७३, परिच्छेद १६
५ जुन १९७३

## दयाले पूर्ण जीवन बाँच

सबै एकजुट हुनुपर्छ। जहाँ एकता हुन्छ त्यहीँ पवित्रता हुन्छ। जहाँ पवित्रता हुन्छ त्यहाँ दिव्यता हुन्छ। तिमीहरू सबैले एकता, पवित्रता र दिव्यताको तीन धारणालाई ध्यानमा राख्दै आफ्नो जीवनयापन गर्नुपर्छ। अरूको दुःखकष्टमा तिमीहरू बेखबर रहनु हुँदैन। तिनको कष्टलाई पनि आफ्नो जस्तै ठान। एउटै ईश्वर सबै मानिसको हृदयमा रमण गर्छन् – *ईश्वरः सर्वभूतानाम्।* ईश्वर कमिला र लामखुट्टेहरूमा समेत हुनुहुन्छ। तिम्रो हृदयमा करुणा हुनैपर्छ।

सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ११
२० जुलाई २००८

यदि तिमीले आफ्नो शरीरलाई नगरी आत्मा (साँचो आफू)लाई प्रेम गऱ्यौ भने उही आत्मा नै सबै प्राणीको अस्तित्वको केन्द्र हो भनी बुझ्नेछौ अनि आफूलाई जति नै सबै प्राणीलाई प्रेम गर्न थाल्नेछौ। यही नै वास्तविक आत्म–बोध हो।

सत्य साई स्पिक्स, भाग ११, परिच्छेद ३०
१ अगस्ट १९७१

मानिसले प्रेमको साँचो अर्थ बुझेका छैनन्। उनीहरूको प्रेम शारीरिक र सांसारिक भावनामा खिइसकेको छ। जब तिमी प्रेमको सिद्धान्तलाई बुझ्छौ र प्रेम सम्बन्धप्रति प्रेम विकास गर्छौ, तब सबै एक बन्छन्। वेदले भन्छ, *"सहस्रशीर्षा पुरुषः"* अर्थात् सबै शिर, सबै नेत्र, सबै पाउ उहाँकै हुन्। एक पटक तिमीले सबैमा अवस्थित एकताको सिद्धान्त बुझेपछि तिमी भाइचाराको साँचो धुनमा बाँच्न सक्छौ।

सत्य साई स्पिक्स, भाग ३८, परिच्छेद १५
१७ अगस्ट २००५

शुद्ध प्रेम विकास गर; किनभने पवित्रता नै एकता हो अनि त्यही एकता नै दिव्यता हो। तिम्रो व्यक्तिगत प्रेमलाई दैवी पवित्र प्रेममा रूपान्तरण गर। कहिलेकाहीँ मानिसहरूमा सन्देह हुने गर्छ कतै उनीहरूतर्फको ईशप्रेम परिवर्तन त भएको होइन! सर्वथा होइन। ईश्वरको प्रेम कहिल्यै परिवर्तन हुँदैन। उदाहरणका लागि तिमीसँग एउटा काठको मुढो छ। त्यसबाट तिमीले कुर्ची, बेन्चजस्ता फर्निचर बनाउन सक्छौ। तर, आधार भूत सामग्री काठ त उही रहिरहन्छ। उसैरीतले ईशप्रेम पनि कहिल्यै परिवर्तन हुँदैन।

सत्य साई स्पिक्स, भाग ३८, परिच्छेद २६
११ अक्टोबर २००५

ईश्वर प्रेमस्वरूप हुनुहुन्छ। उहाँ पूर्णतः निःस्वार्थ हुनुहुन्छ। उहाँलाई पच्छ्याउनेहरू पनि निःस्वार्थ हुनुपर्छ। जब तिम्रो हृदय दैवी प्रेमले भरिन्छ तब तिमी पनि समस्त सृष्टिमा एकताको पछि लाग्न सक्षम हुन्छौ। जब तिम्रो हृदयमा यो एकता व्याप्त हुन्छ त्यसपछि तिमीमा कसै प्रति घृणाका लागि कुनै स्थान हुनेछैन। सबै अस्तित्वको एकत्वको अनुभवले तिम्रो हृदयमा पनि शाश्वत प्रेम स्थापित हुन्छ। त्यसैले दिव्यलाई पच्छ्याएर दैवी प्रेम आफूमा विकसित गर्नेहरू साँच्चै भाग्यमानी हुन्छन्।

सत्य साई स्पिक्स, भाग ३४, परिच्छेद १९
१९ नोभेम्बर २००१

..........

## उदाहरण

### बुद्ध

आत्माको एकताको सिद्धान्त नै संसारमा साँचो सिद्धान्त हो भनी बुद्धले सिकाउनुभयो। आध्यात्मिक विद्वताको उपयोग गरेर जो जसले यसलाई बुझे ती साँच्चै बुद्ध भए, उहाँले भन्नुभयो। आत्माबाहेक यस संसारमा केही अवस्थित छैन।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

बुद्धले मानिसहरूलाई रिसाउनु हुँदैन, अरूको गल्ती खोज्दै हिँड्नु हुँदैन, अरूलाई हानि गर्नु हुँदैन किनभने सबै नै पवित्र अनि शाश्वत आत्मसिद्धान्तका स्वरूपहरू हुन् भनी सिकाउनुभयो। गरीबहरूलाई दया गरी यथासक्य सहयोग गर। जोसँग खानको लागि भोजन छैन ती गरीब हुन् भन्ने तिमीहरूलाई लाग्छ । कोहीसँग पैसा वा खानको लागि भोजन छैन भन्दैमा तिमीले उनीहरूलाई गरीब भन्नु हुँदैन। साँच्चै भन्नुपर्दा कोही पनि गरीब छैनन्। सबै गरीब होइन, धनी छन्। तिमीले गरीब ठानेकाहरूसँग पैसा नहुन सक्छ तर सबै जना हृदयको धनले युक्त छन्।

सबैमा निहित एकता

र दिव्यताको सिद्धान्तलाई बुझेर सबैलाई आदर गर अनि आनन्दको अनुभव गर। फलानोफलानो मेरा साथी हुन्, फलानोफलानो मेरा शत्रु हुन्, फलनोफलानोसँग मेरो सम्बन्ध छ इत्यादिजस्ता सङ्कुचित धारणा नबनाऊ। सबै एकै हुन्, सबैजस्तो बन। त्यही नै तिम्रो पहिलो कर्तव्य

हो। यही नै बुद्धको निकै महत्त्वपूर्ण शिक्षा हो। तर, मानिसहरू बुद्धका उपदेशहरूको खोजी गर्दैनन् अनि उनको हृदयको पावनतालाई पनि बुझ्न सक्तैनन्। उनीहरूले उनको कथाका बारेमा मात्र कुरा गर्छन्।

वास्तवमा भन्नुपर्दा बुद्ध एक व्यक्ति मात्र होइनन्। तिमीहरू सबै बुद्धहरू हौ। एक पटक तिमीहरूले सत्यलाई बुझिसकेपछि सर्वत्र तिमीहरूले एकता मात्र देख्नेछौ। स्पष्ट बहुमतमा एकता छ। जब तिमी धेरै ऐनाहरूको बीचमा हुन्छौ, तब त्यहाँ धेरै सङ्ख्यामा आफ्नो प्रतिबिम्ब देख्छौ। प्रतिबिम्ब धेरै छन् तर व्यक्ति एकै छ। प्रतिक्रिया, प्रतिबिम्ब र प्रतिध्वनि धेरै छन् तर वास्तविकता एक छ।

म यहाँबाट बोलिरहँदा यहाँ भएका हरेक लाउडस्पिकर (ध्वनिप्रशारक यन्त्र) मार्फत मेरो आवाज सुन्न सकिन्छ। उही रीतले सबैको हृदयमा भएको एकताको सिद्धान्तलाई पनि तिमीले चिन्नुपर्छ । जब मानिसको मनले एकताको सिद्धान्तलाई बुझ्दछ तब मात्र उसको जीवनले पूर्णता पाउँछ। मानिसको मनलाई एक नबनाई उनीहरूलाई मात्र सँगै राख्नुको कुनै अर्थ हुँदैन।

*मन एव मनुष्याणां कारणं बन्धमोक्षयो* (मानिसको बन्धन र मुक्तिका लागि मन नै कारक हो)। तिमीले कसैलाई देखेर त्यो खराब मानिस हो भन्छौ; अर्को मानिस देखेपछि त्यो असल मानिस भन्छौ। तर, यथार्थमा असल र खराब त तिम्रो मनमा विद्यमान छ, तिम्रो वरिपरिका मानिसमा होइन। तिमी यो हातेरुमाललाई सेतो अनि यो माइक (ध्वनि बढाउने यन्त्र)लाई कालो भन्छौ। रङको भिन्नता तिम्रा आँखाले बोध गराएका हुन् तर सारभूतरूपमा कालो र सेतो एकै र उही हुन्। सबैले विविधतामा एकता खोज्न प्रयत्न गर्नुपर्छ। तब मात्र उसले दिव्यताको अनुभव गर्न सक्छ।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

यस क्षणिक र अल्प समय मात्र रहने संसारमा एक चिज मात्र साँचो र शाश्वत छ। त्यो दिव्यता हो। त्यही नै सबैले हासिल गर्ने आकाङ्क्षा राख्नुपर्छ।

*सत्यं शरणं गच्छामि* (म सत्यको शरणमा जान्छु)। *एकं शरणं गच्छामि* (म एकताको शरणमा जान्छु)। यस संसारमा भएका सबै थोक दिव्यताको स्वरूप हो; दिव्यताबाहेक दोस्रो अस्तित्व कुनै छैन। दैवी सिद्धान्तको नै समस्त संसारमा शासन छ।

यस सत्यलाई बुझेर नै बुद्ध आफ्ना शिष्यहरूसँग यही प्रचार गर्न गाउँगाउँमा जानुभयो। उहाँले कहिल्यै

विश्राम लिन आवश्यक ठान्नुभएन। आफूजस्तै मानिसहरूमा यो सर्वोच्च ज्ञान बाँड्नु आफ्नो परम कर्तव्य हो भन्ने उहाँलाई लाग्यो। उहाँका पितासमेत उहाँकहाँ आइपुगे। उनले पनि यस सत्यलाई बुझेर रूपान्तरित भए।

बुद्धले के सिकाउनुभयो? दिव्यताको एउटै सिद्धान्तले सबै जना युक्त छन् भनी बुद्धले सिकाउनुभयो। *एकं सत् विप्र बहुदा वदन्ति* (सत्य एक छ तर विद्वान्हरू यसलाई विभिन्न नामले प्रस्तुत गर्छन्)।

यही सन्देश भगवान् श्रीकृष्णले सबै थोक आफ्नै प्रतिबिम्ब र कोही पनि आफूबाट भिन्न छैनन् भनी भगवद्गीतामा बताउनुभयो।

यस सत्यलाई बुझ्न बुद्धले धेरै कठिनाइको सामना गर्नुपर्‍यो। बुद्धका समकालीन पवित्र व्यक्तिहरूले बुद्धको महानताको कदर गरे। उनीहरू आफूले बुझ्न नसकेको सत्य बुद्धले अनुभव गर्नुभएको छ भन्थे। सम्पूर्ण अकाङ्क्षा त्याग्नेबित्तिकै बुद्ध पूर्ण त्यागीको नमूना हुनुभयो। उहाँसँग प्रेमबाहेक केही थिएन। उहाँले प्रेमलाई नै आफ्नो प्राणवायु बनाउनुभयो। प्रेम नहुँदो हो त संसार शून्यमा परिणत हुनेछ।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

बुद्धले सिकाउनुभएका सिद्धान्तहरू निकै महत्त्वपूर्ण छन् तर मानिसहरूले तिनलाई बुझ्न कोसिस गर्दैनन्। तिमीहरूले ख्याल राखेकै हुनुपर्छ बुद्धका शिरमा घुम्रिएको कपाल थिए। केस्राकेस्रा कपाल एकअर्कासँग बेरिएका थिए। यसमा पनि एकताको सन्देश रहेको छ।

उहाँको हृदयमा एउटै मात्र भावना थियो – प्रेमको भावना। उहाँले *धमं शरणं गच्छामि* (म धर्मको शरणमा जान्छु), *प्रेमं शरणं गच्छामि* (म प्रेमको शरणमा जान्छु) भनी सिकाउनुभयो। प्रेम नहुँदो हो त मानवताको कुनै अस्तित्व नै रहँदैन।

साह्रै दरिद्र वा धनी मानिस जो भए पनि सबैलाई मानिसले प्रेम गर्नुपर्छ। आफूजस्तै अन्य मानिसका लागि प्रेम बाँड्न पैसा मानदण्ड बन्नु हुँदैन। पैसा महत्त्वपूर्ण होइन। पैसा आउँछ र जान्छ; नैतिकता आउँछ र बढ्छ। अरूको चित्त नदुखाऊ। सदा सहयोग गर, कहिल्यै चित्त नदुखाऊ। तब मात्र तिमीले बुद्धको अवस्था हासिल गर्न सक्छौ।

दिव्यतामा एकताको सिद्धान्तलाई बुझ्न सक्तैनौ भने लामो व्याख्यान दिनुको थोरै उपयोग हुन्छ। तिमीले ईश्वरलाई राम, कृष्ण, बुद्ध, साईजस्ता नामले बोलाउन सक्छौ तर ती सबैमा एकै दिव्य सिद्धान्त सम्मिलित

हुन्छ। आफ्नो हृदयको वेदीमा एकताको फूल राख अनि त्यसैका सुगन्ध सबैतिर छरिन देऊ।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

उही एउटै प्रेमको सिद्धान्त तिमीहरू सबैमा विद्यमान छ। जब तिमीले प्रेमको मार्ग समात्छौ तिमी स्वयं बुद्ध हुनेछौ। आज बुद्धपूर्णिमा हो। पूर्णिमाको अर्थ पूर्णचन्द्र हो। बुद्धपूर्णिमाको निहित सन्देश के हो भने पूर्ण चन्द्रमाजस्तै सम्पूर्ण पवित्रताका साथ मन पनि चम्कनुपर्छ। मन आफ्नो स्रोतमा एकाकार हुनुपर्छ, भन्नुको तात्पर्य जुन आत्माजस्तै शुद्ध र उज्ज्वल छ। पूर्णिमाको रातमा अध्यारो हुँदैन। यस बुद्धपूर्णिमाको पावन दिनमा सबैले मनको पूर्ण पवित्रता हासिल गर्नुपर्छ।

*पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्ण मुदच्यते, पूर्णस्य पूर्ण मादाय पूर्णमेव वसिस्यते* (त्यो पनि पूर्ण छ, यो पनि पूर्ण छ। जब पूर्णबाट पूर्णलाई झिकिन्छ जे बाँकी हुन्छ त्यो पनि पूर्ण नै हुन्छ)। सबैले यस सत्यलाई बुझ्नुपर्छ।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

## शिरडी साई बाबा

सन् १९१७ मा एक दिन बाबाले अब्दुल बाबा,नानासाहेब चाँदोरकर, म्हाल्सापति, दासगणु आदिलाई बोलाएर सोध्नुभयो तिमीहरू मेरा शिष्य हौ कि भक्त? सबैले एउटै जवाफ दिए हामी हजुरका शिष्य हौँ। बाबाले नकारात्मक जवाफ दिँदै भन्नुभयो, “तिमीहरू कोही पनि मेरा शिष्य होइनौ, किनभने आजसम्म मैले कसैलाई शिष्य बनाएकै छैन, तर मेरा भक्त भने असङ्ख्य छन्, तिमीहरू पनि मेरा भक्त हौ।” शिष्य र भक्तका बीचको भेदलाई तिमी बुझ्न सक्तैनौ। कोही पनि भक्त हुन सक्छ। तर, शिष्यका विषयमा त्यसो होइन। शिष्य त्यो हो जसले गुरुको आदेशलाई स्पष्ट रूपमा पालन गर्छ। गुरुमा पूर्ण भक्ति नै शिष्यको लक्षण हो। शिष्यमा गुरुबाट अलग्गिनेपनको भावना नै हुँदैन। उसले “गुरु र आफू एकै हौँ” भन्ने ठान्नुपर्छ।

सत्य साई स्पिक्स, भाग २३, परिच्छेद २८
२८ सेप्टेम्बर १९९०

मेरो अवतार शिरडी साई बाबा हुँदाका बखतमा केही मानिसले मेरा शब्द र कार्यहरूको सूक्ष्म अर्थ बुझ्न सकेनन्। ती बाबासँग आएर गुनासो गर्थे, “बाबा! हामी पर्खिरहेका थियौँ, हजुरले आउँछु भन्नुभएको थियो। हजुरले हामीलाई किन निराश बनाउनुभयो? हजुरले हामीलाई त्यस्तो दुःख किन दिनुभयो? हामीले के पाप गरेका थियौँ?”

बाबा जवाफ दिनुहुन्थ्यो, "तिमी मानिसहरू साँच्चै धेरै मूर्ख छौ। म तिम्रो घरमा आएको थिएँ, तिमीहरूले मलाई लट्ठीले हिर्काएर धपायौ।" ती भक्त छक्क पर्दै भन्थे,"हे बाबा! हामीले हजुरलाई लट्ठीले खेद्दै अपवित्र हुने काम कहिल्यै गर्न सक्छौँ होला र?"

तब ,बाबा उनीहरूलाई आफू कालो कुकुरका रूपमा उनीहरूकोमा आएको थिएँ भन्नुहुन्थ्यो। यस शैलीमा बाबाले ईश्वर सबै जीवमा समुपस्थित छन् भन्ने सत्य उजागर गर्नुहुन्थ्यो।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद ६५
१४ जुलाई १९९६

## श्री रामकृष्ण परमहंश

रामकृष्ण परमहंस दिनभर माता कालीलाई पूजा गर्दा अनेक तरिका र पद्धतिहरू प्रयोग गरी सम्पन्न गर्ने गर्थे। एक दिन माता काली उनीसामु प्रकट भएर साध्नुभयो, "रामकृष्ण! तिमी दिन प्रतिदिन पागल भइरहेका छौ। तिमीले मलाई विशेष रूपमा पूजा गऱ्यौ। तिमी मलाई यो र त्यो रूपमा किन समेट्छौ? वास्तवमा सबै स्वरूप मेरै हुन्। जो जसका सामु तिमी पुग्छौ ठान उनीहरू सबै दिव्यस्वरूप हुन्।"

सत्य साई स्पिक्स, भाग ३८, परिच्छेद २४
९ अक्टोबर २००५

केही मानिस रामकृष्ण परमहंसका वरिपरि घेरिए र सोधे, "महाशय! हजुरले भगवान्लाई देख्नुभएको छ?" रामकृष्ण मन्द मुस्कुराए। उनले भने, "हो! मैले तिमीहरूलाई देखे जसरी नै भगवान्लाई पनि देखिरहेको छु। सबै जना भगवान्कै स्वरूप हुन्। तैपनि तिमीहरूको दृष्टि फरक छ। तिमीहरू सबै मानिसलाई मानिस जसरी हेर्छौ। तर, तिमीले देखेको सबै दिव्य हुन्। तिमी किन दिव्यलाई देख्न सकिरहेका छैनौ? तिमी तिम्री पत्नी, तिम्रा सन्तान, तिम्रो धन र तिम्रो पदका लागि बिलौना गर्छौ। के तिमीले त्यसैगरी भगवान्का लागि रोएका छौ त? छैन। जब तिमी भगवान्का लागि व्यग्रताका साथ बिलौना गर्छौ, भगवान् तिम्रासामु प्रकट हुनुहुनेछ।" एक पटक तिमीले दुर्गुणलाई त्यागेपछि भगवान्को अनुभव गर्न सक्छौ।

सत्य साई स्पिक्स, भाग २९, परिच्छेद ३९
२७ अगस्ट १९९६

आफ्नो जीवनको अन्त्यतिर रामकृष्ण परमहंस घाँटीको क्यान्सरबाट पीडित थिए। तपाईं आफैँले पूजा गर्ने माता दुर्गालाई प्रार्थना गरेर आफ्नो दुःखबाट छुटकारा पाउनुहोस् न भनी रामकृष्णका शिष्यहरूले आग्रह गरे। रामकृष्णले भने, "मैले मातासँग प्रार्थना गरें।" उनीहरूले माताको जवाफ के थियो

भनी रामकृष्णलाई सोधे। रामकृष्णले भने, "माताले मलाई भन्नुभयो: 'जब मैले धेरैभन्दा धेरै मुखबाट धेरैभन्दा धेरै कुराहरू खाइरहेको छु भने तिमीले आफ्नो मुखबाट केही खान नसक्दैमा के धेरै फरक पर्छ र?' उहाँको शब्दले मेरो आँखा खुल्यो।"

सबै ईश्वरकै मुख हुन्। वेदहरू घोषणा गर्छन्, "दैवसँग असङ्ख्य शिर, असङ्ख्य आँखा र असङ्ख्य गोडाहरू छन्। यसको अर्थ सबै शिरहरू उहाँकै हुन्, सबै आँखाहरू उहाँकै हुन् अनि सबै गोडाहरू उहाँकै हुन्।

सत्य साई स्पिक्स, भाग ३०, परिच्छेद ३३
२५ डिसेम्बर १९९७

## जिसस क्राइस्ट

एकतालाई बुझ्न मानसिक अनुशासन र बौद्धिक प्रयत्न गर्नुलाई साधना भनिन्छ। मानिसको हृदयमा प्रेम र करुणा स्थापित गर्न नै येशुले आफ्नो जीवनको वलिदान दिनुभयो ताकि अरू खुसी हुँदा आफू पनि खुसी हुन सकियोस् र अरू दुःखी हुँदा आफू पनि दुःखी हुन सकियोस्।

सत्य साई स्पिक्स, भाग १३, परिच्छेद २७
२५ डिसेम्बर १९७६

येशुका बारेमा विवादहरू थिए। उहाँले परीक्षाहरू भोग्नुका कारण तिनै मतभेदहरू थिए। तर, येशु कुनै पनि दण्ड वा सजाय भोग्न तयार हुनुहुन्थ्यो। उहाँले करुणालाई सर्वोच्च गुणका रूपमा लिनुभयो। सुरुमा उहाँले आफू, "परमेश्वरको सन्देशवाहक" भनी घोषणा गर्नुभयो। त्यसपछि उहाँले "म ईश्वरको पुत्र हुँ" भनी घोषणा गर्नुभयो र अन्तिममा "म र मेरा पिता एकै हौँ" भनी घोषणा गर्नुभयो। तिमीहरूले यो एकतालाई मनन गर्नुपर्छ। तिमीहरूले आफ्नो विविधताको होइन एकताको घोषणा गर्नुपर्छ।

अचेल मानिसहरू एकताको चर्चा त गर्छन् तर यसको अभ्यास भने गर्दैनन्। सबै सम्भाषणमा स्वामी प्रेमका सम्बन्धमा बोल्छु। यसलाई कतिले अभ्यास गरेका छन्? प्रेमको सिद्धान्तलाई बुझ्न कतिले प्रयत्न गरेका छन्? यो प्रेम कोसँग छ? प्रेम त कतै देखिएन।

जहाँ प्रेम हुन्छ त्यहाँ घृणाका लागि कुनै स्थान हुँदैन। कसैप्रति ईर्ष्या नराख। जब यो दुर्गुण देखा पर्छ, प्रेम उड्न थाल्छ। शुद्ध हृदय प्रेमको साम्राज्य हो। जहाँ पवित्रता हुन्छ त्यहाँ एकता हुन्छ।

सत्य साई स्पिक्स, भाग ३०, परिच्छेद ३३
२५ डिसेम्बर १९९७

# एकता नै साई अवतारको उद्देश्य

## त्रिरूप अवतारको उद्देश्य

*प्रश्न : यी तीन अवतारको पवित्र अभियान र दैवी उद्देश्य के होला?*

बाबा : प्रत्येक पुरुष तथा महिलाबीच एकता स्थापनाका निम्ति सम्पूर्ण मानवजातिलाई एकै जात वा परिवार – जसलाई आत्मबोध भन्न सकिन्छ – मा बाँध्नका लागि, जसको आधारमा ब्रह्माण्डीय योजना अडेको छ। एक पटक यसको अनुभूति भयो भने मानवलाई मानवसँग र मानवलाई भगवान्सँग बाँध्ने साधारण दैवी सम्पदा प्रस्ट हुनेछ, तब प्रेम ब्रह्माण्डलाई मार्गदर्शन गर्ने ज्योतिका रूपमा फैलनेछ।

संश्लेषणात्मक अन्तर्सम्बन्धित विचार, बोली र व्यवहार विकास गर्नका लागि भगवान् उसैभित्र हुनुहुन्छ भन्ने अनुभुति गराउनुपर्छ। एक पटक यो प्राथमिक पाठ परिवार, विद्यालय, कलेज, समुदाय, सहर र विश्वभरका देशहरूमा सिकाइयो भने मानिसले सम्पूर्ण मानव समुदाय एकै परिवारका सदस्य हुन् भन्ने चेतना हासिल गर्नेछ। जसरी क्राइस्टले प्रचार गरे : सबै एकै हुन्, एक समान बन।

यहाँ अत्यावश्यक मुद्दा भनेको एकत्व हो : मानवताको एक जात, एक वर्ग, एक मत। अनि यो तब मात्र प्राप्त गर्न सकिन्छ जब व्यक्तिले आफू स्वयं तथा आफ्नो अहम्तालाई पवित्र, निःस्वार्थ सार्वभौम प्रेम र भक्तिप्रति समर्पित गर्छ। प्रेम आधार हो, सर्वमान्य भाजक र भक्ति दैवी फिल्को हो, मानवलाई मानवसँग र मानवलाई भगवान्सँग एकत्रित गर्ने, बाँध्ने वा जोड्ने तत्त्व हो।

म तिमीहरूलाई एउटा दृष्टान्त दिन्छु (बाबाले आफ्नो रुमाललाई भुइँमा फैलाउनुभयो)। यहाँ एउटा कपडाको भुत्रो छ। यसबाट धागोलाई छुट्ट्याइयो भने कपडा कमजोर बन्छ। यिनीहरूलाई सँगै राख, यो ठोस र बलियो बन्छ। मानवजातिमा पनि यस्तै हुन्छ। प्रेमले मानवजातिलाई लाखौँ, करोडौँ धागोले जस्तै गरी बाँध्छ र भक्तिले भगवान्सँग पुनर्मिलन गराउँछ। म त्यही भएर प्रेमलाई धारण गर्छु र यसलाई मानवलाई सुधार्न र उसको भक्तिलाई मानवजातिमा भाइचारा स्थापित गराउने औजारका रूपमा प्रयोग गर्छु।

गड लिभ्स इन इन्डिया, पृ. ७–८

भगवान्को हालको अवतारको कारण भनेको सबैमा समान भगवान् वा देवत्वको बास भएका कारण विभिन्न जात, रङ तथा मतका बाबजुद मानिसले एक अर्कालाई आदर, प्रेम र सहयोग गर्नुपर्छ भन्ने अनुभूत गराउनु हो। यसरी सम्पूर्ण कार्य भगवान्को पूजा बन्न सक्छ।

गड लिभ्स इन इन्डिया, पृ. ७

मेरो उद्देश्य मानवजातिमा एकता स्थापित गराउनु र देवत्वको पक्षहरूको बारेमा उजागर गर्नु हो, जुन ब्रह्म हो, मानिसको एक मात्र लक्ष्य। तिमीहरूलाई मानव मानवबीच अस्तित्वमा रहनुपर्ने सम्बन्ध अनुभूत गराउनु तथा सम्पूर्ण मानवजातिमा देवत्व अव्यक्त रूपमा उपस्थित छ भनी महसुस गराउनु पनि मेरो कर्तव्य हो।

समर सावर्स इन वृन्दावन १९७४ भाग २, परिच्छेद ३२

## "म प्रेमको ज्योति बाल्न आएको हुँ ..."

म तिमीहरूको हृदयमा प्रेमको ज्योति बाल्न आएको हुँ, तिमीमा त्यो ज्योति दैनानुदिन थप चमकका साथ बलेको हेर्न आएको हुँ। म हिन्दु धर्म वा अन्य कुनै विशेष धर्मको तर्फमा बोल्न आएको होइन। म कुनै सम्प्रदाय, मत वा उद्देश्यको प्रचार गर्ने अभियानका साथ आएको होइन; न म कुनै सिद्धान्तका लागि अनुयायी बटुल्न आएको हुँ। मेरो पक्ष वा अन्य कुनै पक्षमा भक्त वा अनुयायी तान्ने मेरो कुनै उद्देश्य छैन। म त तिमीहरूलाई विश्वव्यापी एकात्मक विश्वास, प्रेमको मार्ग, प्रेमको धर्म, प्रेमको कर्तव्य, प्रेमको बन्धनका बारेमा तिमीहरूलाई बताउन आएको हुँ।

सत्य साई स्पिक्स, भाग ८, परिच्छेद २२
४ जुलाई १९६८

## मैले बोकको सन्देश

संसारका प्रत्येक सम्प्रदाय, सारा राष्ट्र तथा सारा महादेशका मानिसहरूप्रति एकत्वको भाव विकास गर।
मैले बोकेको प्रेमको सन्देश यही हो।
तिमीले हृदयमा यही सन्देश बोकेर जाऊ भन्ने आश गरेको छु।

सत्य साई स्पिक्स, भाग ८, परिच्छेद २२
४ जुलाई १९६८

## "सबै चिज मेरै स्वरूप हुन् ..."

यो शरीर ७५औँ वर्षतर्फ प्रवेश गरिरहेको छ। आजसम्म म सदैव आनन्दमा रहेँ किनभने म एकताको सिद्धान्तप्रति जागरुक थिएँ। यो सत्य बुझेमा तिमीले पनि आनन्द अनुभव गर्न सक्नेछौ। म कसैलाई पनि घृणा गर्दिनँ, मेरा कोही पनि शत्रु छैनन्। ममा

डरको लेश मात्र पनि छैन किनभने सबै मेरै विभिन्न स्वरूप हो; सबैमा समान आत्माको बास छ।

सत्य साई स्पिक्स, भाग ३३, परिच्छेद १०
१६ जुलाई २०००

तिमीहरू सबै जना आज यहाँ यसरी जम्मा भएको देख्दा मलाई निकै खुसी लागिरहेको छ। तिमीहरू एकअर्कासँग प्रेमको बन्धनद्वारा एकताबद्ध छौ। प्रेम एक मात्र छ; यो तिमीमा, ममा र अन्य कोहीमा फरक छैन। तिमीहरूले आफ्नो प्रेमलाई स्वामीको प्रेमसँग एकताबद्ध गराएका छौ। प्रेम एक मात्र छ। प्रेममा बाँच।

सत्य साई स्पिक्स, भाग ३९, परिच्छेद ९
१३ मे २००६

# हाम्रा लागि उहाँको पहिलो र अन्तिम सन्देश

विभिन्न अवसरहरूमा भगवान् श्री सत्य साई बाबाले प्रेमद्वारा एकता स्थापना गर्नु नै उहाँको वास्तविक उद्देश्य रहेको बताउनुभएको छ र हामीलाई निम्न आदर्श अपनाउन सल्लाह दिनुभएको छ :

> यो भेलामा विभिन्न देशबाट विभिन्न भाषा बोल्ने, विभिन्न जातिका मानिसहरू उपस्थित छन्। राष्ट्रियता, जाति, सम्प्रदाय, रङ र पहिरनमा भिन्नताका बावजुद यिनीहरू सबै जना साईप्रति र साईको रूपप्रतिको प्रेमले एकताबद्ध छन्। यही मेरो मुख्य उद्देश्य हो। यो पावन भूमिका विगतका सन्त तथा साधुहरूका अभिलाषाको पूर्णता यही हो। यस्तो ऐऐक्यबद्धता, प्रेममा एकताको विकास गर र यसलाई आदर्श मानी सदैव आफूसँग सम्हालेर राख।

सत्य साई स्पिक्स, भाग १४, परिच्छेद ५५
१९ नोभेम्बर १९८०

## पहिलो सार्वजनिक सन्देश

वास्तवमा, १९५३ को आफ्नो पहिलो रेकर्ड गरिएको सार्वजनिक सम्भाषण भगवान् बाबाले "मानवताका लागि मेरो पहिलो सन्देश" भनी सुरु गर्नुभएको थियो र यो सम्भाषणमा उहाँले प्रत्येक व्यक्ति र भगवान्बीच रहेको ब्रह्माण्डीय एकताका बारेमा उल्लेख गर्नुभएको थियो।

> *मानस भजरे गुरु चरणम्,*
> *दुस्तर भवसागर तरणम्* – आफ्नो मनमा रहेका गुरुको चरण पूजा गर। यसबाट तिमी सांसारिक अस्तित्वको भवसागर पार गर्नेछौ। भगवान्ले व्यक्तिलाई आफूतर्फ आकर्षित गर्नुहुन्छ; यो आकर्षण दुवै व्यक्ति र भगवान्को प्रकृति नै हो किनभने यी दुवै वास्तवमा एक नै हुन्... म तिमीहरूलाई के भन्छु भने यसबाट भाग्ने कुनै सम्भावना छैन; आज नभए भोलि प्रत्येक प्राणी भगवान्सम्म नै पुग्नुछ।

सत्य साई स्पिक्स, भाग १, परिच्छेद १
१८ अक्टोबर १९५३

तसर्थ, "देवत्वमार्फत एकता" मानवताका लागि भगवान् बाबाको पहिलो सन्देश थियो। यही नै उहाँको अन्तिम सन्देश पनि थियो।

## अन्तिम सार्वजनिक सम्भाषण

नोभेम्बर २२, २०१० का दिन भगवान् श्री सत्य साई बाबाले आफ्नो अन्तिम सम्भाषण दिनुभयो र हामीलाई एकता कायम राख्न अनुरोध गर्नुभयो।

> सबै मानव हुन्। सबै भगवान्कै सन्तान हुन्। तसर्थ, विविधतालाई कुनै स्थान नदेऊ र एकतामा जीवन बिताऊ। आजका दिन तिमीहरूका लागि मेरो यही सन्देश हो।

सत्य साई स्पिक्स, भाग ४३, परिच्छेद ३
२२ नोभेम्बर २०१०

हाम्रा लागि उहाँको पहिलो सन्देश एकता हासिल गर्नका लागि उत्प्रेरणा थियो। उहाँको अन्तिम सन्देश पनि सो एकता कायम राख्नका लागि अनुरोध थियो। तसर्थ, एकता नै भगवान् बाबाको अभियान हो। एकता नै भगवान् बाबाको विरासत हो र हामी प्रत्येक उक्त विरासतका उत्तराधिकारी हौँ।

# द्वितीय खण्ड

## दैवी सम्भाषण

# एकता नै दिव्यता हो

दिव्यात्मास्वरूपहरू! प्राचीन भनाइ "सबै बाटो एउटै गन्तव्यका लागि" आज चरितार्थ भएको छ। यस ऐतिहासिक सहरमा विभिन्न देशका मानिसहरू विनाकारण भेला भएका होइनन्। तिमीहरूले यसअघि कहिल्यै नसुनेको मानवीय अभियानका बारेमा नयाँ सोचबाट प्रेरणा लिँदै कार्य गर्नका लागि आफूहरू यहाँ आएको छु भन्ने कुरा बुझ्नुपर्छ।

यो सम्मेलन कुनै धर्म, राष्ट्र, जाति, वर्ग वा व्यक्तिसँग सम्बन्धित छैन। शास्त्रहरूमा निहित सारभूत सत्य उजागर गरी सत्य र धर्मको स्थापनाद्वारा मानवजातिमा सद्भाव र शान्ति कायम गराउने उद्देश्यका लागि यो सम्मेलन आयोजना गरिएको हो।

सबै मानवजाति एउटै धर्म, मानवीय धर्ममा आबद्ध छन्। सबै मानिसका पिता ईश्वर नै हुनुहुन्छ। ईश्वरका सन्तान भएकाले सबै मानिसहरू दाजुभाइ दिदीबहिनी नै हुन्। तसर्थ, यो सम्मेलन एउटा पारिवारिक जमघट हो। यो कुनै राष्ट्रियता र धर्मको भेला होइन। यो त मनहरूको भेला हो। यसले कुनै एक संस्कृति वा दर्शनसँग सरोकार राख्दैन। यो त सबै धर्मको शिक्षामा निहित दैवी जीवनपद्धतिसँग सम्बन्धित छ। यसको उद्देश्य नै दिव्यतामा एकतालाई देख्नु हो।

**सबै धर्मले दिव्यतामा एकतालाई घोषणा गर्दछन्**

राष्ट्र र जातिलाई बेवास्ता गर्दै सबै धर्मको आधारभूत सत्य एक र उही छ। दर्शन र अभ्यासका तरिकाहरू फरक होलान् तर निचोड र लक्ष्य भने एकै छ। सबै धर्मले दिव्यताको एकतालाई नै घोषणा गर्छन् अनि जाति, सम्प्रदाय, राष्ट्र र वर्णलाई वास्ता नगरिकन सर्वव्यापक प्रेमकै जगेर्ना गर्न उपदेश दिन्छन्। यस आधारभूत सत्यमा अनभिज्ञ हुनेले मात्र उनीहरूको आफ्नै धर्म, घमण्ड र अहम्लाई महत्त्व दिन्छन्। त्यस्ता मानिसले दिव्यतालाई छुट्टै भएजसरी ठूलो भ्रम फैलाउँछन् र गन्जागोलजस्तै

बनाउँछन्। अनन्त दिव्यतालाई त्यसरी साँघुरो डब्बामा थुनेर भाग लगाउनु भनेको भगवान्सँग विश्वासघात गर्नु हो। आध्यात्मिक तथा ईश्वरीय जीवनको आधार भनेकै आत्मामा रम्नु हो।

यही आध्यात्मिक आधारलाई सामाजिक जीवनमा सुनिश्चित गर्नुपर्छ। तथापि, मानवले शरीर मात्रै यथार्थ हो भन्ने मान्यतालाई आफ्नो जीवनको आधार बनाएको छ। आत्म सम्बन्धमा उसले सिक्नुपर्ने यो त्रुटिबाट मानिस मुक्त हुनुपर्छ। मानिस र समाज ईश्वरकै इच्छाले सिर्जना गरिएका हुन् अनि उहाँ नै ब्रह्माण्डमा व्याप्त हुनुहुन्छ भन्ने कुरा मानवले बुझ्नुपर्छ। यही सत्यलाई बुझेपछि मात्र मानिसले आफ्नो अहम्लाई त्यागेर कर्तव्यका लागि समर्पणको जीवन जिउन सक्छ। समाज स्वार्थी व्यक्तिहरूको अखडा नबनिकन दिव्य निर्देशित व्यक्तिहरूको एक समुदाय बन्नुपर्छ।

विज्ञानको प्रगतिका कारण मानिसले आफूलाई नै ब्रह्माण्डको अधिपति ठानेर देवलाई बिर्सन खोज्दै छ। यद्यपि, आज मानिस चन्द्रमामा समेत पुगेर बाह्य खगोलको अन्वेषण गर्दै छ, यस सृष्टिमा अझ असङ्ख्य रहस्यात्मक तथा विचित्रका चीजहरू छन् भनी ठानेको भए दिमाग र बुद्धिमत्ताको क्षमताभन्दा यी पर छन् भनी उसले बुझ्नेछ। ब्रह्माण्डको रहस्यलाई मानिसले जति बढी पत्ता लगाउँछ उति नै बढी सृष्टिका रचयिता अनि प्रेरक भगवान् नै हुनुहुन्छ भन्ने कुरा बुझ्नेछ। सबै धर्मले यही सत्यलाई स्विकार्छन्। मानिसले गर्न सक्ने भनेको आफ्नो सीमित ज्ञान र बुद्धिले अदृश्य र अनन्त परमात्मालाई बुझेर उहाँलाई पूजा गर्दै उहाँलाई नै मान्नु हो।

## समाजसेवा गर्नु नै एकतालाई प्रवर्द्धन गर्नु हो

आफ्नो आन्तरिक दिव्यतालाई बुझ्नुको सट्टा मानिस आफ्नै भौतिक उपलब्धिहरूको जेलरूपी घरमा थुनिएको छ। विज्ञान र प्रविधिको उन्नतिभन्दा मानिसभित्र रहेको दैवी चेतनायुक्त कुरा कताकता ठूलो छ। भौतिक संसारलाई मात्र वास्तविक ठान्नाले कुनै समयका लागि समाजमा वैज्ञानिक, प्राविधिक तथा भौतिक समृद्धि त ल्याउन सकिएला तर त्यही क्रममा उसले यदि सदा गर्नेजस्तो मानवीय स्वार्थ, लोभ र घृणालाई विकास गरे समाज आफैँ नष्ट हुनेछ। यसका विपरीत मानवको अपरिहार्य दिव्यतालाई बुझ्ने हो भने मानवले एकतामा आधारित एक महान् समाजको निर्माण गरी प्रेमको दैवी सिद्धान्तलाई पालना गर्न सक्तछ। यस्तो गहन परिवर्तन व्यक्तिका मनमा हुनुपर्छ। जब व्यक्ति परिवर्तन हुन्छ

समाज पनि परिवर्तन हुनेछ। अनि जब समाज परिवर्तन हुन्छ समस्त संसार परिवर्तन हुनेछ। एकता नै समाजको उन्नतिको रहस्य हो अनि समाजको सेवा नै त्यसलाई प्रवर्द्धन गर्ने साधन हो। त्यसैले सबै भक्तले आफूलाई समर्पणको भावले सेवामा अर्पित गर्नुपर्छ।

भौतिक सुखसुविधा नै सामाजिक जीवनको लक्ष्य होइन भन्ने बुझ्नुपर्छ। समाजका मानिसहरू भौतिक सुखसुविधाका लागि मात्र लागी पर्छन् भने त्यहाँ मेलमिलाप र शान्ति हुन सक्तैन। यदि प्राप्त गरिएछ नै भने पनि त्यो क्षणिक हुन्छ र त्यहाँ बलियाले निर्धालाई थिचोमिचो गर्छन्। भरणपोषणको शैलीले समेत समान वितरणको न्यून समानताबाहेक अरू केही सुनिश्चित गर्न सक्तैन। चाहना र क्षमताका आधारमा भौतिक वस्तुहरूको समान वितरण कसरी गर्न सकिन्छ र? त्यसैले प्रत्येकका हृदयमा आसीन देवमा आध्यात्मिक धारणाका माध्यमबाट मनलाई मोडेर चाहनाहरूलाई नियन्त्रण गर्नुपर्छ।

## मानिसको स्वभावमै दैवी अनुभव अन्तर्निहित छ

आत्मामा निवास गरिरहेको सत्यलाई एक पटक चिनिसकेपछि संसार एउटै परिवार रहेछ भन्ने ज्ञानको उदय हुन्छ। तब ऊ दैवी प्रेमले भरिन्छ अनि उसको सबै कार्यहरूमा त्यही प्रेरक शक्ति बन्दछ। शान्ति र समभाव खोज्दै मानिस अन्तहीन इच्छाहरूका पछि लागेको छ। भौतिक वस्तुहरूको प्रेमलाई दैवी प्रेममा रूपान्तरण गरेर मात्र उसले दिव्यको अनुभव गर्न सक्छ। यो अनुभव मानिसको पहुँचभन्दा बाहिरको होइन। वास्तवमा यो त मानिसको आन्तरिक स्वभावको एक भाग हो। उसको मानवीयता र दिव्यताको रहस्य पनि यही हो।

आफ्नो धर्म जे भए पनि सबैको आस्थाका लागि आदर विकास गर्नुपर्छ। अरूहरूको धर्मका लागि सहनशीलता र आदरको त्यस्तो वृत्ति कसैमा छैन भने ऊ आफ्नै धर्मको समेत सच्चा अनुयायी होइन। आफ्नै धर्मलाई मात्र कठोरताका साथ पालना गरेर मात्र हुँदैन। सबै धर्महरूको आवश्यक एकतालाई बुझ्ने प्रयास पनि गर्नुपर्छ। तब मात्र मानिसले दिव्यताको एकतालाई अनुभव गर्न सक्नेछ। धर्मका क्षेत्रमा कुनै पनि प्रकारको जबरजस्ती वा बाध्यता हुनुहुँदैन। धार्मिक मामिलामा तिमीले उत्तेजित नभई शान्तिपूर्वक छलफल गर्नुपर्छ। आफ्नो धर्म उपल्लो र अर्काको तल्लो भन्ने भावमा नअल्झ। धर्मका लागि द्वन्द्व पूर्णतः अन्त्य हुनैपर्छ। धर्मका परिप्रेक्ष्यमा मानिसहरूलाई विभाजन

गर्नु मानवताविरुद्धको अपराध हो।

आज मानिसले
प्रकृति र ब्रह्माण्डका विषयमा
सबै थोक जानेजस्तो परिकल्पना
गरिरहेको छ। यदि मानिसले आफ्नै
बारेमा जान्दैन भने ती सबै ज्ञानको के
उपयोग? उसले आफूलाई बुझेपछि
मात्र बाह्य जगत्को सत्यलाई जान्न
सक्नेछ। बाहिरी जगत्को सत्यलाई
जानेर मात्र मानिसले आफ्नो भित्री
वास्तविकतालाई बुझ्न सक्तैन। जब
उसले आफ्नो दृष्टिलाई भित्र पारेर
आफ्नो वास्तविक दिव्यतालाई चिन्दछ
तब उसले सबै जीवप्रति समभावको
स्थिति प्राप्त गर्दछ। एकताको त्यही
भावनाबाट उसले आनन्दको अनुभवमा
डुबुल्की मार्न पाउँछ।

"एकता नै दिव्यता" अन्तर्राष्ट्रिय
गोष्ठीलाई सन्देश, रोम
३० र ३१ अक्टोबर १९८३

# समाजमा एकताका लागि सेवा कार्यहरू

*असल चरित्र र पवित्र मनबाट वञ्चित छौ भने तिमी,*
*अपेक्षा कसरी गर्न सक्छौ कदर आफ्नो होस् भनी*
*शान्ति, प्रेम, सुख र समृद्धिका स्वरूप साईबाट तिमी,*
*कसरी आश गर्छौ प्रेम साईको नजिकको व्यवहार तिमी?*

(तेलुगू कविता)

मानवजीवन एक प्रकारको दया हो, पवित्र समय हो, हृदय शुद्ध भएको हो र मन अमृतमय हो। यस्तो पवित्र मानवजन्मद्वारा अनुगृहित मानवबाट के अपेक्षा गरिन्छ त? मानवजीवनरूपी भवनको मूल आधार के हो त? हरेक मानिस शान्ति र सुखको आकाङ्क्षा राख्छन्। मानिस कसरी शान्त जीवन बिताउन सक्छ? मानवीय मूल्यहरूलाई आफ्नो जीवनमा उतारेमात्र यो सम्भव हुन्छ। मानवीय गुणहरू बाहिरबाट प्राप्त गर्नु पर्दैन; यी गुण हरेक मानिसभित्रै रहेका हुन्छन्। यस्ता मानवीय गुणहरूलाई बिर्सिएमा मानिसले कसरी प्रगति गर्न सक्छ? पहिलो चरणमै मानिसले आफ्नो जन्मको उद्देश्यबारे सोधखोज गर्नुपर्छ।

## तिमीले अन्य कोहीलाई सेवा गरिरहेका छैनौ

मानवजीवन समता, ऐक्यता, सहभ्रातृत्व र सौजन्यमा आधारित हुन्छ। मानवजीवनका मुख्य आधार यिनै हुन्। यीमध्ये एउटै मात्र भएन भने पनि जीवन निरर्थक हुनेछ। हरेकले यी चार गुणहरूलाई जगाएर सुरक्षित राख्नुपर्छ।

सर्वप्रथम, मानिसले मानवताको अर्थ बुझ्नुपर्छ। सत्यले *नीति* (नैतिकता)को संवर्द्धन गर्छ, सदाचारले *ख्याति* प्रदान गर्छ, *त्याग* जीवनको *ज्योति* हो। मानवजाति यी तीन – *नीति, ख्याति* र *ज्योति*को संयुक्त रूप हो।

तर, आज मानिस सत्य, सदाचार र त्यागको सिद्धान्तहरूलाई

बेवास्ता गरिरहेको छ। समाजिक हितका लागि नभई आफ्नै मुक्तिका लागि मानिसले यी सिद्धान्तहरूमा अडिग रहनुपर्छ। सबैबाट आदरको अपेक्षा गर्छौ भने तिमीले मानवजीवनको आधार आत्मसम्मानको विकास गर्नुपर्छ। आत्मसम्मान गुमाउनेले अरूबाट आदर पाउन सक्तैन। मानिसले अन्तःकरणदेखि अरूको आदर गर्नुपर्छ र अरूसँग प्रेम बाँड्नुपर्छ, यी महत्त्वपूर्ण कुरा हुन्। यो मानिसको प्राथमिक कर्तव्य हो।

मानिस *व्यष्टि जीवी* (व्यक्ति) मात्र नभएर *समष्टि जीवी* (समाजको अभिन्न अङ्ग) पनि हो। *'व्यष्टि' जीवदु* (व्यक्ति) र *'समष्टि' देवदु* (ईश्वर) सँग सम्बन्धित छ। मानिसले व्यक्तिगत तहबाट सामाजिक तहतर्फ यात्रा गर्नुपर्छ। यो तहमा लाग्ने बाटो कस्तो हुन्छ त? सर्वप्रथम, मानिसले आफैँमा विद्यमान जीवनज्योतिको समान सिद्धान्तलाई चिन्नुपर्छ। मानिसले एकत्वको सिद्धान्त बुझेपछि मात्र समत्वको सिद्धान्तलाई अनुभव र अभ्यास गर्न सक्छ।

तिमीले गर्ने सेवा क्रियाकलापहरू समाजमा एकता अनुभूति गर्नका लागि हुनुपर्छ। तिमी 'अरूको सेवा गर्दै छु' भन्ने ठान्छौ भने यो ठूलो भूल हो। वास्तवमा तिमीले कसैलाई पनि 'अर्को' ठान्नु हुँदैन किनभने सबै देवत्वका स्वरूपहरू हुन्। तर, मानिस यो सत्य बोध गर्ने प्रयास गरिरहेको छैन। तसर्थ, ऊ कठिनाइहरूको सामना गर्दछ। ईश्वर सर्वव्यापक हुनुहुन्छ भन्ने बोध एक पटक गरेपछि मानिस दुःखहरूबाट मुक्त हुन्छ। दुःखबाट छुटकारा पाउन मानिसले समाजमा एकताको सिद्धान्तलाई अभ्यास गर्नुपर्छ। मानिसले एकताको सिद्धान्तलाई एक पटक बुझ्यो भने ब्रह्माण्डको सिद्धान्तलाई प्राप्त गर्न सक्छ।

**शारीरिक आसक्ति त्याग**

प्रत्येक व्यक्तिले भौतिक शरीर पाएको हुन्छ। प्रकृति ऐनाजस्तै हो। ऐनामा तिमी आफ्नो प्रतिबिम्ब मात्र देख्छौ। मानिस आज स्वार्थी र स्वेच्छाको जीवन बाँचिरहेको छ। स्वार्थ समाजमा व्याप्त छ। *देहाभिमान* (शरीरप्रतिको आसक्ति) बढ्दो छ भने *देशाभिमान* (मातृभूमिप्रतिको प्रेम) घट्तो छ। आध्यात्मिक जिज्ञासुहरू एवं पवित्र चित्त भएका आदर्श आत्माहरूसमेत शरीरको मोह त्याग्न असमर्थ छन्। *देहाभिमान* रहेसम्म मानिसले *दैवाभिमान* (ईश्वरप्रतिको प्रेम) विकास गर्न सक्तैन।

*पञ्चतत्त्वले बनेको शरीर कमजोर छ*
*र नाश हुन बाध्य छ।*
*एक सय वर्षसम्मको आयु तोकिए*

*पनि यो आयु पक्कै पाउन सकिदैन।*
*बाल्य, युवा वा वृद्धावस्था जे भए पनि जुनसुकै वेला मानिसले यो मरणशील शरीर त्याग्नु पनि पर्न सक्छ।*
*मृत्यु निश्चित छ। तसर्थ, शरीर नाश हुनुभन्दा पहिले नै मानिसले आफ्नो साँचो स्वभाव बुझ्ने प्रयास गर्नुपर्छ।"*

(तेलुगू कविता)

आफ्नो सच्चाइ बुझ्नका लागि तिमीलाई शरीर प्रदान गरिएको हो। सांसारिक आमोदहरूमा आफ्नो समय र शक्ति खेर फाल्नु मूर्खता हो। यदि तिमीले आफ्नो सच्चाइ जान्यौ भने सबै थोक जान्नेछौ।

प्रेमस्वरूपहरू! सूक्ष्मदेखि बृहत्सम्म बाह्य संसारमा जे-जति तिमी देख्छौ ती सबै तिमीभित्रै छन्। तिम्रा हृदयमा पहाड, महासागर, सहर र गाउँजस्ता सबै कुरा छन्। सबै जीवात्माहरू तिमीभित्र छन्। तिमी नै प्रत्येक चिजका आधार हौ। यस्तो हुँदाहुँदै पनि बाहिरी संसारमा तिमी के हेर्न चाहन्छौ? आफैँभित्रको वास्तविकतालाई बेवास्ता गरी बाहिरको प्रतिबिम्बबाट प्रभावित भएर हिँड्नु कस्तो मूर्खतापूर्ण कार्य हो!

**मानवीय मूल्य अभ्यास गर**

प्रथमतः मानवीय मूल्यहरूलाई जान। तिनीहरूमध्ये पहिलो 'सत्य' हो। यो अपरिवर्तनीय छ र समय एवं अन्तरीक्षभन्दा पर छ। अमेरिकन सत्य, रसियन सत्य, भारतीय सत्य अथवा पाकिस्तानी सत्य भन्ने हुँदैन। सत्य एउटै हुन्छ र सबै मुलुकहरूमा सदासर्वदा उही हुन्छ। तिमी सत्यका स्वरूप हौ। सत्य ईश्वर हो। त्यसकारण यो सत्य बुझ्ने प्रयास गर। *सत्यं ब्रूयात् प्रियं ब्रूयात्, न ब्रूयात् सत्यमप्रियम्* अर्थात् सत्य बोल्नुपर्छ, प्रिय बोल्नुपर्छ तर अप्रिय सत्य बोल्नु हुँदैन। यस्तो अनन्त सत्यलाई बिर्सेर मानिस क्षणिक (अस्थायी) वस्तुहरूको खोजमा छ। सत्यमा अड्नु भनेको अरू केही होइन, *नीति*मा रहनु हो अर्थात् ठीक चालचलन गर्नु हो। *सत्यान्नास्ति परोधर्म* अर्थात् सत्यमा रहनुभन्दा ठूलो धर्म अरू केही छैन। सत्य र धर्मले शान्ति प्रदान गर्नेछ। सत्य र सदाचारमा अडिग रहने व्यक्ति सधैँ शान्त हुनेछ। शान्ति कसैले बाहिर खोजिरहनु पर्दैन। जहाँ सत्य हुन्छ त्यहाँ शान्ति हुन्छ। जहाँ शान्ति हुन्छ त्यहाँ अहिंसा हुन्छ।

सत्य, धर्म, शान्ति, प्रेम र अहिंसालाई मानवीय गुणहरू भनिन्छ। वास्तवमा प्रेम नै सत्य र धर्मको आधारस्तम्भ हो। प्रेम ईश्वर हो, सत्य ईश्वर हो, धर्म ईश्वर हो। यी सिद्धान्तरहितका मानिस जीउँदै मरेकासरह हुन्। पाँच मानवीय

गुणहरूलाई मानिसभित्र रहेका पाँच प्राणका सिद्धान्तहरूसँग तुलना गर्न सकिन्छ। 'सत्य' नबोलेको अवस्थामा तिमीले जीवनको एउटा आधार गुमाउनेछौ। दुराचार गऱ्यौ भने दोस्रो सिद्धान्त गुमायौ। यस्तै प्रकारले जीवनका अरू सिद्धान्तहरू गुमाउँदै जानेछौ। तसर्थ, तिम्रा सबै प्रयासहरू जीवनका यी सिद्धान्तहरूलाई सुरक्षित राख्नेतर्फ उन्मुख हुनुपर्छ। जो स्वभावतः दैवी हुन्।

मानवतामा देवत्व हुन्छ। यो बुझ। आज मानवीय क्रियाकलापका प्रत्येक क्षेत्र प्रदूषित भएका छन्। एक पटक मानिसले आफ्नो हृदय शुद्ध तुल्याएपछि सबैतिर पवित्रता पाउनेछ। बाह्य संसार तिम्रो हृदयको प्रतिबिम्ब हो। चित्तलाई प्रेमपूर्ण पारेपछि तिमीले सबैतिर प्रेमको अनुभूति गर्नेछौ। तिमीले आफ्नो हृदय द्वैषले भऱ्यौ भने त्यही द्वैष बाहिर प्रतिबिम्बित हुन्छ। बाहिरी संसारमा तिमीले देख्ने, सुन्ने र अनुभव गर्ने सबै कुरा तिम्रा आफ्नै प्रतिबिम्ब हुन्। बाह्य संसारमा तिमीले भोग्ने राम्रा र नराम्रा कुरा तिम्रा आफ्नै प्रतिबिम्ब हुन्।

तसर्थ, कसैलाई पनि चोर औँला नदेखाऊ। सम्पूर्ण संसार मानिसको व्यवहारमाथि निर्भर गर्छ। मानिस असल भएमा संसार पनि असल हुनेछ। तिमी आफू वरिपरि सबै अपवित्र छन् भन्ने ठान्छौ। यो गलत भावना हो। वास्तवमा तिमीभित्रको अपवित्रता बाहिर प्रतिबिम्बित भएको हो। भावनाहरू दानवी भएमा आफ्ना वरिपरि तिमी त्यस्तै पाउनेछौ। भावनाहरू दैविक भएमा तिमीले सबैतिर देवत्व पाउनेछौ।

प्रेमस्वरूपहरू!
तिम्रो हृदय प्रेमले भरिपूर्ण छ। तिम्रो हृदयबाट निःसृत ईश्वरप्रतिको उत्कण्ठा नै प्रेम हो। तिम्रा वाणी र कार्य सत्य र सदाचारद्वारा प्रतिबिम्बित होऊन्। सत्य, धर्म (सदाचार) र प्रेमको समन्वयले तिमीलाई शान्तितर्फ बढाउनेछ। श्वासप्रक्रिया *सोऽहम्*ले नै तिमीलाई तिम्रो वास्तविकता हरेक दिनमा २१,६०० पटक स्मरण गराइरहेको हुन्छ। दिनरात आफूलाई स्मरण गराइरहेको सत्य सम्झन असमर्थ हुन्छौ भने तिम्रो शिक्षा वा तिमी शिक्षित हुनुको सार नै के भयो र? आफ्नो स्पन्दनले अवगत गराइरहेको सत्यको सिद्धान्तलाई बिर्सियौ भने जतिसुकै प्रवचन सुने पनि, शास्त्र अध्ययन गरे पनि, पुण्यात्माको दर्शन गरे पनि ती सबै व्यर्थ हुनेछन्।

बुद्धले राजप्रासादका सबै सुखचैनलाई त्यागेर सन्न्यास लिनुभयो। उहाँ जङ्गलहरू भित्रभित्र घुम्नुभयो, दिव्यात्माहरूका प्रवचन सुन्नुभयो र पवित्र ग्रन्थहरूको अध्ययन गर्नुभयो।

तर, यी कुनैले पनि उहाँलाई सन्तोष दिन सकेनन्। अन्त्यमा ईश्वरप्रदत्त आफ्नो चित्त नै पवित्र ग्रन्थ र ईश्वर नै आफ्नो सच्चा साथी हो भन्ने कुरा बुद्धले बोध गर्नुभयो। उहाँले किताबहरू अध्ययन गर्न छाड्नुभयो र पुण्यात्माहरूसँगको भेटघाट बन्द गर्नुभयो। उहाँले आफूभित्र हेर्न थाल्नुभयो र सत्यको सोधखोज गर्नुभयो। मानिस पवित्र ग्रन्थरूपी चित्त र सच्चा साथीरूपी ईश्वरलाई बिर्सेर शान्तिको खोजीमा यताउता भौँतारिरहेको छ।

प्रथमतः ईश्वरले दिनुभएका आँखाहरूको पवित्र प्रयोग गर। त्यसपछि मात्र तिम्रो जीवन पवित्र हुनेछ। पवित्र मन र उदाहरणीय व्यवहार गर्ने मानिस नै सच्चा मानिस हो। दृष्टि अपवित्र भएमा तिम्रा सबै आध्यात्मिक व्यवहारहरूको फल क्षीण हुनेछ। तिम्रा *नेत्र* (आँखा) नै ईश्वरले दिनुभएको *शास्त्र* (ग्रन्थ) हुन्। यी शास्त्रलाई बुझेर सोहीबमोजिम व्यवहार गर। दृष्टिलाई नियन्त्रण गरेपछि तिमीले बोलीमा पनि नियन्त्रण गर्न सक्नेछौ। सत्य मात्र बोल, सत्यभन्दा ठूलो केही छैन। *सम्यक् दृष्टि* (पवित्र दृष्टि) र *सम्यक् वाक्* (पवित्र बोली) ले *सम्यक् श्रवणम्* (पवित्र सुनाइ) र *सम्यक् भावम्* (पवित्र भावको) तिर अगाडि बढाउनेछ। विशेषतः युवाहरूले आफ्नो दृष्टिमा नियन्त्रण राख्नुपर्छ। एक पटक मानवीय गुणहरूको महत्त्व बुझेर अभ्यासमा उतारेपछि *मानव* (मानिस) *माधव* (ईश्वर) हुन्छ। आजका युवाहरू मुलुकको भविष्य निर्माता हुन्। तसर्थ, युवाहरूले मनलाई स्थिर राख्ने र आत्मविश्वास जगाउने गुणको विकास गर्नुपर्छ।

*"जहाँ विश्वास हुन्छ, त्यहाँ प्रेम हुन्छ;*
*जहाँ प्रेम हुन्छ, त्यहाँ शान्ति हुन्छ;*
*जहाँ शान्ति हुन्छ, त्यहाँ आनन्द हुन्छ;*
*जहाँ आनन्द हुन्छ, त्यहाँ ईश्वर हुन्छन्।"*

विश्वासविना देवत्व प्राप्त गर्न सकिँदैन। तिम्रो विश्वास नै तिम्रो ईश्वर हो। तसर्थ, आफूमै दृढविश्वास बढाऊ। आत्मविश्वास र आत्मसम्मानले आत्मिक परम सुख र आत्मदृष्टितर्फ लैजानेछ। तिमीहरू धेरै खम्बाहरूले टेवा दिएको यो भव्य हलमा बसिरहेका छौ। तिमीहरू यसको सुन्दरताको आनन्द लिइरहेका छौ। बलियो जगविना यो हल निर्माण गर्न सकिँदैन। त्यस्तै, जीवनरूपी भव्य महलको जग आत्मविश्वास हो। एक पटक तिमीले आत्मविश्वास जगायौ भने आत्मसन्तोषरूपी भित्ताहरू (पर्खालहरू) सहजै उठाउन सक्नेछौ, अनि त्यसमाथि आत्मा बलिदानरूपी छाना लगाउन सक्नेछौ र आत्मबोधको जीवन अगाडि बढाउन सक्नेछौ। तसर्थ,

बलियो र दृढ आत्मविश्वासको जग बसाऊ।

**सत्य संस्कृतिको आधार हो**

भारतवर्षीय संस्कृतिले *सत्यम् वद, धर्मम् चर* (सत्य बोल, धर्म गर) भनी उद्घोष गरेको छ। भारतवर्षीय संस्कृतिले मात्र नभई सबै मुलुकका संस्कृतिले यही सत्य उद्घोष गर्छन्। प्रत्येक संस्कृतिको आधार सत्य नै हो। संस्कृतिलाई आधार लिएर कुनै प्रकारको भेदभावलाई ठाउँ नदेऊ। सम्पूर्ण संसार एक भव्य महल झैँ हो र विभिन्न मुलुकहरू यसका कोठाहरूजस्तै हुन्। त्यसकारण राष्ट्रियताका आधारमा मानवतालाई विभाजन नगर। त्यसरी विभाजन गर्दा मानवता ह्रास हुँदै छ। साईभक्तहरूले यसप्रकारको भेदभाव गर्नुहुँदैन। सबै एक हुनुपर्छ। नाम, रूप र वर्ण फरक–फरक हुन सक्छन् तर मानवजाति एउटै हो। ईश्वर एकै छन्। सबै मानिसहरू एकै परिवारका सदस्यहरू हुन्।

*गाई धेरै हुन्छन् तर दूध एउटै हुन्छ।*
*जीवात्मा धेरै छन् तर भित्र निवास गर्ने एउटै छन्।*
*जातहरू धेरै छन् तर मानवता एउटै छ।*
*फूलहरू धेरै छन्, तर पूजा एउटै हुन्छ।*
*बाटाहरू धेरै छन्, तर ईश्वर एकै हुन्।*

तसर्थ, तिमीहरूले जात, धर्म र राष्ट्रियताका आधारमा गरिने सबैप्रकारका भेदभावहरू छोडेर प्रेमभाव विकास गर्नुपर्छ। नवयुवक तथा युवतीले मुलुकको प्रगतिका लागि कार्य गर्नुपर्छ। युवाहरूले सच्चरित्र विकास गरे भने मुलुक समृद्ध हुनेछ। मानवजीवन चरित्रमै आधारित हुन्छ। अचेल उपदेश दिने व्यक्तिहरू धेरै छन् र तर अभ्यासमा भने शून्यता छ। आफूले गर्ने कार्य आफ्नो बोलीसित मेल खानुपर्छ। पवित्र भावको विकास गर। त्यसपछि मात्र तिमी पवित्र क्रियाकलाप गर्न सक्नेछौ। भक्ति भनेको केवल विधिपूर्वक पूजा गर्नु होइन। निःस्वार्थ प्रेम एवं स्वच्छताका साथ गरिएको कुनै पनि कार्य भक्ति हो।

प्रेमस्वरूपहरू! आजदेखि तिम्रो जीवन प्रेमपूर्ण होओस्। तिम्रा हातहरूलाई सामाजिक हितका कार्यमा लगाऊ। तिम्रा विचारहरू प्रेमको सिद्धान्तमा केन्द्रित रहून्। तिमी *व्यक्ति*को तहबाट *समष्टि* (समाज) तहमा उठ्नुपर्छ र अन्ततः *परमेष्टी* (ईश्वर)मा मिल्नुपर्छ। यो भौतिक एवं अस्थायी संसारमा तिमीले जतासुकै अशान्ति वा छटपटी पाउनेछौ। तिम्रो भौतिक शरीरसमेत कुनै समयमा रोगी हुन सक्छ। तर, तिमी विचलित हुनैहुँदैन। शरीर आउँछ, जान्छ।

*यो शरीर फोहोर र रोगहरू जम्मा हुने*

*भण्डार हो*
*यसले संसाररूपी महासागर पार गर्न*
*सक्दैन।*
*ए मन!*
*शरीर स्थायी हो भन्ने भ्रममा नपर।*
*बरू यसको सट्टा भगवान्‌का*
*चरणकमलमा शरण पर।"*

(तेलुगू कविता)

### महानता प्रवचनमा नभई अभ्यासमा निर्भर गर्छ

मानिस भौतिक शरीरसित अति आसक्त हुनुहुँदैन तर, यसलाई ठीकसित हेरचाह गर्नुपर्छ। कहिलेकाँही आफ्नै असावधानीले गर्दा तिमी रोगी बन्छौ। म भक्तहरूप्रतिको प्रेमका कारणले उनीहरूको रोग बोक्छु। यो रोग जसरी देखापर्छ उसैगरी हराउँछ। एउटा सानो उदाहरण : एउटा भर्खरको केटो हाँडे रोगले गाला निकै सुन्निएर थला पऱ्यो। डाक्टरले सन्चो हुन कम्तीमा पनि २० देखि २५ दिनसम्म लाग्छ भने। ऊ असह्यय पीडा सहन नसकेर कराउन थाल्यो। मैले उसलाई भित्र (अन्तर्वार्ता कोठामा) बोलाएर सान्त्वनापूर्वक भनें – "किन कराउँछौ, जब स्वामी तिम्रो साथमा छु?" यति भनेर मैले उसका लागि एउटा मिठाई सृष्टि गरेर खान दिएँ। मैले आफूले उसको बेथा बोकें। अरू कुनै पनि व्यक्तिका लागि यो वेदना असह्य हुने थियो।

स्वामीलाई यस्तो बेथा भएपछि यो सम्मेलन कसरी सञ्चालन गर्ने हो भनेर श्रीनिवासन अत्यन्तै चिन्तित भए। दुई बङ्गाराहरूका माझमा सुनिएकाले बोल्न अथवा खान सम्भव थिएन। केही दिन शरीरलाई खान दिएन भने कस्तो हालत हुन्छ? मैले यसलाई कुनै प्रकारको वास्ता गरिनँ। मैले सम्मेलनका आयोजकलाई कार्यक्रम यथावत् अगाडि बढाऊ भनें। उनले सोधे – "स्वामी! यस्तो अवस्थामा कसरी हजुर उद्घाटन सम्बोधन गर्न सक्नुहुन्छ?" मैले भनें – "यदि मैले यो मेरो शरीर हो भन्ने सोचेको खण्डमा मलाई बेथाको अनुभव हुन्छ। तर, यो मेरो शरीर होइन, यो तिम्रो हो। तिमीहरू सबै यो शरीर मेरो हो।" तसर्थ म तिमीहरूको दुःख बोक्छु। यो मेरो कर्तव्य हो। यो मेरो शरीर होइन, त्यसैले म यसलाई वास्ता गर्दिनँ।

अहिले मात्र होइन म कहिल्यै पनि कष्टको मतलव गर्दिनँ। म जे उपदेश दिन्छु त्यसैअनुसार अभ्यास गर्छु। त्यसैकारण म भन्छु – "मेरो जीवन नै मेरो सन्देश हो।" सबैलाई मेरो देवत्व बुझ्न र बोध गर्न सम्भव छैन। म जनसमुदायबीच यी सब भन्न चाहन्नँ। मलाई विज्ञापन गर्नु छैन।

मेरो जे–जति छ त्यो सबै

तिम्रो हो। त्यस्तै, तिम्रो सबै मेरो हो। मेरा इच्छा नै छैनन्। मेरा सबै इच्छाहरू तिमीलाई सुख दिनु हो। महानता उपदेश दिनु नभई अभ्यास गर्नुमा छ। आफूले अभ्यास गरेर उपदेश दिने आचार्य मात्र सच्चा आचार्य हुन्। म त्यस्तै गरिरहेछु।

नवयुवक, युवतीहरू! आफ्नो साँचो स्वभाव बुझ। सत्यको बाटो अनुसरण गर। यो शरीरको नाम *सत्यम्* (सत्य) हो। तिमी आफूमा सत्य विकास गर। सत्य ईश्वर हो, प्रेम ईश्वर हो, प्रेममा बाँच। जब तिमी सत्य र प्रेमको बाटो अनुसरण गर्छौ, तिमीले निश्चय नै परमसुख पाउनेछौ। केही मानिसहरू उनीहरूका आफ्ना त्रुटिलाई वास्ता नगरी मलाई दोष लगाउँछन्। यो ठूलो भूल हो। ममा कुनै प्रकारका त्रुटिहरू छैनन्। म सफा ऐनाजस्तै हुँ। ममा रत्तिभर पनि अुशद्धताको मानसिक भावसमेत छैन। तिमी ममाथि आफ्नै भावहरूको प्रतिबिम्ब देख्छौ। तिम्रो चित्त शुद्ध पार। त्यसपछि मात्र तिमीले सत्य बुझ्न सक्छौ।

प्रेमस्वरूपहरू! आज हामीले यो सम्मेलनको उद्घाटन गरेका छौँ। धेरै कार्यक्रमहरू हुन बाँकी छन्। तसर्थ, अरू कार्यक्रमका लागि समय पर्याप्त होस् भनेर म मेरो सन्देश समापन गर्दछु। म तिमीहरूलाई आवश्यक मार्गदर्शन गर्न जतिसुकै समय दिन पनि तयार छु।

अन्तर्राष्ट्रिय सेवा गोष्ठीको उद्घाटन सम्बोधन
प्रशान्ति निलयम्, २१ जुलाई २००२

# व्यक्तिदेखि दिव्यतासम्म

दिव्य प्रेमका प्रतिमूर्तिहरू! आजका दिनमा समस्त विश्वभरका मानवजाति विभिन्न प्रकारका समस्याहरूबाट पीडित छन्, जहाँ एक समस्या समाधान हुन्छ त्यहीँबाट अर्को समस्याको शृङ्खला सुरु हुन्छ। व्यक्ति र समाजबीचमा सही सम्बन्धको अनुपस्थिति नै यस्तो परिस्थितिको कारण हो।

सुरुको अवस्थादेखि नै चार एकाइहरूका बारेमा टिप्पणी गर्नुपर्ने देखिन्छ : पहिलोमा शक्ति, जसले जुनसुकै समस्या एक क्षणमै समाधान गर्न सक्छ। उहाँ *परमेष्ठी* (सर्वोच्च स्वयम्) हुनुहुन्छ। दोस्रो एकाइ हो *सृष्टि* (सिर्जित ब्रह्माण्ड)। तेस्रोमा *समष्टि* (सामूहिक संस्था, समाज वा समुदाय) पर्दछ। चौथो अङ्ग *व्यक्ति* हो। यी चार अविभाज्य अङ्ग हुन्। एक शरीरले विभिन्न अङ्गहरू समेटेको हुन्छ र हरेकले बेग्लै कार्य सम्पादन गर्छन्, तर उनीहरू एकै शरीरका अभिन्न अङ्ग हुन्। उदाहरणका लागि, हातसँग हत्केलो हुन्छ जोसँग औँलाहरू छन्। यी सबै अभिन्न रूपमा सम्बन्धित रहन्छन्। यसै रूपमा परमेष्ठीको प्राथमिक भूमिकालाई पहिचान गर्नुपर्छ। यो रहस्यमय सृष्टिलाई तब मात्र बुझ्न सकिन्छ, जब परमेष्ठीलाई बुझिन्छ। जब यो रहस्य बुझिन्छ, तब समाजको महत्त्व स्पष्ट हुन्छ। अनि मात्र व्यक्तिको भूमिका बुझिन्छ।

परमेष्ठीलाई कसरी पहिचान गर्ने। पवित्र गुणहरूको विकास गरेर र परमेष्ठी (सर्वोच्च स्वयम्)को आराधना गरेर मानवले सृष्टि (सिर्जना) को रहस्य र समाजको महत्त्व बुझ्न सक्छ। आजका दिनमा यदि तिमी प्रकृति (बृहत् ब्रह्माण्ड)लाई बुझ्न चाहन्छौ भने तिमीले समष्टि (समाज)लाई बुझ्न आवश्यक छ।

समष्टि शब्दले सम्पूर्ण सामाजिक संस्थाहरूलाई समेटेको हुन्छ। मानवहरू मिलेर सँगै अगाडि बढ्दा एक समष्टि (समुदाय) को

निर्माण हुन्छ। दिव्यताको अनुभुतिका लागि यो मानव सङ्गठनको आवश्यकता पर्दछ।

## सामूहिक कार्य प्रोत्साहनका निमित्त तीन नियमहरू

आजको सम्मेलनलाई उदाहरणका रूपमा लिन सकिन्छ। यहाँ विभिन्न देश, पेसा, आस्था र सांस्कृतिक विविधता भएका मानिसहरू सँगै आएका छन्। तर, उनीहरूको यस एकरूपताको कारण के होला। यो साई सिद्धान्तमाथिको तिमीहरूको विश्वास हो, जसले तिमीहरूलाई यहाँ एक ठाउँमा ल्याएको छ। यिनीहरू सबै जना विविधतामा एकरूपताको खोजी गरिरहेका छन्। एकतालाई प्रोत्साहन गर्न समष्टि (सामूहिक कार्य) को अवधारणा बुझ्न आवश्यक छ। सामूहिक कार्यलाई फैलाउनका निम्ति तीन नियमहरूको अवलोकन गरिएको छ, *सत्यं ब्रूयात्* (साँचो बोल), *प्रियं ब्रूयात्* (मीठो बोल), *न ब्रूयात् सत्यप्रियम्* (नमीठो सत्य कहिल्यै नबोल)। नैतिकता, सांसारिक जीवन अथवा आध्यात्मिक उन्नति जेसुकैका लागि पनि सत्यताको ठूलो महत्त्व छ। नैतिक दृष्टिकोणबाट हेर्दा पनि तिमीले साँचो बोल्नुपर्छ। सांसारिक जीवनको सन्दर्भमा तिमीले मीठो कुरा बोल्नुपर्छ। आध्यात्मिक दृष्टिकोणबाट हेर्दा तिमीले नमीठा कुरालाई त्याग गर्नुपर्छ चाहे त्यो सत्य नै किन नहोस्। भगवद्गीतामा पनि भनिएको छ, “व्यक्तिले कहिल्यै पनि त्यस्ता शब्दको प्रयोग गर्नु हुँदैन, जसले अर्कालाई उत्तेजना पैदा गराओस्, बरु त्यस्तो सत्य बोल्नुपर्छ जो सुमधुर र स्वस्थकर छ।”

## यथार्थका तीन अनुहारहरू

यसैगरी वेदान्तका अनुसार सत्य निर्माण सम्बन्धमा तीन अवधारणाहरू रहेका छन् : *पारमार्थिक, व्यावहारिक* र *प्रतिभाषिक*। पारमार्थिक सर्वोच्चसँग सम्बन्धित छ, व्यावहारिक सांसारिक अस्तित्वसँग सम्बन्धित छ र प्रतिभाषिक भौतिकता र आध्यात्मिकताको संयोजनसँग सम्बन्धित छ। यी तीन एकआपसमा भिन्न छैनन्। यी तीन त फरक अवस्थाका एकै तत्त्व हुन्, समुद्र, छाल र फिँजजस्तै। जुन स्वाद र शीतलता समुद्र हुन्छ, छाल र फिँजमा पनि अनुभव गर्न सकिन्छ।
जब तिमी संसारसँग सम्बन्धित विषयमा विचार गरिरहेका हुन्छौ तब व्यावहारिक शब्दलाई प्रयोग गरिरहेका हुन्छौ। जब तिमी मस्तिष्कसँग सम्बन्धित अनुभवका बारेमा विचार गरिरहेका हुन्छौ, तिमी त्यसलाई पारमार्थिक भन्छौ (दिव्यतासँग सम्बन्धित)। जब

तिमी विचारहरूका बारेमा विचार गरिरहेका हुन्छौ, त्यसलाई प्रतिभाषिक भनी व्याख्या गर्दछौ। जहाँ गुणवाचक शब्दहरू भिन्न हुन्छन् तर त्यसभित्र लुकेको सत्य एक र समान रहन्छ।

देवत्वको प्रकृति जान्ने पहिलो खुड्किलो सामाजिक प्रक्रियाको बुझाइ हो। परमेष्ठी (दिव्यता) देखि सुरु गर्दा तिमीले सृष्टिका बारेमा बुझ्छौ र समष्टि (समाज वा समुदाय) का बारेमा जागरुक हुन्छौ र व्यक्ति (मानिस)को भूमिका महसुस गर्न सक्छौ। यो बुझाइको प्रक्रिया एकअर्कासँग अभिन्न रूपमा सम्बन्धित रहन्छ। व्यक्तिविना समाज रहन सक्तैन। समाजविना सिर्जनाको केही अर्थ हुँदैन। वैदिक बोलीचालीमा जागरुकताका थुप्रै तहहरूको व्याख्या गर्न थुप्रा शब्दहरू प्रयोग गरिए तापनि यो एकताबद्ध गर्ने प्रक्रियाको पूर्ण बुझाइ के हो भने व्यक्ति बिस्तारै सामाजिकबाट ब्रह्माण्डीय र त्यहाँबाट दैवी तहसम्म अघि बढ्छ।

व्यक्ति र भगवान्बीचको सम्बन्ध राम्रोसँग बुझ्नुपर्छ। भगवान् सबै स्वीकार गर्ने पूर्ण हुनुहुन्छ। व्यक्तिले आफ्नो ब्रह्माण्डसँगको ऐक्यबद्धता अनुभव गर्नुपर्छ। यो सर्वव्यापकलाई विश्व–विराट्–स्वरूप भनी पुकारिन्छ। तिमीले यहाँ देख्ने सबै जीवहरू ब्रह्माण्डीय रूपका प्रकटीकरण हुन्। यसको अर्थ के हो भने यी सब प्रकृतिले नै दैवी छन्। व्यक्ति व्यक्तिको अलगपनाप्रतिको लगावका कारण मानिस भगवान्को ब्रह्माण्डीय तत्त्व पहिचान गर्नबाट चुक्छ। आफ्नो अहम्लाई बिर्सिदेऊ र आफूमा भएको आध्यात्मिक तत्त्वलाई पहिचान गर। मानिसले शान्ति गुमाउनुको मुख्य कारण शरीरप्रतिको आसक्ति नै हो।

मानिसले बाह्य संसारमा सबै कुरा छानबिन गरेको छ तर आफ्नो वास्तविक प्रकृति चिन्न सकेको छैन। परिणामतः उसले भिन्नता सिर्जना गरेको छ। जब उसले आफ्नो वास्तविक प्रकृति बुझ्दछ, उसमा विभाजनको भावना बाँकी रहँदैन। उसले सम्पूर्ण जीवनको एकता चिन्नेछ।

## साई सेवादलको भूमिका

यो सम्मेलन किन आयोजना भइरहेको छ? यो सन्दर्भमा तीन वटा कुरा निकै महत्त्वपूर्ण छन्। पहिलो, साई सङ्गठनका सदस्यहरूको गुण कस्तो हुनुपर्छ? उनीहरूको हृदय चन्द्रमासरह शीतल हुनुपर्छ। उनीहरूको मन नौनीझैँ पवित्र हुनुपर्छ। उनीहरूको बोली महसरह मीठो हुनुपर्छ। चन्द्रमाझैँ शीतल हृदय, नौनीझैँ पवित्र मन र महझैँ मीठो बोली भएपछि मात्र तिमी सङ्गठनको योग्य सदस्य बन्नेछौ। जहाँ यी तीन गुण उपस्थित हुन्छन्, त्यहाँ

दिव्यता हुन्छ।

भगवद्गीतामा, भगवान् श्रीकृष्णले अर्जुनलाई सारा धर्म (कर्तव्य, आचारसंहिता) भुलेर उहाँको शरण पर्ने सल्लाह दिनुहुन्छ। परित्याग गर्नुपर्ने धर्म शरीरसँग सम्बन्धित छ र यिनीहरूले अनगिन्ती चिन्ताहरू निम्त्याउँछन्। यी सब चिन्ताहरूको अचुक उपचार भनेको साई प्रेम हो। (मानिसले जन्मेदेखि नमर्दासम्म भोग्ने अनेक चिन्ताहरूको बयान गर्दै भगवान्‌ले एउटा तेलुगू कविता वाचन गर्नुभयो)। प्रकृतिको कार्य नबुझ्ेसम्म सबै कुरा चिन्ताजन्य हुन्छ। तर, एक पटक जब तिमीले यो बुझ्छौ, तिमी सदैव खुसी हुनेछौ। यही बुझाइले तिमीलाई परमेष्ठी (दिव्यता)को चेतना प्रदान गर्नेछ। दिव्यताको प्रकृति एक पटक बुझेपछि, सारा अनुभवहरू विभिन्न प्रकारका वस्तुबाट बनेको मिठाससरह आनन्ददायी हुनेछ।

## वेदान्त र विज्ञानले एउटै सत्यको घोषणा गर्दछन्

सबैमा निहित दिव्यता एउटै हो भन्ने तथ्य जान। वेदान्तले घोषणा गरेको सत्य यही थियो। आजका वैज्ञानिकहरू पनि फरक दृष्टिकोणबाट सोही निष्कर्षमा पुगेका छन्। प्राचीन ऋषिहरूले शताब्दीयौँ पहिले भगवान्‌को सर्वव्यापकता घोषणा गरेका थिए। रामदास र पोथनाले यो सत्यलाई आफ्ना कविताहरूमा स्थान दिएका थिए। वैज्ञानिकहरू अहिले आएर यो सारा ब्रह्माण्ड ऊर्जाले रचित छ भनी घोषणा गरिरहेका छन्। केही वर्षअघि, बेङ्लोरको इन्स्टिच्युट अफ साइन्समा भएको एउटा बैठकका क्रममा एक वैज्ञानिकले सूर्यको उमेर लाखौँ वर्ष भएको बताए। ती वैज्ञानिकले सूर्यको उत्पत्ति अनिर्धारित छ भनी उल्लेख गरेका छन्। केवल 'लाखौँ'को निश्चित अङ्क तोक्तैमा वैज्ञानिकहरूले प्रयोग गरेको तथ्य ठीक र ऋषिमुनिहरूले अघि सारेको तथ्य अर्थहीन हुन्छ त? सूर्यको उमेरका विषयमा कुरा गर्दा वैज्ञानिकले तोकेका लाखौँ वर्षको भन्ने शब्दभन्दा अनादि (उत्पत्तिहीन) शब्दले उचित व्याख्या गर्दछ।

परमेष्ठीलाई बुझ्ने प्रयासमा प्राचीन मानिसहरूले सृष्टिको रहस्य बुझेका थिए। सृष्टिलाई बुझेर उनीहरूले समाज र व्यक्तिको सत्य बोध गरेका थिए।

आत्म–अनुसन्धान नै आत्मबोधको माध्यम हो। आत्म–अनुसन्धानद्वारा तिमी यो शरीर, इन्द्रिय वा मन होइनौ भन्ने सत्य प्रकट हुन्छ। तिमी आत्मा हौ। शरीरसँग सम्बन्धित ज्ञान भौतिक ज्ञान (सांसारिक ज्ञान) हो। मनसँग सम्बन्धित ज्ञान सुज्ञान (तर्कसङ्गत ज्ञान) हो। हृदयसँग

सम्बन्धित ज्ञान आत्मज्ञान (स्वयम्‌को ज्ञान) हो।

**हामी एकै परिवारका हौँ**

यो सम्मेलनको सबैभन्दा महत्त्वपूर्ण चासोको विषय भनेको कसरी सङ्गठनमा आबद्ध मानिसहरूलाई परमेष्ठीको बोध गराउने भन्ने हुनुपर्छ। यसका लागि पहिलो आवश्यकता हो राम्रो सङ्गत। राम्रो सङ्गत राम्रो विचारअनुकूल हुन्छ। भगवान्‌को सम्भाषणअगाडि बोल्दै अनिलकुमारले 'नवीनतम भगवान्' भन्ने उल्लेख गरे। यो वास्तवमा गलत धारणा हो। भगवान् एउटा मात्र हुनुहुन्छ र उहाँ अनन्त हुनुहुन्छ। डा. सफायाद्वारा कोरियाका भक्तहरूले उपहारस्वरूप प्रदान गरेका ओढ्नेहरूका लागि धन्यवाद ज्ञापन गरियो। वर्षौंसम्म स्वामीका निकट बसेर पनि कैयौँले स्वामीको शिक्षालाई रत्तिभर पनि बुझेका छैनन्। तिमीहरूले कहिले कृतज्ञता अर्पण गर्छौ? तिमीले तेस्रो व्यक्तिलाई कृतज्ञता अर्पण गर्ने हो, आफ्नै मानिसहरूलाई धन्यवाद भन्दैनौ। खाना खानलाई कतै बाहिर गयौ भने तिमीले आतिथ्य गर्नेलाई धन्यवाद भन्छौ, तर घरमा खाना पकाएर खुवाउने आफ्नी आमालाई त धन्यवाद भन्दैनौ नि! साई सङ्गठनमा 'तेस्रो' वा 'अन्य' भन्ने कोही पनि छैन। हामी एकै परिवारका हौँ। साई सङ्गठनमा 'धन्यवाद' शब्दको प्रयोग हुनु हुँदैन। यो शुद्ध रूपमा बाहिरी संसारमा प्रयोग गरिने पारम्परिक शब्द हो। परिवारका लागि काम गर्ने परिवारको सदस्य भत्ताका लागि काम गर्ने श्रमिकभन्दा भिन्न हुन्छ। साई सङ्गठनका सदस्यहरूले कुनै प्रकारको पुरस्कार वा पहिचानको अपेक्षा नराखी कार्य गर्नुपर्छ।

यो सम्मेलनमा भाग लिएपश्चात् साई सङ्गठनका सदस्यहरूले आफूमा केही हदसम्म मात्र भए पनि सुधार ल्याउने प्रयास गर्नुपर्छ। विगतको चिन्ता नगर। वर्तमानमा ध्यान देऊ। आजबाट तिमीहरू सबैले उदात्त पथमा अघि बढ्नुपर्छ। आपसी ईर्ष्या, घृणा वा खराब भावनालाई रत्तिभर पनि स्थान नदेऊ।

"सधैँ सेवा गर, कहिल्यै चोट नपुऱ्याऊ" भन्ने भूमिका सधैँ पछ्याऊ।

श्री सत्य साई सेवा सङ्गठनको छैटौँ विश्व सम्मेलनमा
स्वामीले दिनुभएको सम्भाषण
साई कुलवन्त हल, २० नोभेम्बर, १९९५

# एकता, पवित्रता र दिव्यताका लागि प्रयत्न गर

*बुद्धि, शिक्षा, सिर्जनशील विद्वता*
*वाक्‌युद्धमा विजय*
*शारीरिक सङ्घर्षमा शत्रुको दमन*
*विशाल राज्यहरूको सार्वभौमसत्ता*
*प्रचुर गाईवस्तु एवं धन दान*
*अनन्त ताराहरू गणना गर्ने तीक्ष्ण दृष्टि*
*असङ्‌ख्य जीवहरू प्रत्येकको गणना*
*रहस्यमय अष्टसिद्धिको प्राप्ति*
*वा चन्द्रभूमिमा पाइलो राख्नु पनि*
*यी सबै काम शक्तिशाली मानिसका लागि सजिलो छ*
*तर, शरीर र यसका अङ्गहरूको आग्रह टाल्न*
*इन्द्रियहरूलाई अन्तर्मुखी बनाउने*
*दृष्टि प्राप्त गर्न र मनलाई प्रशान्त बनाउनभन्दा धेरै कठिन छ।*

(तेलुगू कविता)

*कुशल जिब्राले धनकी देवीसमेतलाई प्रसन्न बनाउँछ*
*मीठा जिब्राले परिवार र मित्रहरूलाई वशमा पार्छ*
*जिब्राले नै तिम्रो जीवन बन्धनयुक्त बनाउँछ*
*उग्र र क्रूर जिब्राले तत्कालै काल निम्त्याउँछ।*

(तेलुगू कविता)

प्रेमस्वरूपहरू! यस्तो पवित्र वाक्‌शक्तियुक्त भएर पनि मानिसले यसको सदुपयोग गर्न सकेको छैन। आन्तरिक शान्तिका लागि मानवजातिबाहेक अन्य कुनै पनि प्राणीमा शक्तिशाली बुद्धि र क्षमता हुँदैन। यस संसारमा प्रत्येक वस्तुमा क्रमशः *सत्, चित्, आनन्द, रूप* र *नाम* पाँच पक्षहरू हुन्छन्। *सत्, चित्* र *आनन्द* मानिसका भित्री तीन विशेषता हुन्। तिनीहरू साँचा र शाश्वत छन्। नाम र रूप क्षणिक छन्।

नाम र रूपको स्थायित्वको भ्रमले मानिसले आफ्नो अमूल्य जीवन बर्बाद पारेको छ।

यस संसारमा दुई प्रकारका बुद्धिजीवीहरू छन्। पहिला हुन् वैज्ञानिकहरू, जसको दृष्टिकोण पूर्णतः भौतिकवादी छ। तिनीहरूका मनमा भौतिक एवं सांसारिक लक्ष्य एवं उपलब्धिहरू हुन्छन्। तिनीहरू एउटा विशाल वृक्षका असङ्ख्य हाँगाबिँगाहरूबाट आकर्षित हुन्छन् तर यसका जराहरू पत्ता लगाउनमा रुचि राख्दैनन्। रूखको बाहिरी आकृतिबाट आकर्षित नभएर यसका जराहरू पत्ता लगाउनमा आनन्द मान्ने वेदान्तीहरू, दोस्रो प्रकारका बुद्धिजीवीहरू, हुन्। सांसारिक दृष्टि भएका मानिसहरू हाँगाबिँगामा पानी हालेर आफ्नो समय नष्ट गर्छन् भने वेदान्तीहरू जराहरूमा पानी हालेर फलफूल खान्छन्।

एक पटक असुर र देवहरूले अमृत प्राप्त गर्ने आशाले क्षीरसागर मन्थन गरे। तिनीहरूले मन्दराचल पर्वतलाई मदानी बनाए। तर, उनीहरूमा सुरुमै निस्केको घातक विष ग्रहण गर्नुपर्ने बाध्यता आइपर्‍यो। अमृतको साटो विष आएकाले असुरहरू निराश र बेचैन भए। तिनीहरूले मथ्ने काम बन्द गर्न चाहे। तर, देवहरू साहस एवं दृढतापूर्वक मथ्ने काममा निरन्तर लागिरहे। तिनीहरूको उत्साहित प्रयासले लक्ष्मी देवी, ऐरावत, कामधेनु, कल्पतरु र अन्तमा दिव्य अमृतजस्ता अनमोल उपहारहरू प्राप्त भए। एवं प्रकारले मानिसले मनको मन्थन गरेर आफ्नो यथार्थस्वरूप थाहा पाउने प्रयास गर्नुपर्छ। मानिसले कहिल्यै आफ्नो मार्गमा आइपर्ने प्रारम्भिक बाधा व्यवधानहरूबाट खिन्न एवं हतास हुनुहुँदैन।

सत्–चित्–आनन्द मानिसको यथार्थ स्वभाव हो। तर, मानिसले यथार्थस्वरूप भुलेको छ र आफ्नो समय क्षणिक सुखको व्यर्थ प्रयत्नमा नष्ट गरिरहेछ। ऊ आफ्नो जन्मजात स्वभाव सत्–चित्–आनन्दको महत्त्व बोध गर्न सक्षम छैन। उसले एक पटक महत्त्व बोध गरेर यसको अनुभव गरेपछि कुनै पनि उच्च स्थितिमा पुग्न सक्छ। वास्तवमा ऊ साँच्चै ईश्वर बन्छ। मानिसले आफ्नो नैसर्गिक दिव्य स्वभाव बोध गरेपछि उसले जस्तोसुकै कठिन काम पनि फत्ते गर्न सक्छ। मानिसमा अन्तर्निहित शक्ति अन्यत्र कतै पनि पाउन सकिन्न। प्रत्येक मानिस सत्–चित्–आनन्दका तीन मुख्य विशेषताले युक्त छ। तर, भ्रमका जालमा फसेकाले मानिस नाम र रूप साँचा हुन् भनी ठान्छ र आफैँमा अन्तर्निहित सत्–चित्–आनन्दलाई बेवास्ता गर्छ। प्रथमतः मानिसले सत्–चित्–आनन्दजस्ता आफ्ना नैसर्गिक

गुणहरू बोध गर्नुपर्छ। तर, मानिस यस दिशामा कुनै प्रयास गरिरहेकै छैन। ऊ आफ्ना इन्द्रियहरूको दास बनेको छ र सानातिना कुरामा आफ्नो समय नष्ट गरिरहेको छ। तसर्थ, आफ्नो जन्मजात मानव स्वभाव राम्ररी चिनेर यसलाई व्यवहारमा लगाउनु नै मानिसको प्रमुख कर्तव्य हो।

मानव स्वभावको महत्त्व र मूल्य सबै प्रकारको अनुभवभन्दा पर छ। मानव मूल्यहरूलाई अभ्यासमा उतारेमा मात्र मानव जीवन सुरक्षित बन्छ। मानिस देवत्वको एउटा झिल्को मात्र हो। त्यसैले भगवान् कृष्णले गीतामा भन्नुभएको छ, *ममैवांशो जीवलोके जीवभूतः सनातनः* (सबै प्राणीमा निहित शाश्वत आत्मा मेरै अंश हो)। वास्तवमा अन्तर्वाणीले मानिसलाई लामो समयसम्म प्रत्येक दिन उसको दिव्य स्वभावको स्मरण गराइरहन्छ। तर, मानिस आफ्नो अन्तर्वाणी सुन्ने प्रयत्न नै गर्दैन। ऊ आफ्नो दिव्य स्वभाव बिर्सेर भौतिक एवं क्षणिक वस्तुप्राप्तिको उत्कट इच्छा राख्छ जसकारण मानिस जीवनको मूल लक्ष्यबाट टाढिँदो छ। नाम र रूपहरू पानीका फोकासमान क्षणिक छन्। मानिस नाम र रूपको जालझेलमा परेको छ तसर्थ उसले अति मूल्यवान् देवरत्न गुमाइसकेको छ। मानिस अनन्त दैवी शक्तिले युक्त छ। रातो हुने गरी तातेको फलामको टुक्रालाई आगोभन्दा राम्रो प्रयोगमा ल्याउन सकिन्छ। शरीरलाई फलामको टुक्रासँग तुलना गर्न सकिन्छ भने अन्तर्देवत्वलाई आगासँग। त्यसैले मानिसले यो सत्य बुझेर आफ्नो शरीरको सही उपयोग गर्नुपर्छ।

प्रेमस्वरूपहरू! नयाँ वर्षको आगमनमा मानिसहरू आशा एवं आकाङ्क्षाले पूर्ण हुन्छन्। वास्तवमा तिमीहरूले प्रत्येक क्षणलाई नववर्षको प्रारम्भका रूपमा लिनुपर्छ। शाश्वत गुणहरूविना नाम र रूपको कुनै मूल्य हुँदैन। मानिस केही भित्री र केही बाहिरी विभिन्न दुःखहरूले ग्रस्त छ। डाक्टरले बाहिरी कष्ट मात्र हटाउन सक्छन्। सारा भित्री कष्टहरू आत्माको अनुभवले मात्र दूर हुन्छन्। तिमीहरूले आत्मतत्त्व बोध गर्ने प्रयास गर्नुपर्छ। आत्मा *ब्रह्म* कै पर्यायवाची शब्द हो जुन प्रत्येक मानिसमा व्याप्त चैतन्य हो। मानिसको नाम र रूप हुन्छ तर चैतन्यको रूप हुँदैन। मानव शरीरमा विद्यमान चैतन्यलाई सद्विवेक वा अन्तरात्मा भनिन्छ। सर्वव्यापी चैतन्यलाई चेतना वा अन्तर्ज्ञान भनिन्छ। मानिसले अनेकतामा एकताको तत्त्व बुझेपछि सद्विवेक अन्तर्ज्ञानमा परिणत हुन्छ। यस्तो पवित्र शक्तिले सम्पन्न भएर पनि मानिस उद्देश्यहीन सांसारिक कामहरूबाट भ्रमित हुन्छ।

ऊ क्षणिक नववर्षलाई महत्त्व दिइरहेको छ। वास्तवमा उसले अपरिवर्तनीय 'समय'को महत्त्व बुझेर यसलाई सदुपयोग गरी पवित्र बनाउनुपर्छ।

यस संसारमा तिमीसँग सत्य र धर्म सधैँ रहिरहन्छन्। तिनीहरूको महत्त्व परिमाणमा बताउन सकिँदैन। त्यसैले तिमीले सत्य र धर्मको विकास गर्ने प्रयत्न गर्नुपर्छ। तिमीले नाम र कीर्तिको आकाङ्क्षा राख्नु हुँदैन। उदाहरणार्थ हामीले चेन्नईलाई *'तेलुगू गङ्गा'*जल उपलब्ध गराइरहेका छौँ भन्ने भ्रममा पर्नु हुँदैन। पानी एकले अर्कालाई दिने वस्तु होइन। यो सबैका लागि प्रकृतिको उपहार हो। प्रत्येकले आ–आफ्नो प्राप्ति (क्षमता) अनुरूपको भाग पाउँछ। मानिसका कार्यकलापहरूबाट काल, कर्म, कारण र कर्तव्य एकापसमा समन्वय भएमा मात्र अपेक्षित परिणाम प्राप्त हुन्छ। त्यसैले मानिसले इमान्दारीका साथ प्रयास गर्नुपर्छ र उपयुक्त समयको प्रतीक्षा गर्नुपर्छ। काम सफल भएपछि उसले समय र परिस्थितिअनुरूप यसको उपयोग गर्नुपर्छ।

केटाहरू (स्वामीका पूर्व विद्यार्थीहरू)ले धेरै असल कार्य गरिरहेका छन्। तिनीहरू विभिन्न गाउँमा गएर सेवा क्रियाकलाप एवं भजन गरेर मानिसहरूलाई आनन्द प्रदान गरिरहेछन्। तिनीहरू सबै कार्य प्रेमभावले गर्छन्। प्रेमभन्दा महान् अरू केही छैन। तिमीहरूले आफ्नो जीवन निःस्वार्थ प्रेमले बिताउनुपर्छ।

प्रेमस्वरूपहरू! तिमीहरूले गरेका सेवा क्रियाकलापहरू र भजनहरू मात्र पर्याप्त छैनन्। तिमीहरू आफूले अरूको सेवा गरेको छु भन्ने भावना त्याग्नुपर्छ। यो अति नै महत्त्वपूर्ण छ। तिमीहरूले अरूको सेवा गर्दा आफू स्वयंको सेवा गर्छौ। तिमीहरूले सबैलाई आफ्नै सम्झनुपर्छ। वास्तवमा अरूहरू परचक्री नभएर ईश्वरका साँचा रूपहरू हुन्। तसर्थ, मानवसेवा नै माधवसेवा हो। सम्पूर्ण सेवा क्रियाकलापहरूको अभिप्राय नै तिमीहरूमा यस्तो भावना जगाउनु हो। तिमीहरू उत्साहपूर्वक निःस्वार्थ प्रेमभावले सेवा क्षेत्रमा लाग्नुपर्छ। अन्य सेवा क्रियाकलापहरू लौकिक एवं क्षणिक हुन्।

विद्यार्थीहरू! तिमीहरू 'अरूको सेवा गरिरहेको छु' भन्ने गलत धारणामा छौ। तिमीहरूले यस्ता धारणा त्याग्नुपर्छ। तब मात्र तिमीहरूले गरेका 'सेवा' शब्दको सही अर्थमा साँचो सेवा हुन्छ। अरूलाई सहयोग गर्नु मात्र सेवा होइन। ईश्वरलाई प्रेम गर्ने सर्वोत्तम उपाय नै सबैलाई प्रेम गर्नु र सबैको सेवा गर्नु हो। तिमीहरूले गर्ने सेवा कार्यहरू प्रेमभावले पूर्ण हुनुपर्छ। प्रेमको सकारात्मक पक्षविना

तिमीहरूले गरेका सबै सेवा नकारात्मक प्रकृतिका हुन्छन्।

शरीर बल्बसमान हो भने प्रेम मुख्य स्विच हो। मुख्य स्विचलाई दबाउनासाथ शरीरभरि प्रकाश र आनन्द प्रसारित हुन्छ। तिमीहरू मुख्य स्विच बन्द गरिरहेका छौ र सुख पाउन प्रयासरत छौ। यो असम्भव छ। हृ + दया = हृदय (मुटु)। तिमीहरूको हृदय दयाले पूर्ण हुनुपर्छ। प्रेमभन्दा श्रेष्ठ अर्को शक्ति छैन।

प्राचीन ऋषिमुनिहरू घनाजङ्गलहरूमा जनावरहरूसँगै बस्थे। साथमा हतियार बोक्तैनथे तापनि तिनीहरू निस्फिक्री घुमफिर गर्थे। तिनीहरूको साहसको स्रोत के थियो? तिनीहरूसँग एउटै अस्त्र 'प्रेम' थियो जसले उनीहरूलाई जङ्गली जनावरहरूबाट बचायो। भारतवर्षको प्राचीन संस्कृति दिव्य, अति मूल्यवान्, आश्चर्यजनक एवं आनन्दमय छ। तर, तिमीहरू यसको महानता बुझ्ने कुनै प्रयासै गर्दैनौ। वास्तवमा तिमीहरू पवित्र संस्कृतिको महत्त्व घटाउँदै छौ। तिमीहरू जातप्रथा र संस्कृतिमा आधारित भिन्नताहरूबाट छलिएका छौ। वास्तवमा मानवजात एक मात्र जात हो। हृदयमा उत्पन्न हुने प्रेम साँचो धर्म हो। समस्त मनुष्यजाति एक परिवार हो। सबै मानिस दाजुभाइ र दिदीबहिनीहरू नै हुन्। सम्पूर्ण विश्व एउटै भवन हो। यस्तो उदार भावनाको विकास गरेपछि तिमीहरूमा आउने आनन्दको वर्णन शब्दमा गर्न सकिँदैन। तसर्थ मानवजातिमा देवत्व बोध गर्न हर प्रयास गर।

ईश्वरको सृष्टि अति नै आश्चर्यजनक एवं रहस्यमय छ। आकाशमा अनगिन्ति ताराहरू छन्। प्रकाश प्रतिसेकेन्ड हजारौँ माइलको गतिले हिँड्छ तापनि केही ताराहरूबाट निस्कने प्रकाश पृथ्वीमा आइपुग्न बाँकी नै छ। यस्तो अवस्थामा तिमीहरूले पृथ्वी र ताराहरूबीचको दूरी राम्ररी कल्पना गर्न सक्छौ। सृष्टि स्वयं नै यस्तो अनन्त र अवर्णनीय घटना छ भने यो कत्तिको शक्तिशाली एवं प्रभावशाली होला।

*ईश्वरका कथाहरू तीनै लोकमा अति*
*आश्चर्यजनक एवं पवित्र छन्।*
*तिनीहरू सांसारिक बन्धनरूपी*
*लहराहरू काट्ने हँसियाहरू समान*
*छन्।*

(तेलुगू कविता)

ईश्वरका कथाहरू शब्दहरूमा मात्र वर्णन गर्न सकिदैन। मानिस ईश्वरलाई आफ्नै अनुमानका आधारमा कल्पना एवं वर्णन गर्छ। साँच्चै भन्ने हो भने ईश्वर सबै परिभाषाभन्दा पर हुनुहुन्छ। यस संसारमा विभिन्न प्रकारका प्रमाण (अनुभव)हरू छन्। तिनीहरू प्रत्यक्ष प्रमाण (स्पष्टसँग

देख्न सुन्न जान्न सकिने प्रमाण), अनुमान प्रमाण (प्रत्यक्ष देखिएको वस्तुको सहाराले अप्रत्यक्ष पदार्थको स्वरूप सिद्ध गर्ने प्रमाण), द्वैत प्रमाण (द्वैतवादमा आधारित अनुभव) र अद्वैत प्रमाण (अद्वैतवादमा आधारित अनुभव) हुन् । अपरिमेय (यति उति भनी अन्दाज गर्न नसकिने बेअन्दाजको) ईश्वर प्रत्येक मानिसका हृदयमा आफ्नो दैवी शक्तिसहित विद्यमान हुनुहुन्छ ।

ईश्वरको सुन्दरता र महिमा शब्दहरूमा वर्णन गर्न सकिँदैन । उहाँलाई *हिरण्यगर्भाय नमः* (सुनौलो गर्भ धारण गर्ने सत्तालाई प्रणाम छ) भनेर आराधना गरिन्छ । हिरण्यको अर्थ सुन हो । यो उहाँका हृदयमा विद्यमान छ । तिमीले खाएको अन्नको सार शरीरका सबै भागमा पुगेसरह सुन उहाँका शरीरका पूरै भागमा फैलिन्छ । त्यसैकारण उहाँ अति सुन्दर हुनुहुन्छ । उहाँ सबै प्राणीका आदिकालीन आधार हुनुहुन्छ । हरेक कुरा उहाँकै इच्छाअनुसार हुन्छन् । उहाँ सबै प्राणीहरूका सृष्टिकर्ता भएकाले उहाँलाई प्रजापति भनिन्छ । उहाँ अत्यन्तै निपुण भएकाले उहाँलाई दक्षिणमूर्ति भनिन्छ । यसप्रकार ईश्वरका अनन्त नामहरू छन् । मानिस आफ्नो सीमित बुद्धिअनुसार ईश्वरका नाम राख्छ र उहाँको पूजा गर्छ । *निर्गुणम्, निरञ्जनम्, सनातन निकेतनम्, नित्य, शुद्ध, बुद्ध, मुक्त, निर्मल स्वरूपिणम्* (ईश्वर गुणरहित, शुद्ध, अन्तिम आवास, शाश्वत, अप्रदूषित, प्रबुद्ध, मुक्त र पवित्रस्वरूप हुनुहुन्छ) । यस्तो दैवी तत्त्व आफू स्वयंमा विद्यमान हुँदाहुँदै मानिस किन आफूलाई सानो र कमजोर सम्झन्छ । तिमीहरूले यस्तो हीन भावना त्याग्नैपर्छ । मनुष्यभन्दा श्रेष्ठ कुनै पनि प्राणी छैन । वास्तवमा देवत्व समस्त मानवजातिमा विद्यमान छ । तर, दुर्भाग्यवश तिमीहरू यस्तो पवित्र मनुष्यजन्मलाई तुच्छ ठान्छौ । तिमीहरू जस्तो सोच्छौ त्यस्तै हुन्छ । यस्ता साना विचारहरू तिमीहरूको सानो मनका परिणाम हुन् ।

पहाडबाट धुँवा निक्लनु त्यहाँ आगो छ भन्ने सङ्केत हो । आगो प्रत्यक्ष देखेमा यसलाई प्रत्यक्ष प्रमाण भनिन्छ । धुँवा मात्र देखिएर आगो नदेखिएमा तिमी धुँवा भएपछि आगो हुनुपर्छ भनी अनुमान लगाउँछौ । यो एउटा सम्भावना मात्र हो । यो अनुमान प्रमाण हो । कहिलेकाँही हुस्सु पनि धुँवाजस्तो देखिन सक्छ र वास्तवमा पहाडमा आगो नहुन सक्छ । त्यसकारण अनुमान प्रमाणले शङ्का उब्जाउँछ ।

प्रेम नै मानिसको देवत्वको प्रत्यक्ष प्रमाण हो । ईश्वर कहाँ छ भन्ने प्रश्न उठ्नासाथ ईश्वर नै प्रेम हो र प्रेम ईश्वर हो भन्ने तत्काल उत्तर आउँछ । त्यस्तै सत्य ईश्वर हो । सत्यभन्दा ठूलो

केही पनि छैन। सत्यभन्दा ठूलो ईश्वर छैन। सत्य सर्वव्यापी छ। मुलुकहरू फरक हुन सक्छन्, तर सत्य एउटै मात्र छ। अमेरिकी सत्य, जापानी सत्य, जर्मन सत्य आदि भन्ने केही पनि छैन। यस्तो भेद गर्नु सङ्कीर्ण मनका मानिसहरूको स्वभाव हो।

तिमी सङ्कीर्ण एवं नीच होइनौ। तिमी अनन्तका स्वरूप हौँ। मानिसले सधैँ स्वयंलाई सत्यस्वरूप, प्रेमस्वरूप, आनन्दस्वरूप आदि भनेर स्मरण गराउनुपर्छ। आध्यात्मिक चिन्तन एवं अन्वेषण गर्ने अनन्त शक्ति मानिसमा छ। तर, के उसले आफ्नो साँचो स्वभाव बोध गर्न सक्ला?

उदाहरणका लागि एक मुठी समुद्री बालुवालाई लिऔँ। बालुवाको रङ र तौलका आधारमा वैज्ञानिकहरूले बालुवा यो यो मुलुकको भन्ने निर्णय गर्छन्। तर, दार्शनिकहरू वास्तवमा त्यसरी सोच्दैनन्। तिनीहरू यो ईश्वरको रचना हो र उहाँकै माया हो भन्छन्। विज्ञान अर्ध–वृत्त समान छ। यो कुनै स्थानबाट सुरु भएर अन्यत्र स्थानमा टुङ्गिन्छ। तर, अध्यात्म एउटै विन्दुबाट सुरु भएर त्यहीँ अन्त हुन्छ। यो पूर्ण–वृत्त हो। यो वस्तुतः देवत्व हो। त्यसैले भनिएको छ –

*पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्ण मुदच्यते। पूर्णस्य पूर्ण मादाय पूर्णमेवा वशिष्यते।*

(यो पनि पूर्ण छ, त्यो पनि पूर्ण छ। पूर्णबाट पूर्ण झिकेपछि पुनः पूर्ण बाँकी रहन्छ)। यस्तो पूर्णताको स्वरूप देवत्व प्रत्येक मानिसमा विद्यमान छ। तर, दुर्भाग्यवश मानिस भित्री देवत्व बोध गर्ने प्रयास गर्दैन। ऊ मस्तसित निदाउँदा उसका शरीरको रक्षा कसले गर्छ। यो कुरा कसैलाई थाहा छैन। प्रत्येक कुराको सृष्टि, स्थिति र सुरक्षाका लागि ईश्वर जिम्मेवार हुनुहुन्छ। यस्तो दैवी शक्ति प्रत्येक मुनष्यमा विद्यमान छ। यद्यपि मानिस दुःखमा आत्तिने र सुखमा मात्तिने गर्छ। तर, यो जीवनको लक्ष्य होइन। यसको साँचो लक्ष्य नै सदा पूर्ण समभावको स्थितिमा रहनु हो अनि 'सुख र दुःख'मा अल्मलिने होइन। सुख, दुई दुःखबीचको अन्तराल हो। त्यसकारण तिमीहरू सुखको खोजीमा भौँतारिन आवश्यक छैन। यो तिमीभित्रै छ। वास्तवमा तिमीहरू स्वयं आनन्दस्वरूप हौ।

प्रेमस्वरूपहरू! तिमीहरूको नैसर्गिक स्वभाव नै आनन्द भएकाले सधैँ सुखी र प्रसन्न होऊ। तिमीहरूलाई सुखको खोज गर्न आवश्यक छैन। आनन्द आत्माबाट निःसृत हुन्छ। सुख भन्नु नै ईश्वरसँग एकाकार हुनु हो। त्यसैले सधैँ ईश्वरको सम्पर्कमा रहू। एक पटक ईश्वरको सम्पर्कमा रहेपछि सुखले तिमीहरूलाई छायासरह

पछ्याउँछ।

अचेल मानिस सुखको खोजीमा छ र सुखको दास हुने प्रक्रियामा छ। यो ठीक होइन। वास्तवमा तिमीहरू तत्त्वतः दिव्यात्मास्वरूप भएकाले सुख तिमीहरूको दास हुनैपर्छ। तिमीहरू चाहे विश्वास गर या नगर, म सदा प्रसन्न रहन्छु। तिमीहरू पनि यस्तो आनन्दपूर्ण स्थितिको अनुभूति गर्न सक्छौ। तिमीहरू सुखको खोजीमा लाग्नै पर्दैन। बरु सुखले तिमीहरू जहाँ गए पनि पछ्याउँछ।

रामायणको घटनामा हनुमान् एक ठूला नायक थिए। उनी साहसी शक्तिशाली र अजेय थिए। उनमा चरित्र र शान्तिका असल गुणहरू थिए। उनी रामको नाम जप्थे र सदा सुखी र प्रसन्न रहन्थे। तिमीहरूले पनि यस्ता असल गुणहरूको विकास गर्नुपर्छ। सर्वप्रथम तिमीहरू वास्तविक अर्थमा मानिस बन्नुपर्छ। तिमीहरूले सबैमा दया बढाउनुपर्छ। तब मात्र तिमीहरू मानवजाति भनेर चिनिन योग्य हुनेछौ।

प्रेमस्वरूपहरू! तिमीहरू उच्चस्तरको लौकिक शिक्षा प्राप्त गर्दै छौ। तिमीहरू धेरै ठूला पुस्तकहरू अध्ययन गर्दै छौ। तिमीहरू ठूलो शक्ति प्राप्त गर्दै छौ। तर, यी सबै क्षणिक र अस्थायी छन्। त्यसकारण आफ्नो हृदयलाई आनन्दले पूर्ण गर्ने दैवी शक्तिमाथि आफ्नो विचार निरन्तर स्थिर राख। दैवी शक्ति अनन्त छ। तिमीहरू ईश्वरउपर जति धेरै चिन्तन गर्छौ आनन्द झन् झन् बढ्दै जान्छ। यस्तो अनन्त ईश्वरीय शक्ति तिमीहरू स्वयंभित्र हुँदाहुँदै किन तिमीहरू कठिनाइ निम्त्याउँछौ?

आज हाम्रा पूर्व विद्यार्थीहरू यहाँ भेला भएका छन्। तिनीहरू स्वदेशका विभिन्न भागहरू र विदेशमा समेत विभिन्न सेवा कार्यहरू सञ्चालन गर्दै छन्। तिनीहरूले यस्तो सेवा कार्यबाट ठूलो आनन्द प्राप्त गर्दै छन्। मेरा विचारमा तिनीहरूले आ–आफ्ना क्षेत्रहरूमा आफूलाई सीमित राखेर आफ्नो गच्छेअनुसार समाजको सेवा गर्नुपर्छ। पछि व्यापारमा परिणत हुने अरूहरूको सेवा गतिविधिमा संलग्न हुनु न त राम्रो हो न त आवश्यक नै। तिनीहरूले यथासम्भव आ–आफ्नै गाउँहरूमा यस्ता गतिविधि सञ्चालन गरेर गाउँले जनतालाई आनन्द प्रदान गर्नुपर्छ।

ग्रामीण क्षेत्रहरूमा विविध सेवा क्रियाकलापहरूको ठूलो अवसर छ। केही दशकअघि केही मानिसहरूले मलाई एउटा विशाल महलको व्यवस्था मिलाउने सर्तमा मैसुरजस्तो ठूलो सहरमा स्थानान्तरण हुन निमन्त्रणा गरे। तर, मेरा लागि महल आवश्यक पर्दैन।

मलाई यही सानो गाउँमा बस्नु छ। मैले आफ्नो जन्मस्थान त्यागेको छैन। यस्ता ठाउँमा ठूला कार्यहरू सम्पन्न गर्न आवश्यक छ। त्यसैले आधुनिक सुविधाहरू नभएको त्यस बखतको एउटा दुर्गम गाउँ पुट्टपर्तीबाट सर्न मैले असहमति जनाएँ।

पहिले पहिले पुट्टपर्ती आउन सबभन्दा नजिकको रेलमार्गको अन्तिम स्टेसन पेनुकोन्डामा उत्रेर यस ठाउँमा गोरुगाडा चढेर आउनुपर्थ्यो। उस वेलाको परिवहन यसप्रकारको हुन्थ्यो। तर, अब मानिसहरू हवाइजहाजद्वारा सुविस्तासँग सीधै पुट्टपर्ती आउन सक्छन्। त्यस बखत औषधोपचार गराउन बस चढेर अनन्तपुर पुग्नुपर्थ्यो। अहिले हाम्रो ठीक घरदैलोमै अति विशिष्ट अस्पताल छ। यसप्रकार सम्पूर्ण आधुनिक सुख सुविधाहरू पुट्टपर्ती ग्राममा उपलब्ध छन्।

त्यसकारण बस्नका लागि गाउँभन्दा राम्रो ठाउँ अर्को छैन। गाउँहरू राष्ट्रका अति महत्त्वपूर्ण सम्पत्ति हुन्। यदि तिमीहरूले गाउँलेहरूको सेवा राम्ररी गर्‍यौ भने त्योभन्दा ठूलो अरू कुनै कार्य हुँदैन। ग्रामसेवा नै रामसेवा हो।

सहरबजारहरूमा सेवा गरेर सन्तोष हुँदैन। सहरिया मानिसहरू कुनै चासो नदेखाउने र आत्मकेन्द्रीत हुन्छन्। चोरहरूले छिमेकको घर फोरे पनि तिनीहरू कुनै चिन्ता लिदैनन्। अर्कातिर गाउँहरूमा कुनै सानोतिनो होहल्ला मच्चिए पनि सबै गाउँलेहरू भेला हुन्छन्। यस किसिमको एकता र बन्धुत्व गाउँहरूमा अझै पनि कायम छ। जहाँ एकता हुन्छ, त्यहाँ दिव्यता हुन्छ। जहाँ दिव्यता हुन्छ, त्यहाँ आनन्द हुन्छ। त्यसैले आफू बसेका गाउँको विकासका लागि इमान्दारीपूर्वक काम गर। तसर्थ, तिमीहरू सबैले आ–आफ्ना सम्बन्धित गाउँहरूका विकासको काम गर।

तिमीहरूका गतिविधिहरू राजनैतिक क्रियाकलापसरह हुनुहुँदैन। विभिन्न थरी मानिसहरूसँग सम्बन्ध बढाउँदा यो एउटा राजनैतिक क्रियाकलापमा परिणत हुन्छ। म यसप्रकारको कार्यबाट प्रसन्न छुइनँ। तिमीहरू जस्तै भए पनि साथसाथै आऊ। तर, भेदभाव नराख। सबै एक हुनुपर्छ।

तिमीहरू जहाँ भए पनि सहयोग र एकताको भावले सेवा क्रियाकलापहरू सञ्चालन गर। अमिल्दो स्वर ननिकाल। युगौंदेखि भारतवर्ष एउटा शान्तिपूर्ण स्थान रहँदै आएको छ। सबै भारतवर्षीयहरू एउटा विशाल परिवार समान एकताबद्ध थिए। तर, अहिलेको स्थिति कस्तो छ? परापूर्वकालमा कोही मानिस गाउँमा

आयो भने सबै गाउँलेहरू उसको वरिपरि भेला हुन्थे र प्रेमपूर्वक उसको क्षेमकुशल सोध्थे। अहिले त्यो प्रेम र एकताको भावना पूरै हराइसकेको छ। तिमीहरू जहाँ गए पनि सानातिना कुराहरूमा समेत मतभेद र तनावहरू पाउँछौ। विशेषगरी स्वाधीनतापछि प्रायः मुलुकको प्रत्येक भागमा दङ्गा एवं गडबडी भइरहेको छ। मानवजीवनको कुनै मूल्य छैन। मानिसहरू कमिला र लामखुट्टेसरह मारिइरहेका छन्। यी अमानवीय एवं दानवी कार्यहरू हुन्। यस्तो कार्य मानवबाट अपेक्षा गरिएको होइन।

तिमीले आफूमा अन्तर्निहित दैवी शक्तिलाई समाजसेवा सञ्चालनार्थ सीप–कौशलमा परिवर्तन गर्नुपर्छ। ज्ञानलाई सीपमा बदलेपछि तिमीहरूले जीवनमा सन्तुलन कायम गर्छौ। यस्तो समभावको स्थितिमा तिमीहरूले अन्तर्दृष्टिको विकास गर्नेछौ। यस्तो अन्तर्दृष्टि र दैवी शक्तिले सम्पन्न भएर गरिएको सेवाकार्य समाजका लागि ज्यादै फलदायी एवं लाभदायक हुनेछ।

मुलुकका गाउँगाउँमा विकास गर्नुपरेको छ। सेवा कार्यमा सहभागी हुन तिमीहरू हैदरावाद, मद्रास, अमेरिका आदिबाट आएका छौ। यो सबको आवश्यकता कहाँ छ? यो विभिन्न भागहरूबाट आएका विभिन्न मानिसहरूले आ–आफ्ना सरसामानहरू बेच्न हुने भेला होइन।

तिमीहरू जहाँ जहाँ छौ आफ्नो सेवाको क्षेत्र विकास गर। एक स्थानका मानिसहरू यस्तो स्थानको विकासका लागि अर्को स्थानमा पनि जान सक्छन्। तर, विभिन्न क्षेत्रहरूका मानिसहरूसँग यसप्रकार हेलमेल बढाउँदा वास्तविक उद्देश्य नै दूषित हुन्छ। यो भ्रममा र प्रदूषणमा परिवर्तन हुन्छ। त्यसैले अनावश्यक मतभिन्नताले आफ्नो मनलाई भ्रमित एवं प्रदूषित गर्ने काम नगर।

तिमीहरूले सधैँ शुद्ध मनले सेवा कार्य गर्नुपर्छ। एकताले शुद्धता ल्याउँछ र शुद्धताले दिव्यतातर्फ उन्मुख गराउँछ। त्यसकारण एकता, शुद्धता र दिव्यताबीचको अविच्छिन्न सम्बन्धको सदा स्मरण गर र सो प्राप्तिका लागि प्रयत्न गर। त्यागको भावना लिएर तिमीहरू साथै आउन र साथै काम गर्न सक्छौ। तर, यदि विभिन्न ठाउँका मानिसहरू यसप्रकार एकसाथ ग्रामसेवाका लागि आएमा गाउँहरूलाई लाभ हुँदैन। प्रत्येकका आफ्ना विचारहरू हुने भएकाले हेलमेलबाट ती विचार प्रदूषित हुन्छन्। तब सेवास्थल एउटा व्यापार केन्द्र बन्छ।

अध्यात्म व्यापार कार्य होइन। अध्यात्म एउटा दिव्य भवन हो। यो एकतासँग आबद्ध छ। यो एकतामा अनेकताले मात्र तिमीहरूलाई

आनन्द प्रदान गर्छ। तिमीहरूमा त्यस्तो एकतातत्त्वको विकासको कामना गर्छु। तब मात्र तिमीहरूले गरेका सेवा कार्यको मूल्य र पवित्रता हुन्छ। सबै प्रकारका मतभिन्नताले पवित्र सेवा कार्य प्रदूषित तुल्याउनु व्यर्थ छ। एउटा सानो उदाहरण : सुन, सुनखानीमा धरौटीका रूपमा रहेको छ। तिमीहरूले झिकेर शुद्ध गरेपछि त्यो सुन २४ क्यारेटको सुन बन्छ। यसको ठूलो मूल्य कायम हुन्छ। तामाजस्ता अन्य धातुहरू थपेपछि यसको मूल्य कम हुन्छ। त्यति मात्र होइन, यसको चमक पनि कम हुन्छ। यदि तिमीहरूले केही बढी धातुहरू थप्यौ भने यसको मूल्य झनै गिर्छ। तिम्रो हृदय सुनको मन्दिरसमान छ। यो हिरण्यगर्भ हो। तिमीले कदापि उक्त हिरण्यगर्भलाई अपवित्र बनाउनु हुँदैन। यो सधैँ चहकिलो र चम्किलो हुनुपर्छ।

प्रेमस्वरूपहरू! हरेकसँग प्रेम बाँड। सधैँ एकता र पवित्रता कायम राख। तिमीहरूले अगाडि नै योजना गरिसकेकाले अब आफ्नो साङ्गीतिक कार्यक्रम प्रारम्भ गर्न सक्छौ।

नववर्ष सन्देश
प्रशान्ति निलयम्, १ जनवरी २००३

# अनेकतामा एकता देख्नु नै वास्तविक आध्यात्मिकता हो

*सबै नाम र रूपहरू उही सर्वोच्च जीवको प्रकटीकरण हो,*
*जो शान्ति र शुभको स्वरूप हुनुहुन्छ।*
*उहाँ नै अस्तित्व, ज्ञान, पूर्ण आनन्द र अद्वैत हुनुहुन्छ।*
*उहाँ नै सत्य, असलपना, सुन्दर (सत्यम्, शिवम्, सुन्दरम्) हुनुहुन्छ।*
(संस्कृत श्लोक)

दैवी आत्मस्वरूपहरू! अचेल मानिसहरूले थुप्रै सांसारिक शिक्षा हासिल गर्छन्, तर उनीहरूमा मानवताका ज्ञानको कमी छ। उनीहरू एकतामा अनेकता देख्छन् तर अनेकतामा एकता देख्न सक्तैनन्। प्रेमस्वरूपहरू! एकतामा अनेकता देख्न निकै सहज छ, यो जसले पनि देख्न सक्छ। तर, यो सारा संसारमा व्याप्त अनेकतामा एकता पहिचान गर्नका लागि निकै परिश्रम गर्नुपर्छ।

**सबैमा व्याप्त दैवी सिद्धान्त चिन**

आजका मानिसहरूले सबैमा समान रूपमा रहेको आत्मिक सिद्धान्तको ज्ञान हासिल गर्ने प्रयत्न गर्नुपर्छ। जसले आत्माको सिद्धान्त बुझेको हुन्छ, ऊ सर्वज्ञाता हुन्छ। यस संसारका सबै मानवहरूलाई एकै ठान र सम्पूर्ण मानवतामा रहेको एकतालाई चिन।

*धर्महरू धेरै छन्, तर उद्देश्य एउटै हो।*
*कपडाहरू धेरै छन्, तर धागो एउटै हुन्छ।*
*गहनाहरू धेरैथरी हुन्छन्, तर सुन एउटै हुन्छ।*
*गाईहरू धेरै हुन्छन्, तर दूध एउटै हुन्छ।*

भगवान्को सारा सृष्टिमा एकता छ, तर मानिसहरूले त्यसमा विविधता सिर्जना गरेका छन्। आजको आवश्यकता भनेको सम्पूर्ण मानवजातिको एकता हो। जब तिमीहरूले एकताको विकास

गर्छौ, तिमीहरूको हृदयमा शुद्धता उत्पन्न हुन्छ। जहाँ पवित्रता हुन्छ, त्यहाँ दिव्यता हुन्छ। एकता, पवित्रता र दिव्यता एकअर्कासँग जोडिनुका साथै एकअर्काप्रति निर्भर पनि छन्। तर, अचेलका मानिसहरू एकताबाट पर पर मोडिइरहेका छन्। म सधैँ भन्ने गर्छु, "धर्महरू धेरै छन्, तर उद्देश्य एउटै हुन्छ।"

आज यहाँ थुप्रै मानिस जम्मा भएका छन्। उनीहरूले यहाँसम्म आइपुग्न फरक फरक मार्ग प्रयोग गरेका भए तापनि ती सबैका लागि गन्तव्य भने एउटै थियो। त्यसैगरी, सबै जनाले उनै एक मात्र भगवान्सम्म पुग्नुछ। सारा जीवमा दिव्यता अन्तर्निहित छ। दिव्यताविना मानवजीवन सम्भव छैन। "भगवान् मानव रूपमा हुनुहुन्छ *(दैवं मानुषरूपेण)*।" मानव भनेको को हो? यो शब्दको वास्तविक अर्थ नै नबुझी मानिसहरू मानवजातिको जस्तो रूप भएको, हात, खुट्टा, आँखा, मुख, कान आदि भएका जोकोहीलाई मानव भनी सम्बोधन गर्छन्। तर, वास्तवमा त्यो सत्य होइन।

वास्तवमा मानव भगवान्भन्दा पृथक् छैन। मानव कुनै छुट्टै अस्तित्व होइन। सच्चा मानव त्यो हो जसले भगवान्सँगको आफ्नो एकतालाई चिनेको हुन्छ। मानिसहरूबीच शारीरिक रूपमा भिन्नता होला, तर सबैमा उही दैवी सिद्धान्त अवस्थित हुन्छ। तथापि, केही व्यक्तिहरूले विभिन्न माध्यमबाट मानिस मानिसबीचमा विविधता उत्पन्न गराउँछन्। आज संसारमा रहेका हरप्रकारका विवाद, दुःख र पीडाहरूको कारण यही हो। जब मानिसले एकै दैवी सिद्धान्त सबैमा व्याप्त रहेको हुन्छ भन्ने सत्य बुझ्छ, तब विभिन्नता र समस्याहरूका लागि कुनै स्थान रहँदैन। तसर्थ, सदैव मानवमा रहेको दिव्यतामाथि ध्यान देऊ। आफूमा अन्तर्निहित देवत्वलाई बिर्सेर बाहिरी रूपमा देखिने विविधतालाई गुणन गर्नाले नै तिमीमा सबै अप्ठ्याराहरू सिर्जना भएका हुन्। त्यसैले, सबैमा समान रहेको दैवी सिद्धान्तलाई तिमीले स्थिर रूपमा आफ्ना हृदयमा स्थापित गर्नुपर्छ।

## दैवी नामको जप गरी हर कार्य सम्पन्न गर्न सक्छौ

केवल भगवान् रामको दैवी नामको शक्ति मात्रले कसरी हनुमान् समुद्र पार गरेर लङ्का पुग्न सक्षम भए भनेर मैले तिमीहरूलाई केही दिनअघि मात्र भनेको थिएँ। त्यसअघि समुद्र किनारमा जम्मा भएका सबै बाँदर (वानर)लाई सोधिएको थियो, "एक उफ्राइमा कसले यो समुद्र तर्न सक्छ?" तिनीहरूमध्ये कसैले आफू ४० लिग (एक लिग

बराबर ३ माइल हुन्छ)को दूरी पार गर्न सक्ने बताए भने कसैले ५० वा ६० लिगको दूरी पार गर्न सक्षम रहेको बताए। तर, सोही प्रश्न हनुमान्सँग सोधिँदा उनले भने, "भगवान् रामको कृपाले म कुनै पनि दूरी पार गर्न सक्छु।" जहाँ अरूसँग भगवान् रामको देवत्वको सीमित बुझाइ मात्र थियो, हनुमान्लाई भने वास्तविकताको पूर्ण दृष्टिकोण थियो।

हामीलाई भगवान्को प्रत्यक्ष दृष्टिकोण भगवान्को नाम जप, ध्यान, योग तथा कर्मकाण्डजस्ता आध्यात्मिक अभ्यासहरूले प्रदान गर्ने होइन। यस्ता अभ्यासहरू थुप्रै मानिसहरूले अपनाउने गरेका छन्, तर यसबाट उनीहरूले के अनुभव र कस्तो उपलब्धि हासिल गरे त? यी केवल भौतिक तथा बाह्य अभ्यासहरू मात्र हुन्।

सबैभन्दा महत्त्वपूर्ण कुरा भगवान्को नाम हो। यो सत्य थाहा पाएपछि तिमीले सबै कुरा जान्नेछौ। त्यसैले त म बारम्बार तिमीहरूलाई भन्ने गर्छु, "हरि भजनविना सुख शान्ति नही.... (भगवान्को नाम जप नगरी कुनै खुसी वा शान्ति प्राप्त गर्न सकिँदैन)।" केवल भगवान्को नामको जप मात्र गरेर पनि तिमीहरूले सबै थोक पाउन सक्छौ। भगवान् रामको नाम निरन्तर जप गरेर हनुमान्ले त्यत्रो विशाल समुद्र पार गरे। तर, अरू बाँदरहरूले सत्यलाई बुझ्न सकेनन्।

समुद्रमा पुल बनाउने क्रममा पनि हनुमान्ले आफ्ना बाँदरसेनालाई एउटा ढुङ्गामा 'रा' र अर्को ढुङ्गामा 'म' लेखेर समुद्रमा फाल्न भनेका थिए। ती ढुङ्गाहरूलाई एकापसमा जोडेर पुल बनाइयो। भगवान् रामको दैवी नामका अक्षरबीचको एकताको दैवी सिद्धान्तबाट निर्माण भएको यो पुलबाट नै भगवान् राम, लक्ष्मण र बाँदर सेनाले समुद्र पार गरे। यो सत्यलाई हामीले हृदयङ्गम गर्नुपर्छ।

राम, लक्ष्मण, भीम आदि नामका आधारमा विविधता देख्नुभन्दा हामीले उनीहरूभित्र रहेको आत्मिक सिद्धान्तलाई चिन्नुपर्छ र सबैलाई देवत्वका रूपमा देख्न सक्नुपर्छ। तिम्रो हृदयबाट दैवी नाम हराइरहेको छ भने नामस्मरण, ध्यान, त्याग, योगजस्ता आध्यात्मिक अभ्यासहरूको केही महत्त्व हुँदैन।

तिम्रो जन्मपश्चात् तिम्रा आमाबुबाले तिमीलाई दिएको एउटा नाम छ; तिमी यो नाम धारण गरेर जन्मिएका थिएनौ। तर, तिमी रामको सिद्धान्तसहित जन्मिएका थियौ। त्यो नै आत्मा हो। अब चाहे तिमी त्यसलाई आत्मा भन वा ॐकार वा राम, सबैले उही दैवी सिद्धान्तलाई जनाउँछ। आफ्नासामु शत्रु आउँदा पनि उनीहरूलाई अभिवादन गर।

तिम्रो अभिवादन त्यो शरीररूपी तिम्रो शत्रुसम्म नभई उसको आत्मरूपी भगवान्‌समक्ष पुग्छ। प्रेमपूर्वक तिमीले आफ्ना शत्रुलाई अभिवादन गर्‍यौ भने उसले पनि घृणा परित्याग गर्नेछ र तिमीसँग मित्रवत् व्यवहार गर्नेछ। तर, अचेलका मानिसहरू अहंवश आफूलाई आफ्नो नामसँग जोडेर परिचित गराउँछन्। आफूलाई "म ब्रह्म हुँ" भन्नुको साटो उनीहरू आफूलाई रामैया, कृष्णैया आदि ठान्छन्। संसारमा व्याप्त सम्पूर्ण विविधताको जड यही हो। सबैमा विश्वव्यापी रूपमा अवस्थित नाम हो भगवान् रामको नाम। रामको ध्यान गर्दै तिमीले जो कोहीलाई अभिवादन गरे पनि त्यो अभिवादन स्वयं रामसमक्ष पुग्दछ। तसर्थ, आफ्ना सम्पूर्ण कार्यहरू रामलाई खुसी बनाउने उद्देश्यका साथ गर। खाना पकाउने, खानेजस्ता तिम्रा दैनिक कार्यहरूमा राम सिद्धान्त व्याप्त हुन्छ। यो सत्यको ज्ञान नहुनाले नै मानिसहरू सांसारिक, बाह्य तथा भौतिक अभ्यास गर्छन्।

**अहं र आसक्ति नै दासताको कारण हो**

विज्ञानमा जति पनि विकास भएको छ, सबै सांसारिक वा भौतिक तहमा मात्र भएको छ। तीव्र गतिमा उड्न सक्ने र मिनेटभरमै सयौँ माइल यात्रा गर्न सक्ने हवाइजहाज वैज्ञानिकहरूले बनाए। तर, यो आविष्कारले मानिसलाई थुप्रै प्रकारका खतराका द्वारहरू खोलेको छ। सांसारिक सारा वस्तुहरू आज नभए भोलि अवश्य नासिनेछन्। कुमालेले दैनिक थुप्रै माटोका भाडा बनाउँछ तर त्यो भाँडो यदि हाम्रो हातबाट खस्यो भने टुक्रा टुक्रा भएर फुट्छ।

आफ्नो व्यक्तिगत फाइदाका लागि तिमीले गर्ने कार्यहरूमा कुनै महानता छैन; तिमीले गर्ने जुनसुकै कार्य पनि समाज र समुदायका लागि फाइदाजनक हुनुपर्छ। समाजको हितमा नै तिम्रो हित छ, तर अचेल कोही पनि समाजका बारेमा सोच्दैनन्। तिमी जहाँ गए पनि स्वार्थ र व्यक्तिगत रुचि मात्र अनियन्त्रित रूपमा मौलाइरहेको पाउँछौ। त्यसैले गर्दा संसारमा यति विघ्न विवाद र विविधताहरू छन्।

एउटा परिवारमा पनि फूट, बेमेल र विभाजन छ। मानिसहरूमा बढ्दो भिन्नताले गर्दा एकता चकनाचुर भएको छ। त्यसैले, एकता हासिल गर्ने प्रयास गर। तिमी र तिम्रा छिमेकी एकै हौ। केवल तिमीहरूको नाम फरक छ, तिमीहरूभित्र रहेको देवत्व समान छ। एकताको दैवी सिद्धान्त तिम्रो हृदयमा अडिग रूपमा बसेको छ भने मानिसहरूलाई फरक फरक नामले पुकार्नु गलत होइन।

गृहस्थीका रूपमा आफ्नो कर्तव्य पालन गर। तर, यो तिम्रो सांसारिक दायित्व मात्र हो; तिमीले

दैवी जीव भएको नाताले आफ्नो देवधर्म पनि थाहा पाउनुपर्छ, जुन सर्वव्यापी छ। त्यसैले म तिमीहरूलाई ‘दैवी आत्मस्वरूपहरू’ भनी सम्बोधन गर्छु। आफूले भनेको कुरा पूर्णतया सत्य हो भनेर यदि कसैले भन्न चाह्यो भने उसले आत्मसाक्षी राखेर भन्ने शब्दावली प्रयोग गर्दछ जसको अर्थ हुन्छ उसको आत्मालाई साक्षी रहन योग्य छ। तसर्थ, तिमीले आत्माको सिद्धान्त बुझेर मात्र कार्य गर्नुपर्छ।

मानिसमानिसबीच असाधारण रूपमा भिन्नता बढ्नाले विश्वको एकता भताभुङ्ग भएको छ। तसर्थ नाम र रूपका आधारमा भेदभाव नगर। आत्मिक सिद्धान्तमा विश्वासको विकास गर। आत्मा एक मात्र छ। केवल शरीरको निधन हुन्छ, आत्मा भने अमर छ। प्रत्येक मानवले जन्म र मृत्युको चक्र पार गर्दछ भनिन्छ। तर, केवल शरीर मात्र जन्मने, बढ्ने र मर्ने गर्दछ, आत्मा होइन। त्यसैले, आत्मिक सिद्धान्तको एकता बुझ।

मानिसहरूले जेसुकै भनून्, तिम्रो आत्मा तिम्रो साक्षी छ भन्ने कुरा बुझिराख। कुनै पनि परिस्थितिमा यो दैवी सिद्धान्त नबिर्सिऊ। जे गर्छौ, आत्माका लागि गर। जतिसुकै मीठा मीठा पकवान्न खान्छौ, त्यसलाई भगवान्को चढावा/भेटी मान। जीवनमा जे गर्छौ, त्यो भगवान्लाई चढाएको चढावा ठानी गर। “सबै काम भगवान्लाई खुसी बनाउनका लागि गर *(सर्व कर्म भगवत् प्रित्यर्थम्)*।” तिमीमा यस्तो पवित्र भावना भएमा तिमीले सहजै मोक्ष प्राप्त गर्नेछौ।

मोह त्याग गरेपछि मात्र मानिसले मोक्ष प्राप्त गर्न सक्छ। ‘म’ भन्ने भावना सबै अहम्को जड हो र ‘मेरो’ भन्ने भावना सबै आसक्तिको मूल कारण हो। अहम् र आसक्ति तिमीहरूको बन्धनका कारण हुन्। त्यसैले, सर्वप्रथम अहम् र आसक्तिबाट छुटकारा पाउने प्रयास गर। यी दुईलाई जति कम गर्छौ, त्यति नै तिमी मोक्षको नजिक पुग्नेछौ। थोरै भारी र धेरै आरामले यात्रा सहज बनाउँछ। आफ्ना आकाङ्क्षाहरूको भार कम गर।

तर, मानिसहरू जति उमेर बढ्दै जान्छ, त्यति नै आफ्ना इच्छाको भार बढाउँदै जान्छन्। उनीहरूमा जति इच्छा बढ्दै जान्छ, उनीहरूमा नीहित मानवता घट्तै जान्छ र उनीहरूले आफ्नो देवत्वप्रतिको सतर्कता गुमाउँछन्। त्यसैले, तिमीले आफूमा देवत्वको विकास गर्नुपर्छ। बाँकी सबै कुरा आज नभए भोलि अवश्य नाश भएर जान्छन्। तिमीले आफ्नो सम्पत्ति जतिसुकै सुरक्षित राखे पनि अन्ततोगत्वा त्यसलाई गुमाउने पक्का छ। तिमीसँग भएको सारा सम्पत्तिलाई एउटा ठूलो बैङ्कमा जम्मा गरौला, ताला

लगाएर राखौला र त्यसका लागि उचित सुरक्षाको व्यवस्था गरौला। यी सब हुँदाहुदै पनि त्यो सम्पत्ति तिमीले आज नभए भोलि गुमाउनै छ। यस्ता नाशवान् वस्तुप्रति मोह नपाल। आत्माको सिद्धान्त नै तिमीसँग सदा र सर्वत्र रहन्छ।

**एकताको मनोभाव विकास गर**

भगवान् राम दशरथका पुत्रका रूपमा अवतरित हुनुभएको हजारौँ वर्ष बितिसक्ता पनि आजसम्म बच्चादेखि बूढासम्म सबै जना उहाँको नाम जप गर्दछन्। मानिसहरू कुनै समस्यामा पर्दा 'राम, राम' भन्छन्। मर्न लागेको मानिसका कानमा यही पवित्र नाम खुसखुसाइन्छ। तिमीले पनि यही राम नामलाई प्रेम गर्नुपर्छ, अरू कसैलाई होइन। उहाँले सबैलाई आकर्षित गर्ने हुनाले नै उहाँको नाम 'राम' राखिएको हो।

तिमीले भगवान्का जुनसुकै नाम जप्न सक्छौ, तर तिमीमा आफूभित्र रहेको आत्माको दैवी सिद्धान्तप्रति दृढ विश्वास हुनुपर्छ। तब तिमीलाई कुनै कठिनाइ हुनेछैन।

तिमी थुप्रो सम्पत्ति सङ्कलन गर्छौ, तर कसका लागि? यो संसार त्यागेर जाँदा के तिमीले एक पैसा मात्र पनि लैजान सक्छौ र? अहँ, सक्तैनौ। तिमी आफ्नो त्यो शरीर पनि यहीँ छाडेर जान्छौ। मन ढुलमुलाउन सक्छ र बुद्धि धुमिलिन सक्छ, तर आत्मा निरन्तर साक्षीका रूपमा रहिरहन्छ। रामको सिद्धान्त यही नै हो।

राम नामले कुनै एउटा रूपलाई जनाउँदैन। यसले दैवी सिद्धान्तलाई जनाउँछ। त्यसैले, चाहे राम, कृष्ण वा अरू कुनै नाम किन नहोस्, सदैव दैवी नामको जप गर। शिवको अर्थ हुन्छ शुभ। भगवान्को नामले मात्र तिमीलाई शुभलाभ प्रदान गर्न सक्छ। तिमी श्रीनिवास, वेङ्कटेश, राम आदि नाम पुकार्न सक्छौ। यी सबले एकै दैवी सिद्धान्तलाई जनाउँछन्। आफ्ना हृदयमा यो दैवी सिद्धान्त स्थापना गर।

मानिसहरू 'राम, राम, राम' भनी नामस्मरण गर्छन्। यो जप जब अन्त्य हुन्छ, रामको नाम पनि बिर्सिन्छन्। तर, तिमीले रामलाई कहिल्यै बिर्सनु हुँदैन। जस्तोसुकै काम गर्दा पनि निरन्तर दिव्य नाम स्मरण गरिरहनुपर्छ। कलियुगमा नामस्मरणलाई मोक्ष प्राप्तिको माध्यम निर्धारण गरिएको छ। यही सत्यलाई बुझेर गुरु नानकले सामुदायिक भजन गायनको अभ्यास थालनी गर्नुभयो। सबै जना एकै ठाउँमा जम्मा भएर भजन गाउनुपर्छ। कसैको मन अन्यत्र भौँतारिन सक्छ। तर, जम्मा भएकामध्ये केही मात्रले भए पनि भगवन्नामको चिन्तन

गर्नेछन्। त्यसैले, सामूहिक रूपमा भजन गाउँदा, कम्तीमा एक वा दुई जनाको प्रार्थना भगवान्‌समक्ष पुग्नेछ, जसले सबैलाई फाइदा हुन्छ।

के तिमी एउटा रूखमा पाकेका सबै फल खान्छौ? खाँदैनौ। तिमी केही मात्रामा आफू सेवन गर्छौ र बाँकी सबैसँग बाँड्छौ। तिमी आफ्नो घरमा मिष्ठान्न भोग लगाउँछौ। परिवारका सबै सदस्यले त्यहाँ भाग लिन्छन्; जसले तयार पार्छ उसले खासै धेरै खाँदैन।

जब दशरथले पुत्र प्राप्तिका लागि पुत्रकामेष्टि यज्ञ गरे, उक्त यज्ञको अग्निबाट एक तेजस्वी जीव प्रकट भए र दशरथलाई एक भाँडो खीर दिई उनका आफ्ना तीन पत्नी – कौशल्या, सुमित्रा र कैकेयीलाई बाँड्न अह्राए। (यहाँ स्वामीले राम, लक्ष्मण, भरत र शत्रुघ्नको जन्मको कथा सुनाउनुभयो र किन लक्ष्मणले सदैव रामलाई र शत्रुघ्नले भरतलाई पछ्याउँथे भन्ने रहस्य बताउनुभयो।)

राम र लक्ष्मणका साथै भरत र शत्रुघ्नबीच यति बलियो प्रेम थियो, उनीहरूले कहिल्यै पनि एकअर्काको साथ छाडेनन्। यो एकतामा कति शक्ति छ, सबैले देख्न सक्छन्। एकता नै बल हो। जब तिमीहरू एकअर्कासँग बोल्दैनौ वा एकता विकास गर्दैनौ, तिमीहरूले केही पनि हासिल गर्न सक्तैनौ। मनमा अलिकति वैरभाव आए पनि मिलेर बस्ने प्रयास गर। भक्तहरूले उचित विवेक र समायोजनसहित मनोरम रूपमा व्यवहार गर्नुपर्छ। तिमीले पुज्ने भगवान्‌को आलोचना कसैले गरे तापनि तिमी त्यो आलोचनालाई प्रतिकार नगर। तिम्रा पूज्य भगवान्‌ले नै त्यो आलोचकको रूप धारण गर्नुभएको हो भन्ने सोच। भगवान्‌लाई प्रशंसा वा निन्दाले कुनै फरक पार्दैन।

सदैव सबैलाई प्रेम गर। जब तिमी यसरी सबैलाई प्रेम गर्छौ, घृणा, रिस र ईर्ष्याजस्ता दानवीय गुणहरूले तिमीलाई छाडेर जानेछन्। यस्ता दानवीय गुणहरूबाट स्वतन्त्र भएमा तिमीले सहजै मोक्ष प्राप्त गर्नेछौ। तिमी आफूलाई भक्त भनी दाबी गर्छौ, तर यदि तिमीमा घृणा, क्रोध, ईर्ष्या, कपट, कुभावना आदि छन् भने त्यसको के अर्थ भयो र? यस्ता दानवीय गुणले तिम्रो जीवन बर्बाद पार्छ। अरूसँग मुस्कानका साथ कुरा गर र एकताको मनोभावना विकास गर।

यहाँ कति धेरै मानिस आएका छन्। ती सबै भजनमा भाग लिन्छन्, तर, तीमध्ये कति जनाका हृदयमा सच्चा भक्ति छ? यदि १० जना मात्र सच्चा भक्त छन् भने पनि काफी हुन्छ।

तिमीहरू सबैले एकताको मनोभावना बढाउनुपर्छ। जोसुकै अगाडि

आए पनि उसलाई "मेरा दाजुभाइ वा मेरा दिदीबहिनी" भनी सम्बोधन गर। यसरी सबैलाई आफ्ना दाजुभाइ दिदीबहिनी ठान र एकताले प्रेरित भएर व्यवहार गर। सबै जना उही भगवान्‌का सन्तान हुन्। त्यसैले, कुनै समयमा तिमीमा कसैप्रति द्वेषको भावना उत्पन्न भए आफूलाई के पुनः स्मरण गराऊ भने तिमी उनीहरूभन्दा पृथक् होइनौ। सबै जना एकै हुन् भन्ने चिन्तन गर, एकता हासिल गर र त्यसको आनन्द अनुभव गर। अनेकतामा एकता देख्नु नै दिव्यता हो र सच्चा आध्यात्मिकता पनि हो। धर्मग्रन्थको अध्ययन, कर्मकाण्ड गर्नु, पूजा आराधना गर्नु आदिले सच्चा आध्यात्मिकतालाई जनाउँदैन। आत्मिक सिद्धान्तको एकतालाई चिन्नु नै वास्तविक आध्यात्मिकता हो। यो एकता तिमीले जब बुझ्नेछौ, तब मात्र दैवी आशीर्वाद प्राप्त गर्नेछौ।

तिमीहरू निरन्तर 'साईराम, साईराम, साईराम!' जप गरिरहन्छौ, तर यति मात्रले तिमीमा भक्तिभाव विकास गर्ने छैन। वास्तविक भक्ति विकास गर्नका लागि एकताको भावना विकास गरी दैवी नामस्मरण र जप गर्नुपर्छ। यदि तिमीमा सच्चा भक्तिको लेश मात्र पनि छ भने, सधैँ अरूको भलाइ गर र उनीहरूसँग सद्भावपूर्ण व्यवहार गर। कसैलाई पनि घृणा नगर। सबैलाई प्रेम गर। यदि तिमीमा प्रेम र विश्वास छ भने तिमीमा अहिंसाको विकास हुनेछ। तब मात्र तिमीले आनन्द अनुभव गर्न सक्नेछौ।

### मानवजातिबीच छिट्टै एकता हुनेछ

तिमीहरूलाई सत्य, धर्म, शान्ति र प्रेमको विकास गर भन्नुको वास्तविक तात्पर्य के हो? धर्म सत्यबाट जन्मन्छ। "सत्य अनुपालनभन्दा ठूलो धर्म अरू कुनै छैन *(सत्यान्नास्ति परोधर्मः)*।" सत्यविना धर्मको औचित्य रहन सक्तैन। त्यसैगरी प्रेम पनि धर्मविना औचित्यमा रहन सक्तैन। तिमीमा प्रेम विकास भएको छ भने, तिमी कसैलाई घृणा वा अनादर गर्दैनौ। सत्य, धर्म, शान्ति र प्रेम प्रारम्भिक मानवगुण हुन्। क्रोध, ईर्ष्या, द्वैष, कपट, मात्सर्य, घृणा र लोभ भने मानवीय गुण होइनन्। यदि तिमीमा प्रेम र शान्ति छ भने अरू सबै गुणहरू स्वतः विकसित हुनेछन्।

मानिसहरू बारम्बार 'म शान्ति चाहन्छु। म शान्ति चाहन्छु' भनी दोहोऱ्याउँछन्। यसरी बारम्बार दोहोऱ्याउँदैमा के कसैले शान्ति हासिल गर्न सक्छ र? अहँ, कुनै पनि हालतमा सक्तैन। तिमीले प्रेमको विकास गरेमा मात्र शान्ति प्राप्त गर्नेछौ। शान्ति भनेको कुनै बजारमा खरिद गर्न मिल्ने वस्तु होइन। यो त प्रेमले परिपूर्ण हृदयबाट सिर्जित हुन्छ।

प्रेम कहाँबाट आउँछ? प्रेम धर्मबाट विकास हुन्छ र धर्म सत्यबाट उत्पत्ति हुन्छ। तसर्थ, सत्य धर्मको स्रोत हो, धर्म प्रेमको स्रोत हो र प्रेम शान्तिको स्रोत हो। जहाँ शान्ति र प्रेमको अस्तित्व हुन्छ, त्यहाँ अहिंसा आफैँ उपस्थित हुन्छ। तसर्थ, सत्य, धर्म, शान्ति, प्रेम र अहिंसा वास्तविक मानवका गुणहरू हुन्। यिनलाई आफ्ना पाँच प्राण मान।

आजका मानिसहरूले मानवीय गुणका यी पाँच प्राणहरूलाई बिर्सेका छन्। यसको सट्टा उनीहरू मात्सर्य र क्रोधजस्ता दानवीय गुणहरूलाई आफ्नो प्राण ठानेर आश्रय दिन्छन्। त्यसैले गर्दा मानिसहरू अनेक अप्ठ्याराहरूमा फस्छन्। जब तिमीहरूले मानवीय गुण विकास गर्नेछौ, तब अवश्य शान्ति प्राप्त गर्नेछौ। तसर्थ, आफूमा अन्तर्निहित पाँच प्राणजस्ता मानवीय गुणको संरक्षण गर। क्रोध र वासनाजस्ता दानवीय गुणबाट टाढै बस।

चाहे तिमीहरू विश्वास गर या नगर, अबको २५ देखि ३० वर्षमा सारा मानवजाति एक हुनेछ। हिन्दु, मुस्लिम, क्रिश्चियन आदि प्रत्येक धर्मका मानिसहरू एकताबद्ध हुनेछन्। संसारमा पूर्ण एकता हुनेछ। भारतवर्षको पुण्यभूमिबाट नै संसारभर भगवान्प्रति भक्तिभाव विस्तार हुनेछ। यो सत्यलाई हृदयङ्गम गर।

मानिसहरू संस्कृतिलाई जीवनपद्धति मान्छन्। तर, यो सत्य होइन। सबैको एकता नै संस्कृति हो; शुद्धता नै संस्कृति हो। आफ्ना सारा अशुद्धताहरूलाई जलाएर खरानी बनाएपछि तिमीले देवत्व बोध गर्नेछौ। जब तिमीले आफूमा प्रेमको भावना विकास गर्छौ, घृणाजस्ता तिम्रा सारा अवगुणहरू ओइलाएर जानेछन्।

मानिसहरू आफूभन्दा अब्बल व्यक्तिहरूको ईर्ष्या गर्छन् र घृणापूर्वक भन्ने गर्छन्, “हेर, त्यसले कति अकुत सम्पत्ति जोडेको! हेर, त्यो कति उच्च ओहदामा पुगेको!” आफूभन्दा बढी उपलब्धि हासिल गर्ने जो कोहीलाई मानिस घृणा गर्छन्। यो राम्रो कुरा होइन। यदि कसैले तिमीभन्दा ज्यादा उपलब्धि हासिल गरेको छ भने आफ्नो कम उपलब्धिका लागि आफ्नै अक्षमतालाई कारण मान। आफ्नो प्रेमलाई फैलाऊ र आफ्नो हृदयलाई विस्तृत बनाऊ। तब तिमी थप उपलब्धि हासिल गर्न सक्षम हुनेछौ।

जीत र हार तिम्रै हृदयको भावनामा भर पर्छ। यसैलाई इङ्गित गर्दै वेदले घोषणा गरेको छ, “मन नै मानिसको बन्धन र मोक्षको कारण हो *(मनएव मनुष्याणां कारणं बन्ध मोक्षयो)*।” प्रेम र घृणाले तिम्रा भावनाहरूको जड तिम्रै मन हो। तिमीले जे गर्छौ, एकताको भावनाका

साथ गर्नुपर्छ। जुनसुकै कार्य गर्छौ, भगवान्लाई खुसी पार्ने उद्देश्यसहित गर। यसले अवश्य पनि विश्वव्यापी लाभ निम्त्याउँछ।

भजनपश्चात् तिमी "सारा लोकहरू खुसी होऊन् *(समस्तलोकाः सुखिनो भवन्तु)*" भनी प्रार्थना गर्छौ। आफू मात्र खुसी हुनुमा कुन ठूलो उपलब्धि हुन्छ र? सबै जना खुसी हुनुपर्छ। सबैका खुसीमै तिम्रो खुसी लुकेको छ, सबैको भलाइमै तिम्रो भलाइ लुकेको छ। अरू खुसी नहुँदा तिमी एक्लै मात्र खुसी हुन सक्तैनौ। त्यसैले, ससाना जीव तथा कीरासहित सबैको भलाइका लागि प्रार्थना गर। एकताको वास्तविक अर्थ यही हो। सबैको भलो चिताउने हृदय मात्र भगवान्लाई प्यारो हुन्छ।

मैले आज भनेका सम्पूर्ण कुराहरू पूर्ण सत्य हुन्। भक्तिको सार यही हो। भक्तिको अर्थ के हो? यो कुनै ठूलो समुद्र होइन। यो आनन्दको सागर हो। भक्तिलाई यसरी वर्णन गरिएको छ :

*भगवान् अनन्त आनन्दका स्वरूप*
  *हुनुहुन्छ,*
*सर्वोच्च उमङ्गका प्रदाता हुनुहुन्छ,*
*निरपेक्ष बुद्धि,*
*परस्पर विपरीत जोडीभन्दा माथि,*
*गगनसरह अथाह र विस्तृत,*
*"तत्त्वमसि (तिमी त्यो हौ)" भनाइले*
  *सङ्केत गरेको लक्ष्य,*
*एक, जसको दोस्रो केही छैन,*
*अनन्त, शुद्ध, अपरिवर्तनीय,*
*बुद्धिका सम्पूर्ण कार्यहरूको साक्षी,*
*सबै मानसिक स्थितिका साथै शुद्धता*
  *(सत्त्व), आवेग (रज) र आलस्य*
  *(तम) तीनै विशेषताहरूभन्दा माथि,*
*नित्यानन्दम्*
*परमसुखदम्,*
*केवलं ज्ञानमूर्तिम्,*
*द्वन्द्वातीतम्,*
*गगनसदृशम्,*
*तत्त्वमस्यादिलक्षम्,*
*एकं, नित्यं, विमलं, अचलम्,*
*सर्वधी साक्षिभूतम्,*
*भावातीतं, त्रिगुणरहितम्।*

तिमीले यस्तो अनन्त आनन्द हासिल गर्नुपर्छ।

दिव्य सम्भाषण
वृन्दावन, ३१ मे २००८
सत्य साई स्पिक्स, भाग ४१, परिच्छेद ८

# एकता, पवित्रता र दिव्यता

*बालापनमा मानिसले अरू बच्चाहरूसँग खेल्ने आकर्षक उत्कण्ठा*
*विकास गर्छ।*
*युवा तथा वयस्क अवस्थामा ऊ सांसारिक विषयवस्तुमा अल्झिन्छ र*
*पैसा कमाउनमा लिप्त हुन्छ।*
*अन्त्यमा, वृद्धावस्थामा पुगिसक्ता पनि ऊ भगवान्‌को ध्यान नगरेर यो र*
*त्यो प्राप्त गर्ने लालसा पालेर बस्छ।*
*यसरी उसले आफ्नो अमूल्य मानवजन्म खेर फाल्छ।*

(तेलुगू कविता)

यो संसारमा लाखौँ शिक्षित मानिसहरू छन्। बालकदेखि विद्वान्‌सम्म सबै जना किताब पढ्न र ज्ञान हासिल गर्न इच्छुक हुन्छन्। तर, किताबी ज्ञान हासिल गरेर उनीहरूलाई कसरी लाभ हुन्छ? त्यस्तो शिक्षाले तिमीलाई केवल जीविकोपार्जनका लागि सहयोग पुऱ्याउन सक्छ। कङ्गालदेखि करोडपतिसम्म सबै जना आफ्ना बालबच्चाले राम्रो शिक्षा हासिल गरून् भन्ने चाहन्छन्। आफ्ना सन्तानलाई गुणस्तरीय शिक्षा प्रदान गर्न अभिभावक जतिसुकै पैसा खर्च गर्न पनि तयार हुन्छन् र सोका लागि आफ्नो क्षमताभन्दा बाहिरको रकम ऋणमा समेत लिन्छन्। अभिभावकले सन्तानलाई शिक्षित बनाउन थुप्रै कठिनाइहरूको सामना गरे तापनि सन्तानले भने आफ्ना संरक्षकहरूप्रति कुनै कृतज्ञता राख्दैनन्। उनीहरू "मेरो यस्तो प्रगतिको जिम्मेवार को हो? म आज जे छु, मलाई यस्तो बनाउने को हो?" भनी आत्मनिरीक्षण गर्दैनन्। यस्तो परिस्थितिमा शिक्षाको वास्तविक उद्देश्यका बारेमा जाँच गर्नु जरुरी हुन्छ। कसैले कैयौँ पुस्तक पढेर ज्ञानका विभिन्न शाखामाथि महारथ हासिल गर्ला, तर के उसले शान्ति र सहृदयता अनुभव गर्छ?

तिमीले किताबबाट हासिल गर्ने सबै ज्ञानले केवल तिम्रो भौतिक इच्छा मात्र पूर्ति गर्दछ। तर, वास्तविकता के हो भने सच्चा ज्ञान सबैमा अन्तर्निहित हुन्छ। शैक्षिक उत्कृष्टतामा महिलाहरू पुरुषभन्दा पछि परेका छैनन्। मानिसहरू शिक्षाले कदर र सम्मान प्रदान गर्दछ भन्ने ठान्छन्। तर, उच्च शैक्षिक उपलब्धिका बावजुद मानिसहरूमा सच्चा ज्ञानको कमी छ।

**शिक्षाले रूपान्तरण ल्याउनै पर्छ**

अचेल, अभिभावकहरू आफ्ना सन्तानलाई केवल पेशागत शिक्षा हासिल गर्न प्रेरित गर्छन्। तर, बालबालिकामा कुनै रूपान्तरण नल्याउने त्यस्तो शिक्षाको के औचित्य छ? यो शिक्षाले न बच्चाहरूलाई केही फाइदा पुऱ्याउँछ, न उनीहरू आफ्ना अभिभावकलाई कुनै प्रकारको सहायता प्रदान गर्न सक्षम हुन्छन्। आधुनिक मानिसहरू आफ्ना शैक्षिक उपलब्धिप्रति अहम् विकास गर्छन्। साँचो शिक्षाको विशेषता भनेको विनम्रता हो। यदि मानिसमा विवेक र विनय नै छैन भने शिक्षाको कुनै महत्त्व हुँदैन। के कुरा बुझ भने तिमीहरूले हासिल गर्ने शिक्षा समाजको हित र उन्नतिका लागि हुनुपर्छ। तर, आजका शिक्षित वर्गबाट समाजले कसरी लाभ पाइरहेको छ? वास्तवमा, तिमीले समाजबाट धेरै कुरा सिक्छौ र थुप्रै फाइदा लिन्छौ। तर, आजका शिक्षित भनाउँदाहरूमा विवेकशक्ति पाउन निकै कठिन छ। यस्तो अवस्थामा शिक्षित वर्ग अहम्ले फुल्नुपर्ने कारण के छ र? आज विद्यार्थीहरूमा पनि विनम्रता कमै मात्र पाउन सकिन्छ। उनीहरू अग्रजहरूलाई कुनै सम्मान देखाउँदैनन्। समाजप्रति आफ्नो उत्तरदायित्व उनीहरूले बुझेका छैनन्। ठूलाबडाको सम्मान नगर्ने र समाजको सेवा नगर्ने हो भने केवल किताबी ज्ञान मात्र हासिल गर्नुको के फाइदा? यस्तो जीवन जिउने मानिस आफैँप्रति बफादार हुँदैन। उसको हिँडाइ, बोलाइ, पढाइ, लेखाइ सबै कृत्रिम बन्न जान्छ। विषयगत शिक्षाको नतिजा यही हो भने कलेज जानुको औचित्य नै के छ र? प्रत्येक विद्यार्थीले आत्मअनुसन्धान गर्नुपर्छ, "म यो कलेजमा के गरिरहेको छु? मैले गर्नुपर्ने के हो?" यस्तो आत्मअनुसन्धान गरेमा मात्र विद्यार्थीले शिक्षाको वास्तविक अर्थ बुझ्न सक्छ। केवल किताबी शिक्षा मात्र सच्चा ज्ञान होइन। यो त केवल *पुस्तक* (किताब)मा रहेको विषयवस्तु *मस्तक* (दिमाग)मा र पुनः मस्तकबाट पुस्तकमा सार्नु मात्र हो। यसरी मानिसहरू शिक्षाको वास्तविक अर्थ नबुझी केवल पुस्तक र मस्तकको बीचमा अल्झिएका छन्। प्रयोगात्मक शिक्षा हासिल गर्न छाडेर उनीहरू

केवल किताबी ज्ञानको खोजीमा समय व्यतीत गरिरहेका छन् । पुस्तकमा थुप्रै ज्ञान तथा सूचनाहरू हुन्छन्, यो कुरामा दुईमत छैन; तर यदि मस्तक नै फोहोरले भरिएको छ भने यसले के उद्देश्य पूरा गर्छ? यस्तो शिक्षाबाट तिमीले खोजेको नतिजा कहिल्यै प्राप्त गर्दैनौ । प्रमुख अतिथिले आफ्नो सम्बोधनमा यही कुरा व्याख्या गरेका थिए । "भलै सबै मानिसले पढ्छन् तथा अध्ययन गर्छन्, तर यसको अन्तिम नतिजा चाहिँ के हो त?" उनले प्रश्न गरे । मानिसहरू विषयगत शिक्षा हासिल गर्न लाखौँ रुपैयाँ खर्च गर्छन् । आजको समाजमा यस्ता शिक्षितवर्गले कस्तो भूमिका खेल्छन् त? के उनीहरूले समाजमा शान्ति स्थापना गर्न योगदान पुऱ्याउँछन्? के उनीहरूले व्यक्ति विशेषमा रूपान्तरण ल्याउनका लागि प्रयत्न गर्छन्? गर्दैनन्! वास्तवमा, उनीहरू आफ्नै सन्तानमा अनुशासनको बीजारोपण गर्न असमर्थ हुन्छन् । प्रायः बालबालिकाहरू अभिभावकको उपस्थितिमा राम्रो व्यवहार वा विनम्रताको बहाना गर्छन्, तर घरबाट बाहिर पाइला टेक्नेबित्तिकै उपद्रवी व्यवहार गर्छन् ।

विद्यार्थीहरूले समाजमा राम्रो नाम कमाउने प्रयत्न गर्नुपर्छ । आजको शिक्षाले विद्यार्थीलाई भौतिकवादी बनाएको छ । यसले उनीहरूलाई आफ्नो आत्माको आवाज सुन्नका लागि आफूभित्र मोडिन प्रेरित गर्दैन । मानिसले आत्म प्रबोध (आत्मिक ज्ञान) हासिल गर्नुपर्छ । यो नै वास्तविक ज्ञान हो । आत्माको बोधविना अन्य सबै ज्ञान तात्पर्यहीन छ । यस्तो शिक्षाको पछि किन लाग्नु?

**कर्मले वचनको अनुसरण गर्नुपर्छ**

मानिसहरू आफ्नो प्रभाव र शक्तिको अभ्यास गर्न इच्छुक हुन्छन्; तर उनीहरू आफ्नो मन र हृदय शुद्ध पार्नका लागि कुनै प्रयत्न गर्दैनन् । यो आधुनिक शिक्षाको करामत हो । मानिसहरूले मीठोसँग बोल्न त सिकेका छन् तर उनीहरू आफ्नो बोलीलाई कार्यमा परिवर्तन गर्दैनन् ।

प्रेमस्वरूपहरू! केवल किताबका विषयक्रम कण्ठस्थ पार्नु मात्र काफी हुँदैन । तिमीहरूले ग्रन्थहरूका गन्ध (रस) ग्रहण गर्नुपर्छ । वास्तविक शिक्षा यही हो । मानिसहरू कैयौँ पुस्तकहरू पढ्छन्, तर त्यसको फाइदा के छ? अरूले जे भनेका छन्, उनीहरू त्यही दोहोऱ्याउँछन् । के तिमीहरूले सिक्नुपर्ने यही हो? तिमीहरूले आफ्नो अन्तर्मनको आवाज सुन्नुपर्छ र त्यसलाई अरूसँग बाँड्नुपर्छ । तर, अचेल यो विषयमा बिरलै कसैले सोच्ने गर्छन् ।

प्रेमस्वरूपहरू! कम्तीमा

पनि आफूले सिकेकामध्ये एक वा दुई सिद्धान्तहरू अभ्यासमा ल्याउनुपर्छ र अरूका लागि उदाहरण बन्नुपर्छ। आज विश्वमा सयौँ विद्वान्हरू छन्, तर के तिनीहरूले आफ्नो शिक्षालाई व्यवहारमा ल्याउँछन्? उनीहरू आफूलाई उच्चता प्राप्त मानिसजस्तो देखाउँछन्, तर उनीहरू व्यवहारमा भने सस्तो प्रकृतिका छन्। शिक्षाको अन्त्य चरित्र हो। चरित्रलाई तिमीहरूले आफ्नो प्राणवायु मान्नुपर्छ। चरित्रविनाको शिक्षा आधा पाकेको चामलझैँ बेकामको हुन्छ। आफूले सिकेकामध्ये कम्तीमा एक या दुई सिद्धान्त अभ्यासमा ल्याउनुपर्छ, तब मात्र अरूलाई प्रवचन दिनुपर्छ।

प्रत्येक मानवमा तीन महत्त्वपूर्ण सिद्धान्त छन्। मनस (मन), बुद्धि र आत्मा। आत्मको प्रकृति कस्तो हुन्छ? यो सर्वव्यापक हुन्छ। सही शिक्षा त्यो हो जुन हृदयबाट प्रस्फुटित हुन्छ। यस सन्दर्भमा भौतिक नभएर आध्यात्मिक हृदयको जिकिर गरिएको हो। आफ्नो ज्ञानलाई अभ्यासमा उतारेर समाजमा आदर्श निर्धारण गर्ने थुप्रै कुलीन आत्माहरू छन्। यदि सैद्धान्तिक व्यवहार अपनाएनौ भने तिमीले हासिल गरेको शिक्षा व्यर्थ हुन्छ। तिमीले के बोल्छौ भन्ने होइन, अभ्यासमा के उतारेका छौ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। तिमीहरू जहाँ भए पनि उदाहरणीय व्यवहार गर्नुपर्छ। त्यस्तो व्यवहारले मात्र मलाई खुसी बनाउँछ।

## आध्यात्मिक ज्ञान हासिल गर्ने प्रयास गर

खुसी भगवान्सँगको मिलन हो। तिमीहरू साधारण नश्वर व्यक्ति होइनौ। तिमीहरू सबै देवस्वरूप हौ। आफ्नो वास्तविक प्रकृति जान्नका लागि आफूले सिकाएको कुरा सर्वप्रथम आफैँ व्यवहारमा उतार। तब मात्र तिमीले आनन्द अनुभव गर्न सक्नेछौ। साँच्चै भन्नुपर्दा, आनन्द मानवको वास्तविक प्रकृति हो। आफूमा भएको प्राकृतिक गुण त्यागेर अप्राकृतिक जीवन किन व्यतीत गर्नु? विद्यालय, कलेज जहाँ गए पनि विद्यार्थीहरूमा व्यावहारिक ज्ञानको कमी छ। उनीहरू केवल किताबी ज्ञानलाई महत्त्व दिन्छन् र आफैँ किताबसरह बन्छन्। सच्चा ज्ञान त्यो हो जुन हृदयबाट प्रस्फुटित हुन्छ। मानव अस्तित्वका लागि हृदय निकै महत्त्वपूर्ण छ। बालक जन्मिएपछि सबैभन्दा पहिला सबै जनाले उसको हृदयको धड्कन परीक्षण गर्छन्। तिमीहरू आफ्नो भौतिक हृदयमा नभएर आध्यात्मिक हृदयमा निर्भर हुनुपर्छ। आफ्नो हृदयलाई सधैँ शुद्ध राख। यही नै तिम्रो मुख्य प्रयास रहनुपर्छ। प्रेमपूर्वक र शुद्ध हृदयले गरिएको कुनै पनि कार्यले आनन्द प्रदान गर्छ।

वास्तवमा, आनन्द सबैमा अन्तर्निहित हुन्छ। तर, मानिस यो सत्यदेखि अज्ञात छ। आफूमा अन्तर्निहित आनन्दको प्रस्फुटिकरण गर्न मानिसले हरसम्भव प्रयास गर्नुपर्छ। यो आनन्दको प्रकृति कस्तो हुन्छ? *नित्यानन्दम्, परम सुखदम्, केवलम् ज्ञानमूर्तिम्, द्वन्द्वातीतम्* (भगवान् अनन्त आनन्दको स्वरूप हुनुहुन्छ, उहाँ परम आनन्द प्रदाता हुनुहुन्छ, उहाँ पूर्ण बुद्धिमत्ता हुनुहुन्छ, अद्वैत हुनुहुन्छ)। यो द्वैतताभन्दा माथि छ। जबसम्म मानिस द्वैततामा अल्भिरहेको हुन्छ, उसले कहिल्यै आनन्द अनुभव गर्न सक्तैन। सर्वप्रथम मानिसले एकताको सिद्धान्त बुझ्नुपर्छ। एकताले शुद्धता र शुद्धताले दिव्यतातर्फ डोऱ्याउँछ। जसले एकता, शुद्धता र दिव्यता हासिल गर्ने प्रयत्न गर्छ, ऊ नै वास्तविक मानव हो। अन्यथा, ऊ चरा वा जनावरभन्दा केही फरक छैन। सर्वप्रथम, आफ्ना इन्द्रियहरूलाई पवित्र बनाऊ र एकताको विकास गर। सबैलाई आफ्ना दाजुभाइ दिदीबहिनी मान र सद्भावसहित जीवनयापन गर। सार्वजनिक सभाहरूमा वक्ताले उपस्थित जनसमुदायलाई दाजुभाइ दिदीबहिनीहरू भनी सम्बोधन गरेको तिमीले सुन्ने गरेका छौ। तर, तिनीहरूले जे भने, के वास्तवमा त्यस्तै सोच्छन् त? के आज तिमीहरू दाजुभाइ दिदीबहिनीमा एकता देख्छौ? अहँ, देख्दैनौ। वास्तविक खुसी एकतामा निहित हुन्छ। मानवजीवनलाई एउटा रूखसँग दाँज्न सकिन्छ। सम्बन्धहरू हाँगाबिँगासरह हुन्। भगवद् ध्यान फूलसरह हो जसबाट तिमीले आनन्दको फल प्राप्त गर्नेछौ।

विद्यार्थीहरू! तिमीहरू अवश्य पनि सांसारिक ज्ञान हासिल गर्न सक्छौ। तर, त्यति मात्रले सन्तुष्ट हुनु हुँदैन। तिमीहरूले आध्यात्मिक ज्ञान पनि हासिल गर्नुपर्छ। तब मात्र तिमीले शान्ति प्राप्त गर्नेछौ।

प्रेमस्वरूपहरू! प्रेम नै शिक्षाको सार हो। प्रेमबाट वञ्चित शिक्षा कृत्रिम हुन्छ। तसर्थ, प्रथम दृष्टान्तका रूपमा प्रेमको विकास गर। शरीर फरक फरक भए पनि त्यहाँका अन्तर्निवासी एउटै हुन् भन्ने बुझ। यो आधारभूत सिद्धान्तलाई नबिर्स र आनन्दको अनुभव गर। आज तिमीहरू यति धेरै सङ्ख्यामा यहाँ एकत्रित भएका छौ। सबैको ध्यान स्वामीतर्फ मात्र केन्द्रित छ। यसैगरी, तिम्रो मन मस्तिष्कलाई सदैव दिव्यतामा मात्र केन्द्रित राख। भगवान्‌को ध्यान गर। संसारभरका आफ्ना दाजुभाइ दिदीबहिनीको सेवा गर। दस दिनदेखि भोको व्यक्तिलाई भव्य भोज खुवाइयो भने उसले अनुभव गर्ने खुसी तिमीले कल्पना गर्न सक्छौ। सारा तलाउ र तालहरू सुकिसकेको अवस्थामा

निरन्तरको वर्षाले आफूसँग ल्याउने खुसी तिमी कल्पना गर्न सक्छौ। त्यसैगरी, नितान्त आवश्यक परेका व्यक्तिको सेवा गर। उनीहरूलाई खुसी प्रदान गर। सेवाबाट मात्र तिमीहरूले दिव्यता हासिल गर्न सक्छौ। मानवजीवन निकै अमूल्य छ। तर, मानिसले जनावरझैँ व्यवहार गरेर यो अमूल्य जीवन खेर फालिरहेको छ।

विद्यार्थीहरू! एउटा विद्यार्थी भएको नाताले तिमीहरूले सच्चा विद्या हासिल गर्ने प्रयत्न गर्नुपर्छ। विद्याको वास्तविक अर्थ नबुझी केवल किताबहरू कण्ठस्थ पार्नु मात्रको कुनै औचित्य छैन। सदैव जीवनको आधारभूत सिद्धान्तमाथि ध्यान देऊ। जीवहरू अनेक छन् तर दैवी सिद्धान्त एक मात्र छ। त्यसैले आत्माका रूपमा सर्वव्यापक दिव्यताको सिद्धान्तलाई चिन्ने प्रयास गर। आत्मा आधार हो भने शरीर आधेय (टेवा प्राप्त गर्ने) हो। आत्मालाई आफ्नो जीवनको आधार मान, तब बाँकी सब कुरा ठीक ठाउँमा आउनेछन्। प्रत्येक मानिसले आत्माको दृष्टि प्राप्त गर्न सक्छ। प्रत्येक मानिस यस्तो शक्तिले युक्त हुन्छ। मोटा मोटा थुप्रै किताबहरू पढेर आफूले के उपलब्धि हासिल गरेको छु भनी आफैँमा जाँच गर। जसले तिमी उल्टो कठोर हृदयी भएका छौ। यदि तिम्रो शिक्षाको फल यही हो भने पढाइको औचित्य नै के छ र? सर्वप्रथम, प्रेमको विकास गर। जब तिमीमा प्रेम हुन्छ, सबै जना तिम्रा मित्र हुनेछन्। यदि तिम्रो हृदय प्रेमले भरिएको छैन भने तिम्रो जीवन नै कृत्रिम बन्नेछ। प्रेमविनाको जीवन अर्थहीन छ। यदि प्रत्येकले आफ्ना छिमेकीसँग प्रेम आदानप्रदान गर्‍यो भने घृणाका लागि कुनै स्थान बाँकी रहँदैन। सबै जनामा आफ्नो प्रेम बाँड र दाजुभाइ दिदीबहिनीसरह जीवनयापन गर। आज दाजुभाइ दिदीबहिनीमाझ पनि विवाद र विभिन्नता देख्न सकिन्छ किनभने उनीहरूमा उचित समझदारीको कमी छ।

**एकताको सिद्धान्तलाई बुझ**

मानिसले प्रेमको साँचो अर्थ बुझेका छैनन्। उनीहरूको प्रेम शारीरिक र सांसारिक भावनामा खिइसकेको छ। जब तिमी प्रेमको सिद्धान्तलाई बुझ्छौ र प्रेम सम्बन्धप्रति प्रेम विकास गर्छौ, तब सबै एक बन्छन्। वेदले भन्छ, *"सहस्रशीर्षा पुरुषः"* अर्थात् सबै शिर, सबै नेत्र, सबै पाउ उहाँकै हुन्। एक पटक तिमीले सबैमा अवस्थित एकताको सिद्धान्त बुझेपछि तिमी भाइचाराको साँचो धुनमा बाँच्न सक्छौ।

हाम्रा हातमा औँलाहरू छन्, र प्रत्येक औँलालाई तोकिएको आफ्नै

छुट्टै कार्यहरू छन्। ती सबै औँलाहरू एकापसमा मिलेर एकताबद्ध रूपमा कार्य सम्पन्न गर्छन्। एक पटक हातका ती पाँचै औँलाबीच हामी पाँचमध्ये को ठूलो भन्ने विषयमा विवाद चलेछ। बूढी औँलाले भनेछ, "मविना कुनै कार्य सम्पन्न गर्न सकिँदैन, तसर्थ म सबैभन्दा ठूलो हुँ।" त्यसपछि चोर औँला मुस्कुराएछ र भनेछ, "यता हेर त बूढी औँला! तिमीले मेरो सहाराविना कसरी कुनै कार्य सम्पादन गर्न सक्छौ? त्यो भन्दा पनि, म मानिसहरू पहिचान गर्न सूचकका रूपमा प्रयोग हुने गर्छु, तसर्थ म तिमीभन्दा ठूलो छु।" त्यत्तिकैमा माझी औँलाले बीचमा कुरा काट्तै भनेछ, "तिमीले जे भने पनि त्यसको केही अर्थ छैन। औँलाहरूमा सबैभन्दा अग्लो म छु। एक छेऊबाट तिमीहरू दुई र अर्को छेऊबाट यी दुई मिलेर तिमीहरूले ए.डी.सी. (ऐडे डे क्याम्प्स, सहयोगी) का रूपमा मलाई सेवा गरिरहेका छौ, तसर्थ म ठूलो हुँ।" यो सुनेर साहिँली औँलाले भनेछ, "तिमीहरूको मुर्ख्याइँमा मलाई हाँस्न मन लाग्यो। तिमीहरूलाई थाहा छैन मानिसले मलाई हीरा, पन्ना, पुष्पराजजस्ता बहुमूल्य रत्नादिले जडित सुनले शृङ्गार गर्छन्। यसर्थ म तिमीहरूको राजा हुँ।" अन्त्यमा कान्छी औँलाले भन्यो, "कसैलाई पाठ सिकाउनदेखि लिएर दोषीलाई सजाय दिनेसम्म म जहिले पनि अगाडिबाट नेतृत्व गरिरहेको हुन्छु तसर्थ म तिमीहरूको नेता हुँ र तिमीहरूले मलाई पछ्याउनुपर्छ।" यसप्रकार औँलाहरू एकापसमा लडिरहँदा हृदयले बीचमै सबैलाई रोक्यो र भन्यो, "ए मूर्खहरू! तिमीहरू सबै उत्तिकै महत्त्वपूर्ण छौ। यदि तिमीहरूबीचमै एकता र सहमति छैन भने कोही एक मात्रले कुनै पनि कार्य सम्पन्न गर्न सक्तैनौ। साँचो अर्थमा भन्नुपर्दा तिमीहरू पाँच मानवीय मूल्यको प्रतिनिधित्व गर्छौ, जो मानवका पाँच प्राण बराबर छन्।" यस्तो बौद्धिक कुरा सुनेर ती पाँच औँलाहरूलाई आफ्नो अज्ञान महसुस भयो र लाजले नतमस्तक भए। गहिरो अनुसन्धानबाट के पत्ता लाग्छ भने वास्तवमा हृदय नै सर्वश्रेष्ठ छ। शरीर, मस्तिष्क र बुद्धि त केवल औजार मात्र हुन्। तसर्थ, व्यक्तिले हृदय (स्वविवेक) को सल्लाहलाई उसका हरेक कार्यमा मनन गर्नुपर्छ। सबै एकै हुन् र हरेकको उत्तिकै महत्त्व छ भन्ने बुझ। तिमी एक मात्र छौ र एकदमै महत्त्वपूर्ण छौ भन्ने सोचेर अहङ्कारी नबन। आफ्नो अमूल्य समयलाई व्यर्थका विवादमा खर्च नगर। सबै जनासँग मित्रता कायम गर अनि एकता र मिलापका साथ जीवनका कठिनाइहरूको सामना गर।

विद्यार्थीहरू! तिमीहरूले आफ्नो जीवन आदर्शका साथ

बाँच्नुपर्छ। साँच्चै भन्नुपर्दा सबै आदर्शहरू तिम्रो प्रतिभा हो। त्यो किताब पढेर मात्र आर्जन गर्न सकिँदैन। आत्माको सिद्धान्त सबैमा समान छ। यदि कसैले 'साई बाबा को हुनुहुन्छ?' भनी सोधे म त्यसको प्रतिक्रियामा 'म' भन्छु। यदि कसैले उपकुलपति को हो भनी सोधे उसले 'म' भनी भन्छ। यो एक्लो शब्द 'म' ले आत्माको प्रतिनिधित्व गर्दछ। वेदले पनि *एकमेव अद्वितीयं ब्रह्म* (भगवान् दोस्रोविनाको एक हुनुहुन्छ) भनी घोषणा गरेको छ। साँचो अध्यात्म आफ्नो सही अस्तित्वको पहिचानमा लुकेको हुन्छ। तर, तिमी आफ्नो सही अस्तित्व नै पहिचान गर्न असमर्थ छौ किनभने तिमी आफ्नो अस्तित्वलाई शरीरसँग जोडेर हेर्छौ। शरीरसँग जोडिएको पहिचानले अहङ्कारमात्र बढाउँछ। अहङ्कारसँग रहने व्यक्तिले यथार्थलाई बुझ्दैनन्। तिम्रो साथै अरूको उन्नति तब मात्र सुनिश्चित हुन्छ जब तिमीले सबै एक हुन् भन्ने कुरामाथि अटल विश्वास राख्छौ। यस्तो एकताको भाव विकास गर। जबसम्म एकताको बीजारोपण गर्दैनौ तबसम्म दिव्यतासँगको साक्षात्कार प्राप्त गर्न सक्तैनौ। वेदका अनुसार :

*हामीलाई सँगै हिँड्न दिनुहोस्, सँगै*
*अघि बढ्न दिनुहोस्,*
*हामीलाई एकतामा बस्न दिनुहोस्,*
*ज्ञान बाँड्न दिनुहोस्,*
*हामीलाई मित्रता र एकताका बाँच्न*
*दिनुहोस्।*

(तलुगू कविता)

कोही विद्यार्थीहरू आफ्ना किताबसम्म अरूसँग बाँड्न रुचाउँदैनन्। यस्तो आत्मकेन्द्री र सङ्कुचित विचारका मानिसहरूले कसरी खुसी पाउन सक्लान्! तिमीहरू सबै एकतामा उभिनुपर्छ। जहाँ एकता हुन्छ, त्यहाँ परम आनन्द हुन्छ।

प्रेमस्वरूपहरू! यहाँ तिमीले जान्नुपर्ने एउटा मात्र कुरो छ : प्रेम विकास गर। त्यही एउटै प्रेमको सिद्धान्त तिमी, म र सबैमा व्याप्त छ। म सबैमा प्रेम मात्र देख्छु। त्यसैले मेरा लागि सबै एकै हुन्। तिमीले यस्तै प्रेम र समानताको भावना विकास गर्नुपर्छ। सबै एक हुन्, आफू पनि अरूजस्तै बन। आजका दिनमा तिमीले यही सिक्नुपर्नेछ।

प्रेमस्वरूपहरू! धर्म निरपेक्षताको ज्ञानसँगै तिमीले एकत्वको सिद्धान्तलाई बुझ्न मेहनत गर्नुपर्छ। त्यसपछि मात्र तिमीले एकता र सद्भाव प्राप्त गर्न सक्छौ। यो गुलाबको फूललाई उदाहरणका रूपमा लिन सक्छौ। यसले केही सङ्ख्यामा पुष्पदलहरू समेटेको हुन्छ। त्यस्तै तिम्रो हृदयलाई फूल र त्यस भित्रको सद्गुणलाई पुष्पदलसँग दाँज्न सकिन्छ। गुलाबको पुष्पदल

ओइलाएर झर्न सक्छ, तर हृदयरूपी फूल सधैँ ताजा रहन्छ। यसले एकत्वको सिद्धान्तलाई जनाउँछ। मानिसहरू नवग्रहको कृपा पाउनका निमित्त ती ग्रहहरूको प्रार्थना गर्दछन्। तिमीहरूले ती नौ ग्रहबीचको उत्तम सद्भावलाई अवलोकन गरेकै हौला। (भगवान्ले हात हल्लाउँदै नौ प्रकारका रत्नजडित सुनको औँठी निर्माण गर्दै) यहाँ तिमीहरू नवरत्न देख्न सक्छौ। जो कसैले यो औँठी धारण गर्नेछ, ऊ जहाँ गए पनि नवग्रहले उसलाई रक्षा गर्नेछन्।

एकताको विकास गर। साहसी बन र जीवनका भ्रामक अनुहारको सामना गर्नका लागि आवश्यक शक्ति सञ्चय गर। म तिम्रो समय धेरै लिन चाहन्नँ। तिमीले यहाँबाट सिकेका जे जति कुरा छन्, तिनलाई हृदयमा छापिन देऊ। तब मात्र तिमीले शान्ति पाउन सक्छौ र तिम्रो शिक्षा अर्थपूर्ण हुनेछ।

प्रेमस्वरूपहरू! मैले सबैमा मेरो प्रेम र आशिष वर्षा गरेको छु। सधैँ एकजुट भएर परमानन्दमा बस्नू। तिम्रा अभिभावकलाई खुसी राख्नू। यो शरीर तिमीलाई तिम्रा अभिभावकले दिनुभएको हो। तसर्थ सर्वप्रथम यो उपहारका लागि उहाँहरूलाई कृतज्ञता व्यक्त गर। तब मात्र तिमीले जीवनको पूर्णता प्राप्त गर्न सक्छौ। भगवान्ले आफ्नो प्रवचन "प्रेम मुदित मन से कहो" भजन गाएर टुङ्ग्याउनुभयो।

प्रशान्ति निलयम्मा अन्तर्राष्ट्रिय विद्वान् सम्मेलनलाई
दिनुभएको दिव्य सम्भाषण
१७ अगस्ट २००५

# साई धर्म

*जसलाई मुस्लिमले अल्लाह, इसाईले यहोवा,*
*वैष्णवले फुल्लब्जाक्ष र शैवीले शम्भु भन्दै पुज्छन्,*
*जहाँकहीँ हुने सबै प्रार्थनाको उत्तर सबैलाई दिँदै*
*स्वास्थ्य, समृद्धि र सुख प्रदान गर्ने*
*एकै ईश्वर हुन् उनी मानवताको।* (तेलुगू कविता)

भारतवर्षले नै सदियौँदेखि आत्मसन्देशसँगै, समभाव र खुसी सुनिश्चित गर्ने माध्यमहरू सिकायो। यो नै गुरुका रूपमा युगौँदेखि अगाडि उभियो। यसले नै आफ्ना मानिसहरूलाई *लोकाः समस्ताः सुखिनो भवन्तु* (सर्वत्र रहेका सबै मानिसहरू खुसी रहून्) प्रार्थना सिकाएको हो। योगी र द्रष्टाहरूले वैदिक चिन्तनको उपभोग गर्दै जनमानसलाई निर्देशित गरे साथै शुद्ध माताहरूले पछिका पिँढीलाई आध्यात्मिक वातावरणीय प्रयासको थालनी गरे।

मुलुक ऐतिहासिक उथलपुथलको चपेटामा पर्दै जाँदा मानिसहरूमा समेत खिचातानी र उतारचढावले यी आदर्शहरूमा झट्का लाग्यो। अनि त्यसका कारणले अमूर्त आस्थाहरूले ठोस रूप लिँदै पहिचानसहितको निर्दिष्ट नाम र रूपमा ढालिन पुग्यो। हरेक नयाँ वृत्ति र अभिरुचिले नवीन मूर्तरूप धारण गर्दै त्यही विशेष सम्प्रदाय र सिद्धान्त आफैँमा बेरिँदै त्यसको आआफ्नै खोल बन्न पुग्यो।

**भारतवर्षमा नयाँ सम्प्रदाय र विश्वासका तहहरू**

एउटै वैदिक धर्म सबै आस्थाका सम्प्रदाय र मतावलम्बीहरूको अभिभावक बन्न पुग्यो; जस्तो कि गणपथ्य (गणपतिको धारणामा केन्द्रित हुनेहरू), शाक्तेय (ब्रह्माण्डको शक्ति नै दैवी व्यक्तरूप भनी

बुझ्नेहरू), सौरा (आध्यात्मिक उपलब्धिको भरणपोषण र लक्ष्यको स्रोत नै सूर्य हो भनी केन्द्रित हुनेहरू), चार्वाक (खुसी र भौतिक समृद्धिको धारणामा केन्द्रित हुनेहरू) र वीरशैव (सबै प्राणीका आन्तरिक प्रेरक नै शिव हुन् भन्नेहरू)। यीमध्येका हरेक सम्प्रदाय अनि यीबाहेकका अन्यले समेत तिनको आफ्नै कर्मकाण्ड, पूजा पद्धति, आध्यात्मिक उपलब्धिमा प्राथमिकता अनि व्यक्तिका बारेमा आ–आफ्नै सिद्धान्तको खाका, उद्देश्य, संसार र ईश्वरको रूपरेखा तयार पारे।

यी आचार र व्यवहारको उद्देश्य सबै परिस्थितिमा मनलाई शुद्ध पार्ने अनि उच्च नैतिक मूल्यहरूको अभ्यास गर्न जोड दिने नै हो। तर, यसलाई चाँडै बेवास्ता गरियो अनि महत्त्व केवल देखावटीपन र बाहिरी शुद्धतामा मात्र सीमित रहन पुग्यो। व्यक्तिगत उत्थान र शक्तिको तृष्णाले हरेक सम्प्रदाय, विश्वास र धर्मलाई कठोर र निरस बनायो। सबै आस्थाको आन्तरिक स्रोतलाई पत्ता लगाएर त्यही स्रोतले बाहिरी संस्कार र समारोहलाई समेत उर्वर पार्नु नै आजको मुख्य आवश्यकता हो। सानो एउटा शान्त अध्ययनले नै नैतिक उमङ्ग र आध्यात्मिक यात्राको अन्तर्प्रवाहलाई प्रकट गर्नेछ।

**एउटै मात्र जाति छ, मानवताको जाति**

धर्मका लागि सामान्य प्रयोग हुने शब्द मत हो; मनलाई जनाउने शब्द मति हो। दुवैलाई सँगै राख्ता के भन्न सकिन्छ भने मतिलाई सिधा र सुदृढ बनाउन मुख्य रूपमा मतलाई संलग्न गराउनुपर्छ। सबै सम्प्रदाय, विश्वास र धर्मको मुख्य सार, उद्देश्य, लक्ष्य, चुरो नै यही हो। मनलाई उदात्तीकरण गर्नाले नै मानिसको मुक्तिलाई सुनिश्चित गर्छ किनभने व्यक्ति नै समाजको एउटा भाग भएकाले त्यसको चिन्ता र खुसीमा ऊ संलग्न हुन्छ। सिद्धान्त र अभ्यासहरू यही प्रमुख आवश्यकताका वरिपरि समूहबद्ध भएका छन् अनि विभिन्न मत यसैका नतिजा हुन्।

धर्मले पवित्र विचारहरूलाई मानिसको हृदयमा प्रतिस्थापित गर्न खोज्छ तर मानिसले त्यसलाई अङ्कुरित भएर हुर्कन दिँदैन। शक्ति र प्रतिस्पर्धी सफलताका लागि उसको अहङ्कारी सनकले अधिकांश परिवेशहरूमा धर्मलाई यातना र अत्याचारको साधन झैँ मनाउन प्रयोग गर्छन्। साझा प्रयत्नका लागि मानिसहरूलाई एकताबद्ध गर्नुको सट्टा यो त घृणा र कट्टरपनले रक्षित वरिपरिबाट पर्खालले घेरिएको एउटा पद्धति पो भएको छ। त्यसैले प्रत्येक धर्म कुनै एक सैन्य अड्डाजस्तो आत्मोन्नतिमा डुबेको, आफैँलाई

अरूबाट छुटाउन कोसिस गरिरहेको अनि आफैंबाट अस्थिरतालाई रोक्न खोजेजस्तो भएको छ। त्यसैले धर्म नै अस्तव्यस्त र द्वन्द्वको मुख्य कारक भन्दै निन्दा भइरहेको छ। संसारका विभिन्न भागमा र जीवनका अन्य क्षेत्रमा अनेकौं ठूला प्रगति भइरहेका भए पनि धार्मिक वैरभाव भने दन्किरहेको छ।

यस अवस्थाको मुख्य कारक धर्म होइन भन्ने कुरामा जोड दिनु जरुरी छ। गुटबन्दी झैझगडा र कट्टर घृणा स्वतन्त्र रूपमा विचरण गर्न पाउनुको मुख्य कारण अराजक अहंले गर्दा हो। धर्मले यही जटिल प्रवृत्तिलाई नाश गर्न खोज्छ। त्यसैले यसको समर्थन गर्नुपऱ्यो निन्दा गर्ने होइन। असललाई घृणा गर्ने वृत्ति, वा ब्रह्माण्डलाई जीवन्त राख्ने रहस्यमय शक्तिका विषयमा अनर्गल धारणा राख्ने वा सङ्कुचितहरूलाई निन्दा गर्नुपऱ्यो। अज्ञानता र लालचको हिलोमा धार्मिक युद्ध र झैझगडा जन्मियो। जब मानिस सत्यमा अन्धो हुन्छ तब मानव परिवार अविभाज्य एकाइ हुँदाहुँदै पनि अन्धकारमा छामछुम गर्छ र अनौठो स्पर्शबाट डराउँछ। प्रेमको विकासले मात्र मानिस संसारमा एउटै मात्र जाति छ र त्यो नै मानवताको जाति अनि एउटै मात्र धर्म छ त्यो प्रेमको धर्म भन्ने सत्यमा विश्वस्त हुन सक्छ। कुनै पनि धर्मले हिंसालाई समर्थन गर्दैन, प्रेमलाई घृणा गर्दैन। त्यसैले धर्मलाई लथालिङ्ग पार्न खोज्नु गलत हो।

## विविधता देखिनु यथार्थ खाँका होइन

मतदाता खिच्ने दृष्टिकोणले कुनै पनि धर्मको अभियानमा गालिगलौच गर्ने वा बढाई–चढाई प्रचार गर्ने गर्नु पनि उचित होइन। यदि प्रत्येक व्यक्ति घृणा र लोभबाट बेअसर हुँदै आफ्ना धर्मका प्रर्वतकहरूले प्रतिपादन गरेका आदर्शअनुरूप जीवनयापन गर्छन् भने संसार मानिसका लागि अधिक शान्तिपूर्ण र सुखमय हुनेछ।

हिन्दु धर्मले सबै सृष्टिको एकतामा जोड दिए र घोषणा के गरे भने मानिसहरूले अनुभव गर्ने विविधता यथार्थ होइन। शुद्ध मनले मात्र एकताको अनुभव गर्न सक्ने भएकाले धार्मिक गुरुहरूले द्वैत र देवीदेवताहरूको अनेक भेदको वकालत गरे। तीमध्येमा व्यापक भएको आस्था शैवी र वैष्णवीको हो जुन शिव र विष्णुको केन्द्र वरिपरि मात्र घुम्दछ। विविध दृष्टिकोणमा विभाजन गर्ने यो प्रक्रिया सबै मुख्य धर्महरूमा भइसकेको छ।

इस्लाममा सिया र सुन्नीको गुट छ भने इसाईमा क्याथोलिक र प्रोटेस्टेन्टको गुट छ। जतिसुकै गहिरो खाडल भए पनि कुनै पनि गुटले ईश्वरलाई अस्वीकार गर्दैन अनि कुनै

गुटले पनि हिंसा र झुटलाई बढावा दिँदैन। नामहरू फरक होलान्, पक्षहरूमा जोड दिने फरक होलान् तर मितव्ययी सर्वशक्तिमानलाई अर्थ्याउन त परम र शाश्वत नै प्रयोग गरिन्छ। शब्दावली फरक होला तर धारणा फरक छैन। ईश्वरलाई अल्लाह भनिएला, प्रार्थनालाई नमाज भनिएला, पण्डितलाई खाजी भनी चिनिएला, विद्वान्लाई मुल्लाह भनी नमन गरिएला। सबै परिस्थितिमा अन्तर्प्रवाहित स्फूर्तिदायक शक्ति त प्रेम नै हो, सबै प्राणीप्रति सबै प्राणीहरूको प्रेम हो। संस्थापकहरूले सदैव सबै जीवनहरूको एकता र केवल मानवबाट देवत्व स्तरसम्मको प्रगतिशील यात्रालाई दृष्टिमा राखे।

## शङ्कराचार्यको अद्वैत दर्शन

वेदहरूका व्याख्यातामध्येका प्रथम केरला राज्यमा जन्मिएका शङ्कराचार्यले दर्शनशास्त्रको एउटा पाठशाला खोले जसमा आध्यात्मिक अनुशासनको मार्ग पहिल्याउँदै लाभ लिन थालियो। आफ्नो जीवनको छोटो अवधिमा उनले तर्क र अन्तर्ज्ञानको आधारशिलामा ईश्वर एकै हुनुहुन्छ र बाँकी सबै त्यही एक वास्तविकताको आवरण मात्र हो भन्ने सत्यलाई स्थापित गरे। यही नै 'दुई छैन' अर्थात् अद्वैत दर्शन वा आस्था हो जसले व्यक्तिगत प्रकृति र ईश्वरको मेलमिलापलाई पूर्णतः व्याख्या गर्दछ। वैदिक आख्यान – *एकोऽहम् बहुस्याम* (म एकै छु, मलाई धेरै हुन देऊ), *ईश्वरः सर्वभूतानाम्* (सबै जीवमा ईश्वर हुनुहुन्छ), *ईशावास्यमिदं सर्वम्* (यी सबै ईश्वरबाट रक्षित र नियालिएको छ) हरूले यसरी शङ्कराचार्यको विद्वत्तालाई स्पष्ट सत्यका रूपमा प्रकाश पारेको छ।

शङ्कराचार्यले वैदिक ग्रन्थहरूका आधारमा प्रस्तुत गरेको वेदान्त बहुसङ्ख्यक व्यक्तिलाई आन्तरिक चाहना पूरा गर्नका लागि सरल उपायजस्तो देखिन्थ्यो। तिनीहरूमा पूजा गर्ने, आफूलाई उच्च शक्तिमा समर्पण गर्ने तृष्णा थियो। तिनीहरूले आफ्नो आन्तरिक वास्तविकता एकै हो भन्ने सत्यलाई बुझ्न सकेनन्। तिनीहरूका भावना र गतिविधिहरू भक्ति अनुशासनद्वारा उदात्तीकरण हुनुपर्थ्यो। त्यसकारण, रामानुजाचार्यले वैदिक ग्रन्थ र धार्मिक शास्त्रहरूमा नयाँ दृष्टिकोणबाट टिप्पणी गरे। यसले अद्वैतलाई एउटा विशेष दृष्टिकोण बनायो। त्यसैले यसलाई विशिष्ट अद्वैत भनियो। मानिसलाई भगवान्मा लय हुन सक्षम बनाउन नै भक्ति मार्ग पहिल्याइएको हो।

लक्ष्य विलय हो भन्ने थाहा पाएर नै नदीहरू त्यसका लागि लालायित रहन्छन्। समुद्रको पानीलाई

सूर्यले बादलका रूपमा आकाशमा उचालेपछि बादलले वर्षात्का रूपमा पृथ्वीमा वर्षायो फलतः अनेकौँ खोलामार्फत धार वा सहायक नदीका रूपमा त्यो पानी पुनः समुद्रमा फर्कियो। जुन स्रोतबाट आफू निस्कियो त्यसमा विलय हुनु नै अन्तिम लक्ष्य हो। नदीमा आफ्नो स्रोतसँग अत्यधिक प्रेमको उत्कट चाहना छ जसले स्रोतको नजिक नपुगुन्जेल तलतिर झर्छ, जहाँ प्रेमी, प्रेम गरिएको र प्रेम तीन वटै एक प्रदीप्त उमङ्गमा रहन्छन्। प्रेम (सर्वोच्च प्रेम) ईश्वरसँगको मोह हो जसले आफ्नो गुण र गहिराइलाई घटाउन वा हस्तक्षेप गर्न दिँदैन। भक्तले भगवान्लाई प्रेम गर्छ अनि त्यो कुनै घटनागत लाभ वा आशीर्वादका लागि होइन। जसरी कोही बालक ऐनामा आफूले गरेको हाउभाउ र ठट्टाका प्रतिबिम्बहरू देखेर आनन्दित हुन्छ; यो पनि त्यस्तै सहज, दिगो र उदात्त हुन्छ। पूर्ण शरणागतिको हदका लागि कसैको आफ्नै व्यक्तित्वको विनाश निकै इच्छुकहरूभन्दा पनि पर हुन्छ। कुनै व्यक्तिले आफ्नो व्यक्तित्वको सर्वनाशको सीमासम्म पूर्ण आत्मसमर्पण गर्नु पनि अधिकांश साधकभन्दा पर छ। चिनीलाई चिनी आफैँले चाख्न सक्तैन; त्यसको मिठास लिनका लागि तिमी एक कमिला बन्नुपर्छ। माधवाचार्यले मानिसको यही लालसालाई सन्तुष्ट पार्न खोजेका थिए जसले जीव (व्यक्तिगत आत्मा) ब्रह्मबाट सदैव अलग रहन्छ, ब्रह्ममा लय हुन सक्तैन भनी घोषणा गरे। अद्वैतमा बौद्धिक प्रकाशको एक झलकले आत्मा (देवत्व) एउटै रहन्छ र बाँकी सबै भ्रामक आवरण मात्र हुन् भनी प्रकट गर्छ। समुद्रको अभिन्न अङ्ग नदी हो भनी विशिष्ट द्वैत मञ्जुर गर्छ। ईश्वरको अनुकम्पा खिच्नका लागि पूजा र पूजाबाट प्राप्त खुसी पर्याप्त छ भनी द्वैतले इङ्गित गर्छ।

## सबै द्रष्यद्वारा निर्धारित मार्गले उही लक्ष्य पच्छ्याउँछन्

अन्य द्रष्टाहरू पनि थिए जसले उही लक्ष्यका लागि मार्गहरू निर्धारण गरेका थिए। उनीहरूले भनेका थिए –ब्रह्माण्ड ईश्वरको हो; ईश्वरीय धनसारबाट कुनै मानिसले पनि यथोचित भाग लिने चाहना गर्नु हुँदैन। उनीहरू भन्ने गर्थे – वीरता र जागरणको विकासले भक्तिको बिरुवालाई आलस्य, शङ्का र कट्टरतारूपी कीराहरूबाट बचाउन सकिन्छ।

प्रमुख धर्महरूमध्ये एक बौद्ध धर्मका विषयमा भन्छु : मानिसका जीवनमा आइलाग्ने दुःखकष्टहरू देखेर बुद्ध व्याकुल हुनुभयो त्यसैले उहाँले मानिसको मन बुद्धि र आचरणको अनुसन्धान गर्नुभयो र निष्कर्ष पत्ता लगाउनुभयो। उहाँले मनका लहडले

नै मानिसलाई इच्छाको भुमरीमा लैजान्छ; त्यसको कारणसमेत उहाँले पत्ता लगाउँदै पूर्वाग्रहले कहाँसम्म जरा गाड्छ भनी औँल्याउनुभयो। अन्ततः उहाँले धर्म, करुणा र बुद्ध (प्रबुद्ध)मा शरणागत हुन उपदेश दिनुभयो। जैन धर्म महावीरद्वारा अखिल भारतीय आन्दोलनका रूपमा आवेग र बुद्धिको छलबललाई जीना (वीरताका साथ इन्द्रीय विजय) प्रशंसा गर्दै प्रस्तुत गरिएको हो। उहाँले सबैलाई अटल आस्था र उत्साहका साथ आ–आफ्नो स्थिति र व्यवसायअनुरूप कर्तव्य निर्वाह गर्न आह्वान गर्नुभयो। उहाँले सबै चीज र प्राणीहरू आआफ्नै अधिकारमा पवित्र छन्, सबै साक्षात्कारको मार्गका तीर्थयात्री हुन्; ती कसैलाई पुऱ्याइएको कुनै पनि चोट पवित्र यात्रामा हस्तक्षेप हो, त्यसलाई सावधानीपूर्वक बेवास्ता गर्नुपर्छ भनी घोषणा गर्नुभयो।

**सबै आस्थाहरूको सार नै साई धर्म**

जोराष्ट्रद्वारा प्रतिपादन गरिएको पारसी धर्म नै जोराष्ट्रवाद हो। जो मानिसको चेतनामा भएको बुद्धिका आगाले आफ्ना कुविचार र प्रवृत्तिहरूलाई डढाएर खरानी बनाउनुपर्छ भन्नुहुन्थ्यो। सद्गुण र जोशको प्रकाशले सबै विचार, शब्द र कार्यहरूलाई भिजाएर सम्पूर्ण सांसारिक आकाङ्क्षालाई नष्ट गर्दै स्वतन्त्रताको स्वर्गमा मानिसलाई प्रवेश गराउन पवित्र बनाउनुपर्छ। आराधना, ध्यान र निःस्वार्थ सेवाका कार्यहरू ज्ञानोदयको उषाकालका लागि आवश्यक हुन्छन्।

यदि धर्मको नाम शाब्दिक अर्थमा भगवान्सँग मानिसलाई बाध्ने भन्दै स्विकारिन्छ भने साई धर्म ईस्लाम, इसाई र यहुदीहरूजस्ता सबै आस्था र धर्महरूको सार हो। यी सबै विभिन्न आस्थाहरूको गठन र प्रसारको उद्देश्य उही छ। यी सबैका संस्थापक र प्रचारकहरू प्रेम र बुद्धिले भरपुर थिए। तिनको लक्ष्य र उद्देश्य एउटै थियो। विभाजन, गडबड वा नष्ट गर्ने कसैको पनि योजना थिएन। उनीहरूले असल गर्न, असल हेर्न र असल हुन प्रयत्न गरिरहे। उनीहरूले जोश र भावनाहरूलाई वशमा गर्न स्वाभाविक आवेगहरूलाई प्रशिक्षित गर्न खोज्दै व्यक्ति र समाजको हितका लागि लाभपूर्ण ढङ्गमा आफ्ना तर्कले निर्देशित गरे। इच्छा र मोह, अभिलाषा र आकाङ्क्षाको उद्गमस्थल मनलाई सफा पारेर उपयुक्त ढङ्गले उन्मुख गर्नुपर्छ भन्ने उनीहरूलाई थाहा थियो।

**परिवार सामञ्जस्यपूर्ण जीवनको केन्द्र बनोस्**

अन्धविश्वासका भारीका भारी दार्शनिक सिद्धान्तहरूभन्दा अनुशासनको अभ्यास अधिक

आवश्यक छ भन्ने साई मान्दछु। जबसम्म आफूले सिकाएको कुरा आफैँले व्यवहारमा गरेको हुँदैन अरूलाई सल्लाह दिने अधिकार उसमा हुँदैन। तिम्रो आफ्नै घरका सबै सदस्यहरूबीच प्रेमपूर्ण भाव कायम गर ताकि परिवार सामञ्जस्यपूर्ण जीवन, सहानुभतिपूर्ण बुझाइ र आपसी विश्वासको केन्द्र बनोस्।

प्रत्येक जीवमा प्रतिस्थापित आत्मामा सदैव सचेत रहनु नै मानिसको परम कर्तव्य हो। यसले सबैबीचको सम्बन्धमा उसलाई सचेत बनाउँछ। मानिसको भ्रातृत्व र ईश्वरको पितृत्वको आधार यही हो। अहङ्कारको दुर्गुण, लोभको दुष्टता र ईर्ष्याको विषलाई फ्याँक। जब तिमी आफूबाहिरका केही चीजमा खुसी हुन खोज्छौ तब के कुरालाई सम्झ भने त्योभन्दा निकै ठूलो आनन्द तिमीभित्रै तिम्रै आन्तरिक चेतनामा तिमीलाई नै पर्खिरहेको छ। जब तिमी कोहीसँग वा बाहिरका केही चिजसँग डराउँछौ तब डर त आफैँले आफ्ना मनमा सिर्जना गरेको कुरा हो भन्ने बुझ। त्यही डरलाई बढावा दिँदै मलजल गरेकाले त्यसलाई आफैँले अस्वीकार गर्दै जित्न पनि सक्छु भन्ने भाव राख। आध्यात्मिक जिज्ञासुका मार्गमा कसरी भय टिक्न सक्छ र? त्यसले कुनै छायामा लुकाउन सक्तैन; यसले कुनै साधकलाई सताउन सक्तैन जसका हृदयमा ईश्वर हुनुहुन्छ। सर्वशक्तिमान् ईश्वरमा विश्वास नै साधकले भिर्नुपर्ने अभेध्य हतियार हो। आदर्शमा निराश नभई स्थिर होऊ। विचलित नभई सिधा होऊ र विश्वासलाई समातिराख। भगवान्ले नमानेसम्म प्रार्थना गरिरहू; तिमीले चाहनेबित्तिकै उहाँले अनुकम्पा बर्साउनु भएन भनी खिन्न हुँदै नफर्क।

जब कुनै धर्मले आफ्नो प्रभाव बिस्तार गर्न चाहन्छ यसले आफ्नो सर्वोच्चताका लागि अन्य धर्मको उपहासको सहारा लिन्छ। अभ्यास र आस्थाभन्दा तडकभडक र प्रचारप्रसार अधिक महत्त्वपूर्ण बन्छ। तर, प्रत्येक धर्मका सदस्यहरू आफ्नै धर्मको उत्कृष्टतामा आस्था विकास गरी तिनको आफ्नै उत्कट अभ्यासले आफ्नो मान्यतालाई बुझून् भन्ने साई चाहन्छु। त्यही नै साई धर्म हो, जसले सबै धर्मलाई भरणपोषण गर्दै ती सबैको साझा महानतामा जोड दिन्छ। यस धर्मलाई उदारताका साथ आनन्दपूर्वक लिऊ।

प्रशान्ति निलयम्, १, अक्टोबर १९७६

sathyasai.org